

मातृकाक्षररहस्यम्

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक—
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

संस्कृति-विभाग
प्रथम संस्करण २०३०

मूल्य- रू. ४।६९

मुद्रक—
प्रज्ञा-मुद्रण
कमलादी, काठमाडौं ।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

वर्ण-भास्वर अनुभूतिमा नयाँ प्रत्यय जोडिने कल्पनाको प्राचुर्य भएको रचना-सौन्दर्यबाट प्रेरणा ग्रहण गरी वन्ध फुकेको, छन्द मिलेको, प्रशस्तिपूर्ण जीवनलाइ हामीले प्रतिष्ठा दिनुपरेको छ ।

समग्रताको दर्शन र पूर्णताको आनन्द तथा नव-नव सृष्टि-सृजनको आह्लाद अन्तर्निहित गुणको रूपमा समाविष्ट नभएको रचनाले समाजलाइ गति प्रदान गर्न सक्तैन ।

प्रस्तुत विचार-सरणीमा अग्रसर हुँदै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले **श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव** सरकारको अभ्युदयमा नेपाली वाङ्मयलाइ अझ बढी युगानुकूल र समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका प्रदान गर्ने कुरामा म विश्वस्त छु ।

केदारमान व्यथित
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०३० साल, भाद्र ।

मन्तव्य

तन्त्र, मन्त्र, जादू, टुना, भय, आशंका, इच्छा इत्यादि मानव इतिहास जत्तिकै पुराना कुरा हुन् । यिनकै आधारमा पछि तन्त्रशास्त्र लेखियो । कसै-कसैले वैदिक कालदेखि नै यसको सूत्रपात भएको हो भनेका छन् र पौराणिक कालमा त यसका अनेक उल्लेख पाइन्छन् । तर ऐतिहासिक तथ्यलाई लिएर तन्त्रशास्त्र कति पुरानो हो भनी खोज्ने हो भने राज्यमा आइपर्ने विपत्ति टार्न जादू-टुनाको सहायता लिनुपर्छ भनी कौटिल्यले राजालाई सल्लाह दिएको देखिन्छ । फेरि बुद्धका समयमै तन्त्र-मन्त्रको चलन थियो भन्ने अर्का थरी विद्वान्को भनाइ छ तापनि पछि धारणीसम्बन्धी केही ग्रन्थहरू खृष्टाब्दका शुरूतिर चोनिया भाषामा अनुवाद भएको देखिन्छ जसमा कुनै मन्त्र बारंबार उच्चारण गरिरहेमा आश्चर्यजनक फल पाइन्छ अर्थात् मन्त्रको प्रभावले चिताएको पुग्छ भन्ने उल्लेख भएको छ । भारतका गुप्तकालीन अभि-लेखहरूमा पनि कहीं कहीं तन्त्रसम्बन्धी उल्लेख पाइन्छ तर गंगाधरको इस्वी सन् ४२३ को अभि-लेखमा भने पहिलो पल्ट 'तन्त्र' शब्दको प्रयोग भएको देखिन्छ ।

नेपाल पनि तन्त्रशास्त्रको निमित्त उत्तिकै प्रसिद्ध छ । यहाँ प्राचीन कालदेखि नै यसको महत्त्व बढ्दै गएको तथा मध्यकालीन युगमा त यसले एक अत्यन्त महत्त्वपूर्ण भूमिका कायम गरेको देखिन्छ जसको प्रभाव दक्षिण र उत्तर प्रान्तका छिमेकी राज्यहरूमा पनि परेको थियो । नेपालमा पाइने अनेक प्राचीन तथा मूल्यवान् हस्तलिखित ग्रन्थहरू नै यसका प्रमाण हुन् ।

तन्त्रशास्त्रका अनेक विधाहरूमध्ये यो "मातृकाक्षर-रहस्यम्" पनि एक हो । अक्षरलाई नै ब्रह्म मान्ने र मातृकाक्षरबाटै सबै शास्त्र र मन्त्र निस्केको भन्ने सिद्धान्तलाई लिएर तन्त्रमा मातृकाको रहस्य बुझाउन तन्त्रशास्त्रका लब्धप्रतिष्ठित विद्वान्बाट लेखिएको प्रस्तुत पुस्तकलाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको पंचवर्षीय योजनाअन्तर्गत संस्कृति-विभागले प्रकाशित गर्न सकेकोमा हामीलाई गर्व छ र विद्वान् लेखकलाई पनि बधाई छ ।

लैनसिंह बाङ्गदेल
का. मु. उपकुलपति
ने. रा. प्र. प्र. ।

प्रज्ञा-भवन
मितिः– २०३०–७–२७

प्रकाशकीय

तन्त्रशास्त्रले नेपाली संस्कृतिमा प्रभावकारी भूमिका यस अर्थमा निर्वाह गरेको छ । जेले गर्दा शैव संप्रदाय र बौद्ध संप्रदायमा समन्वय कायम भएको छ । यज्ञप्रक्रियालाई त्यजेर अर्चनाका उपचारको यसले महत्त्वपूर्ण स्थान राखेको छ । अर्चनाअघि हुने मन्त्रग्रहणका लागि दीक्षाको विधानले यसको प्रमुखतालाई देखाएको छ । बीजरूपमा देखा पर्ने श्रीं ह्रीं क्लीं हुं फट् आदिको वाच्यार्थ-तामा विशद विवेचना पनि हामीलाई आगमवाट प्राप्त छ । श्रीं लक्ष्मी बीज ह्रीं हुन्छ शक्ति बीज र क्लीं कामबीज किन भनिए यसमा हाम्रो तर्क छैन, शास्त्रले त्यसै भनेकोले त्यही मान्नुपर्छ ।

मन्त्र शब्दरूप रहेको र त्यसैवाट अभीष्टसिद्धि गर्ने र त्यही आफ्नो लक्ष्यमा पुग्ने माध्यम भएको कुरा आगम निगम दुवैको एक सन्धिस्थलमा पुग्दा फेला पर्छ । यस परिप्रेक्ष्यमा पहिले मातृकाक्षरको विवेचना हुनु अति आवश्यक हुन्छ । त्यसरी शब्दको दार्शनिक पृष्ठभूमिमा सारा शास्त्र अवलम्बित हुन्छन् क्रियाको प्रवर्तना वाणीको आधारमा रहेकोले नै ।

"प्रवर्तन्ते क्रियाः सर्वा वाग्भूता वाग्विनिःसृताः" भनेर भनेको हुनुपर्छ । शब्दलाई कसैले आकाशको गुण माने भने कसैले द्रव्य भनेर संसारको सृष्टिको प्रधान तत्त्व माने । कसैले अनित्य उत्पाद-विनाशशील भने भने कसैले नित्य आविर्भाव तिरोभाव मात्र हुने व्यङ्ग्य भने । यहाँ आएर शब्दलाई हामीले विभिन्न रूपमा मान्ने तर्कतर्फ नलागी तन्त्रशास्त्रले अक्षरलाई अक्षर ब्रह्म मान्ने सिद्धान्त प्रतिपादन गरेको तथ्यलाई स्पष्ट पार्नु छ । निगमले पनि वेदबीज ॐ कारलाई स्वीकारेको छ तथा योगले त ईश्वरको वाचक रूपमा प्रणवलाई मानेको छ ।

विन्दु र त्रिकोणलाई शिवशक्तिरूपमा मान्ने धारणाले यन्त्रको विकास भएकै अर्द्धचन्द्र र विन्दुलाई मिलाएर शक्ति र

शिवको सम्बन्धरूप चाहिं मन्त्रले प्रतिपादित गरेको छ । ध्वनि नाद आदि आद्या शक्ति कुण्डलिनीबाट विकसित हुँदै वैखरीमा परिणत हुने प्रक्रिया तल श्लोकसहित व्याख्या गरिने नै छ । संक्षेपमा हामी शब्दब्रह्मबाटै मन्त्रको उत्पत्ति मान्ने पक्षका पोषक छौं ।

रहस्यागमको भनाइअनुसार कालबाट फुटेर विन्दु, स्थूल, सूक्ष्म र पर तीन अवस्थाको बन्छ । त्यही अव्यक्त विन्दु नादबीज-स्वरूप भएर आधिदैविक आधिभौतिक र आध्यात्मिक तीन अवस्थामा रहन्छन् । आधिदैविकमा अव्यक्त ईश्वर हिरण्यगर्भ विराट् स्वरूपले र आधिभौतिकमा कामरूप, पूर्णगिरि, जालन्धर र उड्यान पीठ रूपले रहन्छ । आध्यात्मिक रूपमा परा, पश्यन्ती, मध्यमा र वैखरी रूपले शब्द ब्रह्मस्वरूप हुन्छन् । यी चार अवस्थाका शब्दको स्थानादि-निर्धारण भास्कर रायले राम्ररी गरेका छन् र शारदातिलकमा देशिकेन्द्र लक्ष्मणले पनि गरेको पाइन्छ । वैयाकरणले तीन भेद मानेकोमा तन्त्रले कारणबिन्दुरूप मूलाधारमा स्पन्दन नभई रहेका तीन मातृकाभेददेखि पर भएको परालाई पनि मान्दछ । यसैले मातृकाक्षररहस्यलाई बुझ्नुअघि यसको दार्शनिक भूमिकालाई सम्झनु आवश्यक हुन्छ । शब्दब्रह्मके दार्शनिक सिद्धान्तको आधार-लाई आगमले स्वीकारेर यसो भनेको हुनुपर्छ–

सर्वदेवमयी देवी सर्वमन्त्र-(वर्ण)-मयी शिवा ।
सर्वतत्त्वमयी साक्षात् सूक्ष्मात् सूक्ष्मतरा विभुः ।।
त्रिधामजननी देवी शब्दब्रह्मस्वरूपिणी ।
द्विचत्वारिंशद्वर्णात्मा पञ्चाशद्वर्णरूपिणी ।।
गुणिता सर्वगात्रेषु(ण) कुण्डली परदेवता ।
विश्वात्मना प्रबुद्धा सा सूते मन्त्रमयं जगत् ।। –शा. ति.

अर्थ– सम्पूर्ण जन्तुको मूलाधार चक्रमा कुण्डलिनीरूपले रहेको सर्वदेवमयी, सर्वमन्त्रमयी, सर्वतत्त्वमयी र सूक्ष्मतमा व्यापक रूपकी छन् । सूर्य सोम र अग्नि रूपले या पाताल पृथ्वी र स्वर्ग-

रूपले रहेकी, भूतलिपि मन्त्रमयी र मातृकामयी छन् । सर्वशरीर-व्यापिनी कुण्डली परदेवता विश्वात्मरूपले प्रबुद्ध हुँदा मन्त्रमय जगत्लाई त्तिनी पैदा गर्दछिन् ।

शब्दको उत्पत्तिक्रमलाई लिएर परा पश्यन्ती मध्यमा र वैखरीको प्रक्रियाको आगमनिगमले बिशद व्याख्या गरेको छ । उता वेदले "मन्त्रमय्यो देवता:" भन्दछ भने यता तन्त्रले पनि "सर्वमन्त्रमयी शिवा" भनेर त्यही कुरा गर्दछ । यही प्रसंगमा तन्त्रशास्त्रको भनाइ उद्धरण गर्नु अनुचित नहोला–

सा प्रसूते कुण्डलिनी शब्दब्रह्ममयी विभु: ।
शक्तिं ततो ध्वनिस्तस्मात् नादस्तस्मान्निरोधिका ।।
ततोऽर्द्धेन्दुस्ततो विन्दुस्तस्मादासीत् परा तत: ।
पश्यन्ती मध्यमा वाचि वैखरी शब्दजन्मभू: ।।
इच्छाज्ञानक्रियात्माऽसौ तेजोरूपा गुणात्मिका ।
क्रमेणानेन सृजति कुण्डली वर्णमालिकाम् ।। –शा. ति.

वेदबीज ॐ कारदेखि श्रीँ ह्रीँ क्लीँ आदि मन्त्रबीज हरूको पनि उत्पत्ति हुन्छ । शब्दब्रह्ममयी व्यापिका कुण्डलिनीले नै पहिले शक्ति जन्माउँछिन् । त्यहाँबाट ध्वनि, त्यसपछि नाद, त्यसपछि निरोधिका अर्धचन्द्र र त्यसपछि विन्दुको उत्पत्ति हुन्छ । अर्थात् अनुसन्धान गर्दा यसको भाव के आउँछ भने– सत्त्वप्रविष्ट चिच्छक्ति-वाच्य परमाकाशावस्था (शब्द) नै सत्त्वप्रविष्ट भई रजले अनुविद्ध हुँदाखेरि ध्वनिशब्दवाच्य अक्षरावस्थामा रहन्छ । त्यही तमोनु-विद्धा हुँदासाथ नाद शब्दवाच्य अव्यक्तावस्थामा रहन्छ । त्यही तमको प्राचुर्य्य हुँदा निरोधिका शब्दवाच्य हुन्छ । त्यो सत्त्वप्राचुर्य्य हुँदा अर्द्धेन्दु अर्धचन्द्रकार शब्दवाच्य हुन्छ । यी दुईको संयोगबाट विन्दु शब्दवाच्य बन्छ । यही विन्दु मूलाधारमा छँदा परा, स्वाधि-ष्ठानमा पश्यन्ती, हृदयमा मध्यमा र उर कण्ठ तालु आदिमा ठक्कर खाई आएपछि वैखरीरूपमा परिणत हुन्छ । यही सत्यलाई

परिलक्षित गरेर श्रुतिले भनेको छ–

"चत्वारि वाक् परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः ।। गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्या वदन्ति ।।" अर्थात् चार थरीका वचनहरू मनीषी ब्राह्मणहरू जान्दछन् । तीन थरोको शब्द गुफामा निहित छन् र तिनलाई इङ्गित गर्न सकिन्न । चौथो वैखरीरूपी वाक्लाई मनुष्यहरू बोल्दछन् ।

यसरी कुण्डलीले वर्णमालाको सृष्टि गरेको कुरा हामी आगमशास्त्रमा पाउँछौं । त्यसपछि वर्णभन्दा अभिन्न जुन कला छ, तिनैले रुद्रादिलाई क्रमपूर्वक पैदा गर्दछन् । "अग्निषोमात्मकं जगत्" अर्थात् तातो र चिसोको संमेलनबाटै जगत्को सृष्टि भएको कुरामा आगम निगमको ऐकमत्य पाइन्छ । जस्तै श्रुतिमा रयि र प्राणको उत्पत्तिबारे यसो भनेको छ—

तस्मै स होवाच प्रजाकामो वै प्रजापतिः स तपोऽतप्यत स तपस्तप्त्वा स मिथुनमुत्पादयते । रयिं च प्राणं चेत्येतौ मे बहुधाः प्रजा करिष्यत इति । आदित्यो ह वै प्राणो रयिरेव चन्द्रमा... ... स एष वैश्वानरो विश्वरूप प्राणोऽग्निरुदयते । अहरेव प्राणो रात्रिरेव रयिः ... ... । (प्रश्नोपनिषद्)

कवन्धलाई पिप्पलादले भने– प्रजाको कामना गर्ने प्रजापतिले तपस्या गरेर दुई जोडी उत्पादन गरे । रयि र प्राण यी दुवैले मेरा धेरै प्रजा गर्छन् भन्ठान । प्राण भनेका आदित्य र रयि भनेका चन्द्रमा हुन् । त्यै भोक्ता सर्वात्मा सर्वरूप प्राण पनि अग्नि पनि हो । दिन नै प्राण हो रात्रि नै रयि हो ... ... । यतावाट तातो र चिसोदेखि धेरै जीव जगत्को उत्पत्ति हुने कुराको संकेत मिल्छ । यही कुरालाई तन्त्रमा आएर यसरी प्रतिपादन गर्छ—

सूते तद्वर्णतोऽभिन्ना कला रुद्रादिकान् क्रमात् ।
निरोधिका भवेद्वह्निरर्द्धेन्दुः स्यान्निशाकरः ।।
अर्कः स्यादुभयोर्योगे बिन्द्वात्मा तेजसां निधिः ।

जाता वर्णा यतो बिन्दोः शिवशक्तिमयादतः ।।
अग्निषोमात्मकास्ते स्युः शिवशक्तिमयाद्रवेः ।
येन सम्भवमापन्नाः सोमसूर्याग्निरूपिणः ।। –शा. ति.

निरोधिका अग्निरूपत्व हुँदा शिवस्वरूप अर्द्धचन्द्र सोमरूप हुँदा शक्तिस्वरूप हो । शिवशक्तिरूप सूर्यवाट तेजको खानि विन्दु हुन्छ । जुन विन्दुवाट वर्णहरू भएका हुन् । अग्नि सोमवाट ती भएका र शिवशक्तिमय सूर्यवाट पनि उत्पन्न भएकाले यी वर्णहरू सूर्य सोम अग्निरूप भएका हुन् ।

सुषुम्णारन्ध्रवाट निर्गत वायुले प्रेरित भएर कण्ठादि अवयवमा अभिघात भई वर्णहरू आविर्भाव हुन्छन् । तिनको विशद व्याख्या ग्रन्थवाटै अवगत गर्नु समुचित हुन्छ । मुख्य भन्न खोजेको के भने— सोमसूर्याग्निभेदेन मातृकावर्णसम्भवाः ।

अर्थात् सोम सूर्य र अग्निका भेदले मातृकावर्ण भएका हुन् ।

"मातृकावर्णभेदेभ्यः सर्वे मन्त्रा प्रजज्ञिरे" अर्थात् मातृकावर्णभेदवाट सबै मन्त्र जन्मन्छन् । यसरी मन्त्रमयी देवतालाई अझ स्पष्ट पार्ने हो भने अकारादि सबै अक्षरको ध्यानसम्म पनि तन्त्रले निर्दिष्ट गरेको स्पष्टसँग पाइन्छ । जस्तै—

चामीकरनिभः शूलगदाराजद्भुजाष्टकः ।
चतुरास्योऽतिकायः स्यादकारः कूर्मवाहनः ।।
पाशाङ्कुशकरा श्वेता पद्मसंस्थेभवाहना ।
षष्टचर्धदयोजनमिता स्यादामौतिकभूषणा ।।
... ...
... ...
हार्णः श्वेतस्त्रिबाहुः स्याद् व्याप्तः शीतांशुशेखरः ।
पाशाभयकरा लार्णमूर्ति श्वेता गजस्थिताः ।।
भूबिम्बशैलसंस्थः क्षो दशबाहुमणिप्रभः ।
मूर्तिभेदा यथार्णानां मयात्र प्रतिपादिताः ।।

यहाँ अकारदेखि क्षकारसम्मका ध्यानहरू दिएकोमा नमूनाको लागि आदिका दुई अ, आ को र अन्त्यको ह र क्षको मात्र श्लोक उद्धरण गरिएको छ। अकारको ध्यानमा सुवर्णको जस्तो कान्ति भएको शूल र गदा धारण गरेको आठ हात भएको चार मुख भएको कछुवा चढेको ठूलो शरीर भएको अकारको रूप छ। पाश अंकुश हातमा लिएको सेतो कमलमा रहेको हात्ती वाहन भएको मोतीको गहना लगाएको साढे साठी योजन ठूलो आकार छ।

सेतो, तीन हात भएको फैलिएको चन्द्रशेखर पाश अभय लिएको डरलाग्दो मूर्ति भएको र सेतो हात्तीमा रहेको हकार छन्। पृथ्वीविम्वशैलमा रहने दश हात भएका मणिजस्तो कान्ति भएका क्षकार छन्। अक्षरहरूका मूर्तिभेद जस्ताको तस्तो मैले प्रतिपादन गरिएको छ।

यतावाट मातृकाक्षरको उत्पत्ति, त्यसको दार्शनिक भूमिका र मन्त्र र देवतामा रहने तादात्म्यका साथै अक्षरको ध्यान समेत पनि यहाँ केही अंशमा देखाउने चेष्टा गरियो। मुख्य मन्त्र-शक्ति कसरी सिद्धिदायिनी हुन्छ भन्ने यतावाट बुझनेले आफ्नो शङ्काको समाधान पाइसकेको हुनुपर्छ।

तन्त्रशास्त्रमा अहिले ख्यातिप्राप्त विद्वान् साधक प्रज्ञा-प्रतिष्ठानका मानार्थ सदस्य रथी श्री धनशम्शेर जङ्गवहादुर राणाले यो ग्रन्थ लेखेर 'मातृकाक्षररहस्यम्' को केही उद्घाटन गर्दिनुभएकोमा उहाँलाई हृदयदेखि कृतज्ञताज्ञापन गर्दछु। तन्त्रमा मातृकाको रहस्य जान्न खोज्ने पाठकहरूलाई यसले केही अंशमा उद्वोध गराउन सकेमा हाम्रो परिश्रम सार्थक हुनेछ भन्ने लागेको छ। अस्तु।

चूडानाथ भट्टराय
आयोजक
संस्कृति-विभाग

भूमिका

यस पुस्तकमा अवर्णदेखि क्षवर्णसम्मको ध्यान लेखिएको छ । मैले अघि भक्तपुरमा ब्रिगेडियर हुँदा त्यहाँ एउटा हस्तलिखित चिन्तामणितन्त्र हेर्ने सौभाग्य पाएकोले त्यस तन्त्रको ४५ औं प्रकाश सम्पूर्ण नै सारी मद्रचित 'निगमागम वैज्ञानिक सार' मा प्रकाशित गरेको थिएँ । त्यसमा 'अ' देखि 'क्ष' कारसम्मको ध्यानमा देवताहरूको हातको हतियारहरू पूर्ण नभएको महसूस हुन जाँदा पं. कृष्णप्रसाद भट्टराईज्यूवाट त्यसको खोजी गरी ल्याई दिनुभएकोले सो ध्यान पूर्ण गरी केही पाठभेदसाथ यस पुस्तकमा लेख्ने मौका पाएँ । फेरि श्री १०८ वावा मूर्खारण्यकहाँवाट निज पं. कृष्णप्रसादज्यूले तन्त्रान्तरको ध्यान पनि ल्याई दिनुभएकोले सो पनि यसमा राखेको छु । फेरि कविराज सिद्धिगोपाल वैद्यले यिनै वर्णहरूको आगमान्तरको शक्तिरूपी ध्यान दिनुभएकोले सोसमेत यसमा राखेको छु । यो पुस्तक लेख्दा मलाई पूर्ण सहयोग दिनुभएकोमा पं. कृष्णप्रसाद भट्टराईज्यूलाई हार्दिक धन्यवाद टक्चाउँछु । उहाँको पूर्ण सहयोग नपाएको भए यो पुस्तक अपूर्ण नै रहने थियो । फेरि नानी श्यामप्रताप राणाले यस पुस्तकको प्रतिलिपि गरिदिएकोले उनलाई सप्रेम धन्यवाद दिन्छु । विशेष म के लेखूँ, पुस्तक पढनुभएपछि पाठकवर्गमा यथार्थ विदित हुने नै छ ।

विनीत

२०२९।१२।३।६ धनशम्शेर ज. ब. राणा

प्रस्तावना

संसारमा जति शास्त्रहरू तथा मन्त्रहरू छन् ती सबै मातृकाक्षरवाट नै निस्केका हुन् । साँच्चै भनौं भने यो विश्व नै मातृकाक्षरवाट अघि वनेको हो, हाल अडिरहेको छ र पछि लय हुने पनि छ । अतः वेदले यस विषयमा यसो भनेको छ—

"यथोर्णनाभिः सृजते गृह्णते च ।
तथाक्षरात् सम्भवतीह विश्वम् ।।"

अर्थात्— जस्तै माकुराले जालो आफैंले फिजाई त्यसैमा खेली फेरि पछि त्यो जालो सबै खाएर आफैंमा लीन गराउँछ, त्यस्तै अक्षरवाट यो विश्व वन्दछ । अर्थात् अक्षरवाटै यस विश्वको विकास हुन्छ । त्यस विश्वमै त्यो अक्षर गुन्जिरहेछ । फेरि पछि त्यही अक्षरमा विश्व लय हुनेछ ।

त्यो अक्षर भनेको के हो भने परम्पराभेदले कसैको मतमा "ओमित्येकाक्षरं ब्रह्म" र कसैको मतमा "अ इति ब्रह्म" भन्ने शास्त्रको वचन छ भनेर 'ॐ' लाई कसैले र 'अ' लाई कसैले ब्रह्मरूप भन्दछन् । तर वास्तवमा दुवैमा उस्तो फरक छैन । किनभने 'ॐ' शक्तिसहितको ब्रह्म र 'अ' केवल एकलो ब्रह्म हुन् । यस 'ॐ'

मा प्रकाशरूप 'अ', शक्ति (विमर्श) रूप 'उ' र ती दुवैको विश्रान्ति-धाम 'म्' मिलेको हुन्छ । यसको 'उ' न ह्रस्व हो न दीर्घ हो । यस्तै ठाउँमा मात्रै यो 'उ' को प्रयोग हुन्छ । यसमा विमर्शको अधिवाट उच्चारण गर्दा 'उ+अ+म्' हुन जाँदा "वं" उच्चारण हुन्छ । यो पद शिवजीको मन्त्रमा प्रयोग हुन्छ । यसको रहस्य पछि बीजको वर्णन हुँदा खुल्नेछ । अहिले यहाँ "अ इति ब्रह्म तत्रागतोऽहम्" भन्ने श्रुतिवचनको आधारमा केही कुरा दर्शाइनेछ ।"

'अहं' यसमा पनि जम्मा तीन अक्षर छन् । 'अ+ह+म्' । त्यसमा 'अ' ले अनुत्तरलिपिलाई 'ह' ले अनाहतलाई (अलि स्थूल रूपमा आएको त्यही अनुत्तर लिपिलाई) र 'म्' ले अनुत्तर र अनाहत दुवैको विश्रान्ति हुने स्थललाई बुझाउँछ । किनभने प्रकाश-स्वरूप 'अ' को विमर्शस्वरूप 'ह' मा प्रतिबिम्ब (टक) पर्दा चित्तमा सर्वप्रथम अव्यक्त अहं (म) भावको विन्दुरूपमा उत्पत्ति भयो । यसैलाई 'परा' पनि भन्दछन् । अनि यही परा अक्षररूपमा अंकुराएर क्रमशः पश्यन्ती (अव्यक्त नाद) र मध्यमा (व्यक्त नाद) र वैखरी भएर वर्णरूपमा वाहिर निस्कन्छ । यसरी यही 'अहं' वाट अङ्कुराएर सारासव अक्षरहरू उत्पन्न भएका हुनाले यो अहंलाई (चित्तवृत्तिमा स्फुरण हुने 'म' लाई) नै सबै मातृकाक्षर (वर्ण-मातृका) हरूको वीज मानिएको छ ।

यो 'अहं' शास्त्रप्रतिपाद्य आत्मरूप हो र यही आत्मा स्थूलरूपवाट अर्थात् सगुणरूपवाट सूर्यरूपमा उपास्य छ । किनभने निगमले पनि स्थावर-जंगम सबैको आत्मा सूर्यलाई नै मानेको छ—

"सूर्य आत्मा जगतस्तस्थुषश्च"

यिनै प्रकाशात्मस्वरूप सूर्यको किरणमा जम्मा सात वर्ण अर्थात् रंग छन्—

(१) इन्द्रनील [गोलसजन रंग] ।

(२) नील [गाढा नीलो रंग] ।
(३) खवर्ण [अकाश जस्तो (अस्मानी) रंग] ।
(४) हरित [हरियो रंग] ।
(५) पीत [पहेंलो रंग] ।
(६) स्वर्ण [सुनौला अर्थात् सुन्तला रंग] ।
(७) रक्त [रातो रंग] ।

यिनै सात वर्ण बुझाउने पदका आद्यक्षरहरूको अर्थात् पहिला अक्षरहरूको द्वन्द्वसमास भएर "इनीखहपीस्वराः" भन्ने सात अक्षरको सूत्र बन्यो । यही सूत्रलाई विन्दुसूत्र भन्दछन् ।

फेरि यिनै प्रकाशको वर्ण वा रंग ध्वनितरंगसित मिल्दा सातै रंगको रेखारूप बन्दछन् । नादविन्दुको समष्टिरूप यही हो । यसको मोटाइ एक अंगुलमा धेरै हजार अटाउँछन् । लम्बाइको हकमा रोकावट नभएसम्म जति टाढासम्म पनि पुग्न सक्छ । यी सात तरंगहरूमध्ये क्रमशः इन्द्रनीलदेखि रक्तसम्म मोटाइ हुँदै गएको हुन्छ । अतः रातो रंग सबैभन्दा मोटो र इन्द्रनील सबैभन्दा मसिनो हुन्छ । सवभन्दा मिहीन इन्द्रनील रेखा हुनाले अलिकति मात्र रोकावटवाट पनि रोकिने हुनाले सवभन्दा छोटो र रातो चाहिं सवभन्दा मोटो हुनाले सानोतिनो रोकावटवाट नरोकिने हुँदा सवभन्दा लामो हुन्छ । अतः सूर्यलाई शास्त्रले सप्तवाहन, सप्ततुरग इत्यादि भनेको हो ।

यसरी ध्वनितरंगमा मेल हुँदा संवित्रूपी त्रिकोणद्वारा निम्नलिखित जननयन्त्र वन्न गई ४९ वर्णको प्रादुर्भाव हुन गयो ।

वारुणं कोणमारभ्य सप्तधा विभजेत् समम् ।
एवमीशाग्निकोणाभ्यां जायन्ते तत्र योनयः ।।
नववेदमितास्तत्र विलिखेन्मातृकां क्रमात् ।

क्षकारादिहकारान्तमीशादि वरुणावधि ।।
ततः समुद्धरेन्मन्त्रं जननं तदुदीरितम् ।

जननयन्त्र



यी ४९ वर्णमा "अः" चाहिं "अ" मै मिल्न जाँदा ४८ वर्ण भए । फेरि "क+ष" मिल्दा "क्ष" भन्ने अर्को अक्षर बन्न गयो । फेरि "ड" अनि "ल" दुईको ऐक्य हुँदा तालव्य "ल" भन्ने अर्को अक्षर बन्न जाँदा जम्मा ५० वर्णमातृका खडा भए ।

तीमध्ये "ह" मा नादविन्दु, इन्द्रनील, नील र स्वर्ण-ज्योत्स्नासमेत मिलेर आकाशतत्त्व बनेर छिरविरे रंगको (सेतोमा माथिको ३ रंगको) साना-साना शून्यहरू भएको रंगको "हूँ"–तत्त्व,

"य"– मा त्यस्तै गरी नादविन्दुसहित हरित ज्योत्स्ना मिलेर वायुतत्त्वात्मक हरियो रंगको "यँ" तत्त्व, "र" मा उस्तै गरी रक्त ज्योत्स्ना मिलेर तेजस्तत्त्वात्मक रातो रंगको "रँ" तत्त्व, "व" मा उस्तै गरी खवर्णको ज्योत्स्ना मिलेर जलतत्त्वात्मक नीर रंगको "वँ"– तत्त्व, अनि "ल" मा उस्तै गरी पीत ज्योत्स्ना मिलेर पृथ्वी-तत्त्वात्मक पहेंलो रंगको "लँ" तत्त्व बन्यो ।

यसो भएर बनेका यी ५ तत्त्वहरूद्वारा पञ्चमहाभूत अर्थात् पृथ्वी, जल, तेज, वायु र आकाशको स्पष्टीकरण भयो । यिनै ५० मातृकालाई पूर्वोक्त परातत्त्वले दश भाग लगाई ती पञ्च-महाभूतको आत्मा बनाइदियो । जो जो अक्षर लेखिन्छ सोही सोही तत्त्व भन्ने पाठकवर्गमा बोध परोस् भन्ने प्रार्थना छ । यी दश-दश अक्षरबाट आफ-आपनो तत्त्वात्मक बीजको प्रभावले पञ्चतन्मात्रा बन्न गए अर्थात् "हं"– को प्रभाव आकाशात्मक दश अक्षरमा पर्दा शब्दतन्मात्रा, "यं"–को प्रभाव वाय्वात्मक १० अक्षरमा पर्दा स्पर्श-तन्मात्रा, "रं"–को तैजसात्मक १० अक्षरमा प्रभाव पर्दा रूपतन्मात्रा, "वं"– को जलात्मक १० अक्षरमा प्रभाव पर्दा रसतन्मात्रा, अनि "लं"– को पृथिव्यात्मक १० अक्षरमा प्रभाव पर्दा गन्धतन्मात्रा निस्कन गए । यी अक्षरका तत्त्वविभाजनको विषयमा यस्तो उक्ति छ—

तस्माद्वर्णाश्च पंचाशत् पंचभूतमया यतः ।
तृतीया वर्गगाः कर्णावोलला: पार्थिवा मताः ।।
नास औ वर्गतुर्याश्च वसौ वर्णाः स्मृता अपाम् ।
नेत्रे द्वितीयवर्गार्णा ऐ रक्षाः पावकात्मकाः ।।
वर्गाद्यानन्तऋिष्टीशा अयषा मारुता मताः ।
वर्गान्तिमाः कपोलौ शो हो विन्दुश्चेति नाभसाः ।।
विसर्गस्तु प्रकृत्यात्मा सर्वभूतमयो यतः ।

पृथ्वी	। उ । ऊ । ओ । ग । ज । ड । द । ब । ल । ल । पहेंलो रंग
जल	। ऋ । ॠ । औ । घ । झ । ढ । ध । भ । व । स । अस्मानी रंग
तेज	। इ । ई । ऐ । ख । छ । ठ । थ । फ । र । क्ष । रातो रंग
वायु	। अ । आ । ए । क । च । ट । त । प । य । ष । हरियो रंग
आकाश	। ऌ । ॡ । अं । ङ । ञ । ण । न । म । श । ह । छिरविरे रग

फेरि यिनै पचास अक्षरमध्ये दश दश अक्षरको एक एक तत्त्वस्वरूप पृथिव्यादि पाँच तत्त्वको (पंचभूतको अर्थात् पंचतन्मात्राको) पंचीकरण भएर नै दश महाविद्या र पन्ध्र सिद्धविद्या गरी जम्मा पच्चीस विद्याहरू वन्न जान्छन् । यो कुरा पछि यथास्थान दर्शाइनेछ ।

यसरी यिनै अक्षरका र मन्त्रहरूका समेत मनन वा उच्चारणवाट वनेको तत्त्वको रूपद्वारा अर्थात् रूपकालंकारद्वारा तन्त्रले वर्णन गर्दछ । निगमले (वेदले) भने आदेश वा विचार प्रार्थना भावले गर्दछ । अतः यसवाट रूप सम्झने कुरासम्म निगममा देखियो । उता आगमशास्त्र (तन्त्र) मा भने यस्तो उक्ति छ—

चिन्मयस्याप्रमेयस्य निर्गुणस्याशरीरिणः ।
साधकानां हितार्थाय ब्रह्मणो रूपकल्पना ।।

—श्रीकुलार्णवतन्त्रे

[अर्थात्– "साधकहरूको सिद्धिको लागि चिन्मय अर्थात् केवल चैतन्यस्वरूप र अप्रमेय (रूप नै नभएका) शरीररहित निर्गुण ब्रह्मको (संकेतद्वारा) रूपको कल्पना गरिन्छ ।" यसको मतलव हो सिद्धान्तद्वारा देव-देवीहरूको स्वरूप वा तन्त्रको ज्ञान

साधकहरूको लागि कल्पित मन्त्र यन्त्र र मूर्तिहरू बन्न गए ।]

तन्त्रको निदानशास्त्र धनुर्वेद जस्तै लुप्त भयो भन्ने कसै-कसैको भनाइ छ । तर क्रमज्ञ गुरुहरूद्वारा मन्त्रसंकेत, यन्त्रसंकेत र ध्यानसंकेत अर्थात् मन्त्रको अर्थ र त्यसको निदान, सोही मनन वा उच्चारणबाट निस्केको ध्वनितरंगद्वारा जम्मा भएर साधकको अन्तःकरणमा बनेको आकार वा यन्त्रको निदान, अनि मन्त्रार्थको संकेतानुसार कल्पित मूर्तिको निदान शिष्यहरूले पाइरहेकै हुनुपर्छ । किनभने मैले मेरा पूज्य श्रीगुरुदेवद्वारा क्रमदीक्षान्तर्गत मूलमन्त्रहरूको उपदेशको साथसाथै मन्त्रसंकेत, यन्त्रसंकेत र ध्यानसंकेतको ज्ञान पनि पाउने सौभाग्य पाएको हुँ । तर आफूले पाएको मन्त्रहरूको बाहेक अरूको यथार्थ निदान गर्न असमर्थ छु ता पनि ती अरू मन्त्रहरूका पनि निदान जान्ने साधकहरू होलान् तर एउटै व्यक्तिमा सबैको ज्ञान नभए पनि कसैमा कुनैको र कसैमा कुनैको ज्ञान त अवश्यमेव हुनुपर्दछ भन्ने अनुमान हुन्छ । मंत्रसंकेत र ध्यानसंकेत जतिसुकै ग्रन्थहरूको अध्ययन गरे पनि योग्य सद्गुरुको कृपा नभई जान्न नसकिने हुनाले "संकेतविद्या गुरुवक्त्रगम्या" भन्ने आगमोक्ति बनेर यो निदानशास्त्र अघि पनि गुरुवाक्यमै निहित थियो र हालमा पनि उस्तै छ । केवल सद्गुरुको अभावले अर्थात् सद्गुरुको लुकाइले मात्र यो शास्त्र हराएजस्तो भान पर्न गएको हो भन्ने मेरो अनुमान छ ।

संकेत भन्ने र निदान भन्ने पर्यायवाचक शब्द हुन् अर्थात् दुइटैको अर्थ एउटै हो । यस्तो चिह्न वा इशाराको मतलब यो हो भन्ने बुझाउनु नै निदान हो । ऐहिक र पारलौकिक दुवै भावमा निदानको एकनास सम्बन्ध हुन्छ ।

सर्वप्रथम केही रंग अर्थात् वर्णको बारेमा विचार गरौं ।

कालो रंगले शोक, कष्ट, असाध्य, अँध्यारो र तमोगुण इत्यादिको संकेत गर्छ । रातो रंगले खतरा, जोस, विजय, हर्ष,

सौभाग्य, उष्णता र रजोगुण इत्यादिको, नीलो रंगले र आकाशे रंगले व्याप्तपना र शुद्ध सत्त्वगुण र निराकारको, पहेंलो रंगले ऐश्वर्य. विभव, भोग, स्तंभन, श्री र रजोगुण इत्यादिको, हरियो रंगले निरुपद्रवता, अनिष्टनाश र आरोग्य इत्यादिको, इन्द्रनील रंग (गोल-सजन) ले अन्तर्मुख, मुक्ति र मोक्ष इत्यादिको अनि सुनौला रंगले वैभव, श्री, रवाफ, सौभाग्य र आरोग्य इत्यादिको संकेत हुन्छ। सेतो रंगले कीर्ति, सुख, सत्त्वगुण, शान्ति, प्रकाश, स्वच्छता र सुलह इत्यादिको संकेत हुन्छ। यस्तै एक रंगवाट धेरै कुराको निदान हुने हुनाले प्रयोग हुनाको कारण, चलन वा परम्पराको भेदले र कस्तो ठाउँमा कुन विषयमा यो (रंग) प्रयोग भएको छ सो सबैमा विचार राखेर मात्रै निदान हुन्छ। यो रंगको निदानको चलन संसारभर नै लागू छ। मैले जानेको निदानहरूमध्ये ऐले सम्झे जति यसमा लेख्नेछु। वाँकी रहेको पनि पछि पछि ध्यानसंकेतको वर्णनवाट खुल्दै जानेछ। आधुनिक यन्त्रको शक्तिको प्रमाण दिंदा घोडाको वल भनेजस्तो तन्त्रले हातवाट आत्मवल र कर्मवलको प्रमाण दिएको छ। फेरि विजुलीको तेजको प्रमाण दिंदा मैनवत्तीको प्रकाश भनेजस्तो तन्त्रले शिर वा मुखवाट विवेक, विचार, बुद्धिको प्रमाण दिएको छ। जुन जुन जनावरको मुख हुन्छ उस-उसको निदानानु-सारको बुद्धिरूप शक्ति ठहरिन्छ।

अव यहाँ सम्झेजति केही हतियार, मुद्रा र जीव-जन्तु-हरूको निदान दिने चेष्टा गर्छु।

अक्षमाला (जपमाला)	मोक्ष, मन्त्र, शक्ति, विश्वचक्र, पूर्णक्रिया, प्राण
अग्निज्वाला (आगोको राप)	प्रकाश
अङ्कुश (अंकुशी)	स्तम्भन, आकर्षण
अङ्गुलीयक (औंठी)	रक्षा

अट्टहास (खित्का छोडेर हाँसेको)	परमानन्द
अभयमुद्रा	निडर
अश्व (घोडा)	वेग, शक्ति, तेज, किरण
अष्टदलपद्म (आठपाते कमल)	अष्टसिद्धि, हृत्पुंडरीक
अष्टास्त्र (आठकुने)	अष्टसिद्धि
असि (तरवार)	विजय
अक्षतपुंज (अक्षताको थुप्रो)	सर्वतृप्ति
आदर्श (ऐना, कांस्यदर्पण, ज्वालाह्वाय्कं)	श्री, कान्ति
आभूषण (गहना)	रजोगुण, साम्राज्य
उदुम्वर (डुम्री)	गर्भसन्धान
इक्षुधनुः (उखुको धनु)	मोहन
उल्का (आगोको राँको वा मुस्लो)	निरुपद्रवता, निर्विघ्न
उलूक (भुल्का)	लक्ष्मी
उष्ट्र (ऊँट)	मात्सर्य
ऋक्ष (भालु)	भूचरशक्ति [भुईंमा हिंड्ने शक्ति]
ऋष्टि (दुईतिर धार भएको हतियार)	वामहस्ते [बायाँ हातमा भए] ज्ञान, विजय; दक्षहस्ते [दाहिने हातमा भए] सिद्धि, मारण
कंकण (चुरा, वाला)	शक्ति, सौभाग्य
कज्जल (गाजल)	मोहन
कट्टार (कटारी)	रक्षा
कमण्डलु	पवित्रता, तीर्थ
कमल	पृथ्वी, ब्रह्माण्ड, मन, हृदय, स्थल

करमेखला (हातको लहरको कन्दनी)	अन्तर्लीनकला
कर्ण (कान)	श्रुति, श्रवणशक्ति, नाद
कर्तरी (करौंती)	अभय, विद्वेषण
कदलीफल (केरा)	सगुण
कपालपात्र (खप्परु)	सत्त्वगुण, विवेक, बुद्धि
कर्पूरमल्लिका (कपूरपाती)	शीतलता, सगुण
कलश	श्री
काक (काग)	चञ्चलता, दुर्वृत्त
काषायवस्त्र (गेरुवा वस्त्र)	वैराग्य
कांस्यधातु (काँसो)	आरोग्य, आयु
किंकिणी (घुँघुरा वा चाँप)	नादब्रह्म
कुक्कुट (कुखुरा)	वशीकरणशक्ति
कुक्कुर (कुकुर)	ईमानदारी
कुचभरनता (ज्यादा ठूलो स्तनले नुहेकी)	संहारकला
कुन्त (एक किसिमको हतियार)	वायव्यताप [वायुको वेग]
कुण्डल (कानको गहना)	श्रवणशक्ति
कुम्भ (घडा)	सकलैश्वर्य [सबै किसिमको ऐश्वर्य]
कुशमुष्टि (कुशको मूठा)	वैराग्य
कूर्म्म (कछुवा)	आधारशक्ति
कृष्णवस्त्र (कालो वस्त्र)	तमोगुण, निद्रा, आलस्य, अविद्या, मृत्यु
केयूर (बाजु)	बाहुवल
केशपाश (चुल्ठो)	प्रपञ्च

खञ्जरीट (खञ्जन वा वाहुनेचरी)	पुष्टिवर्द्धन, स्वाभीष्टफलप्रद, सगुणरूप
खड्ग	वामहस्ते [बायाँमा भए] ज्ञान, दक्षहस्ते [दायाँमा भए] सिद्धि, मारण
खण्डचन्द्रमुकुट (अपूरो चन्द्र-कलाको मुकुट)	अमृत, नाद, विमर्श
खट्वाङ्ग	तापत्रयनाशकता
खर्वा (पुड्की)	कुण्डलिनीरूप
खेटक (एक प्रकारको हतियार)	विद्वेषण
गदा	स्तम्भन, वीरत्व, वैराग्य, ब्रह्मज्ञान
गरुड	खेचर [उड्ने] शक्ति
गौ (गाई)	पृथ्वी, लोकलोकान्तर
गंगा	पवित्र
गन्धक	रज, औषधि
ग्रैवेयक (घाँटीको कण्ठा)	विशुद्धिचक्र, आकाशतत्त्व, राजसी चिह्न
घण्टा	अनाहतनाद, नादब्रह्म
घृतपात्र (घोउको भाँडो)	आरोग्य
चक्र	रक्षा, संसारचक्र
चमर	रजोगुण, राजचिह्न, पञ्चप्राण
चषक (कचौरा)	पोषक, पोषण
चषकस्थ मद्य (कचौराको रक्सी)	तृप्ति, तमक, मोह
चन्दनचतुष्क (श्रीखण्ड, केसर, कपूर, कस्तूरी मिलेको चन्दन)	उष्णता, आरोग्य

चैत्य (चीबहाल)	चित्त
छत्र (छाता)	राजचिह्न, रजोगुण, व्यापकता
छुरिका (कर्द)	दुःखनिवारण
छाग (बोका)	काम
जिह्वा (जिभ्रो)	रजोगुण, षड्रस, स्वाद, वाचाल-शक्ति
ज्ञानमुद्रा	ज्ञान
ज्योति	प्रकाश
ज्योतिर्मण्डल (ज्योतिको मण्डल)	परब्रह्म
ज्योतिःशिखा	प्रकाश
ज्वालामाला	प्रकाश, श्री
ढक्का (डम्फू)	आहतनाद
डिण्डिम (डिवडिबे) डमरु	नाद
टंक (वन्चरो)	प्रतिध्वनि, अक्षर, सर्वनाद, आग्नेयताप [तातो राप]
तर्जनी (चोर औंला ठड्याएको)	सावधानी
तमालपत्र (भीमसेनपाती)	द्वित्वनाश
ताम्बूल (पान)	रजोगुण, सर्वतत्त्वात्मकत्व
ताम्र (तामा)	रजोगुण, उष्णता
तीक्ष्ण वाण (तीखो वाण)	पापमोचकता
तुङ्गकुच (उठेको स्तन)	पोषकता, पालन, स्थितिकला
तुलसीपत्र	सत्त्वगुण, शीतलता
तुला (तराजु)	विवेक
तैलपात्र (तेलको भाँडा)	मारण
तोमर	प्रपञ्चरूप
त्रिदण्ड	त्रिविधपापनाशकता

त्रिनेत्र	विन्दुत्रय [सूर्येन्द्वग्नित्रय], प्रकाश
त्रिशूल	त्रिविधोत्पातनाशकता
दण्ड	शासन, राजचिह्न
दधिपात्र (दहीको भाँडा)	सगुन, कल्याणरूप
दध्यक्षत (दही अक्षता)	सौभाग्य
दन्त (दाँत)	सत्त्वगुण
दन्तपंक्ति (मिलेको दाँत)	प्रपञ्चात्मक सत्त्वगुण
दमनपुष्प (दमनाको फूल)	सर्वार्थसिद्धि
दर्वी (डाडू पन्यू)	तृप्ति, पोषण
दंष्ट्रा (डरलाग्दो दाँत, दाह्रा)	केवल सत्त्वगुण
दाडिम फल (दारिम)	सौभाग्य
दाडिमपुष्प (दारिमको फूल)	रजोगुण, सौभाग्य
दिग्वस्त्र (नाङ्गो)	मायातीत
दीर्घा (अग्ली)	मृणालतन्तुरूपिणी
दूर्वा (दूबो)	आरोग्य
द्वीपी (चितुवा)	योगशक्ति
दुग्धपात्र (दूधको भाँडा)	पोषण
धूपमुष्टि (धूपको मूठा)	पंचप्राणरूप
धान्यराशि (धानको थुप्रो)	सुभिक्ष [सहकाल]
ध्वजा (झण्डा)	राजचिह्न, राष्ट्र, रजोगुण
नदी	वैराग्य, ब्रह्मज्ञान
नर (मानिस)	मद, चैतन्य, शक्ति
नागपाश	विषमारकता
नागभूषण (नागको गहना)	शीतलीकरण, परमौषधि
नीरमणि	तमोगुण, सर्वव्यापक
नीलकमल	ज्ञान, मोक्ष, निर्वाणपद, तापन

नीलवस्त्र (नीलो वस्त्र)	तमोगुण, सत्त्वगुण, व्याप्तपना
नूपुर (पाउजेब)	नृपत्व
नेत्र (आँखा)	संसार, दृष्टि, ईक्षण [देख्ने] शक्ति, विन्दु
पर्वत	आधारशक्ति, प्रचुरता
पट्टिका (पट्टी)	मृणालतन्तु
पट्टिश	लज्जा
पारद (पारो)	रस, परमौषधी, खेचरशक्ति, विन्दु
पारिजात पुष्प (पारिजातको फूल)	शीतोष्ण, सुख-दुःख, समता
पलांस	भग्नसन्धानकृच्छक्ति [भाँचिएको चीज जोड्ने शक्ति]
पाश	वशीकरण, वन्धन
परिघ (फलामको मुंग्रो)	शत्रुघातक तत्त्व
पट्टवस्त्र	विभव, स्तम्भन
पुष्पमाला	लक्ष्मी, ऐश्वर्य
पुष्पराग मणि	दयारूप
पुष्पवाण	जृम्भण, आलस्य
पुस्तक	विद्या, ज्ञान
पूर्णचन्द्रमुकुट	अमृत, विन्दु, प्रकाश
पाषाण (पत्थर)	कठोरता, कष्ट
फेटक (ढाल)	रक्षा
बन्धूक पुष्प	ग्रहबाधानाशक
बालावस्था	सृष्टिकला
भिन्दिपाल (एक किसिमको हतियार)	विद्वेषण [फाटो पार्ने काम]

भुशुण्डी (घुएँत्रो)	विकर्षणशक्ति
मकर (ग्राह)	जलचरशक्ति
मत्स्य (माछा)	सगुन
मन्दस्मित (मस्केर हाँसेको)	रजोगुण, आनन्द
मधुपर्क	आरोग्य
मयूर (मुजूर)	चैतन्य
मयूरपिच्छ (मुजूरको प्वाँख)	चैतन्यरूप, सर्वजीवसाक्षी
मरकत (पन्ना)	निरुपद्रवता, सौभाग्य
महिष (राँगो)	काल, लयशक्ति, क्रोध
मार्जार (विरालो)	लोभ
मातुलुङ्ग (विमिरोफल)	भोग, ऐश्वर्य, विभव
माणिक्य (माणिक)	रजोगुण, प्रकाश
मांसखण्ड (मासुको टुक्रा)	शिवरूप, कल्याणदायकत्व
माषभक्त (मासको खिचडी)	ग्रहशान्ति
मुकुट	राजचिह्न, साम्राज्य
मुण्ड (टाउको)	बुद्धि, विवेक, ज्ञान
मुण्डमाला	विवेकसहितको बुद्धि, चवन्न अक्षररूप
मुक्तकेश (छाक्रो फिजाएको)	निर्विकार
मुक्ता (मोती)	सत्त्वगुण, शीतलता
मुद्गर (मुंग्रो)	ज्ञान, वैराग्य
मुसल	प्रपञ्च
मृग	मन
मेष (भेडा)	मोह
यज्ञसूत्र वा यज्ञोपवीत (जनै)	धर्म, पवित्रता
यमदण्ड	मृत्यु, काल, संहारकला
यष्टि (लट्ठी)	आधार

युवावस्था	स्थितिकला, अनुग्रहकला र अन्तर्लीन कला
यवाङ्कुर (जमरा)	सहकाल
योगपट्ट (चप्रास)	योगरूप
रक्तकमल	पृथ्वी, ब्रह्माण्ड, श्री, शोषण
रक्त करवीरपुष्प	पौरुषेय, मोहन
रक्त वस्त्र	रजोगुण, सौभाग्य, खतरा
रक्त चन्दन	उष्णता, आरोग्य
रजतधातु (चाँदी)	आत्मा, शीतलता, सत्त्वगुण
रजस्वलावस्था	अनुग्रहकला, विश्वसोम
रथ	परिवर्तनशील
रुद्राक्ष	पापनाशकता
रोदनावस्था (रोएको अवस्था)	तमोगुण, क्षुत् [भोक], तृष्णा, तृषा
लौह (फलाम)	मारण, तमोगुण
वक (बकुला)	राजलक्ष्मी, सात्त्विक तत्त्व
वज्र (एक किसिमको हतियार)	ऐन्द्रपात, विद्युत्प्रभा
वज्रमणि (हीरा)	सत्त्वगुण, रबाफ
वनमाला	वैराग्य
वज्रपुष्प (पहेंलो चारपाते कल्पित फूल)	मूलाधार
वरदमुद्रा	अभीष्टसिद्धि
वराह (बनेल)	आधारशक्ति
वंशधनुः (बाँसको धनु)	ज्ञान, वैराग्य
वानर	कुण्डलिनीशक्ति, साहस, उत्साह इत्यादि
विद्रुम (मुगा)	मंगल, शुभ, रक्षा

विल्वफल (बेल)	सौभाग्य
विशाल नेत्र (ठूलो आँखा)	सर्वद्रष्टा, दिव्य दृष्टि
वीणा	निनाद, आहतनाद, गायन
वैदूर्य (लसुनी)	षड्रस, वहुरूपता
वृक्ष (रूख)	रक्षा, आरामी
वृद्धावस्था (बुढेसकाल)	अन्तर्लीनकला, संहारकला
वृषभ (साँढे)	धर्म
वेणु (बाँसुरी)	आकर्षण, मोहन, निनाद
व्याघ्र (वाघ)	अष्टाङ्गयोग
शक्ति (एक किसिमको हतियार)	शक्ति [ताकत], बल [बर्कत]
शङ्ख	प्रतिध्वनि, अनाहतनाद
शतघ्नी (तोप)	महानाद, अन्तर्लीनकला
शरवी (ठोक्रो)	शरण
शव (मुर्दा)	अचर, जड, चेतनारहित ब्रह्म
शस्यमंजरी (धानको वाला)	पोषण
शिला (ढुङ्गा)	कठोरता, कष्ट
शिरीष	विषनाशकता
शिवा (स्याल)	धी, शक्ति, बुद्धि
शुक (सुगा)	वाचालशक्ति
शुक्ती (सिपी)	जलतत्त्व
शुष्क देह (दुब्लो शरीर)	तृष्णा
शूर्प (नाङ्लो)	अलक्ष्मीनाश
शूल (भाला)	वायव्यताप [हावाको वेग]
श्मशान	शून्याकाश, तेजपुञ्ज, केवल प्रकाश
श्रीखण्डचन्दन	शीतलता, आरोग्य

श्वेत कपालपात्र (सेतो खप्परु)	सत्त्वगुण, ज्ञान
श्वेतकपालपात्रस्थ मद्य (सेतो खप्परुमा रहेको मदिरा)	ज्ञान, जीवन
श्वेतकमल (सेतो कमल)	ब्रह्मरन्ध्र, बुद्धि, विद्या, संदीपन
श्वेत करवीरपुष्प	कामनापूर्ति
षडस्र (छकुने)	षड्रस, सारस्वत
संमार्जनी (कुचो)	अलक्ष्मीनाश
सरस्वती नदी	ज्ञान
सहकार (आँपको फूल वा मुजुरा)	मादन
सिन्धु (सिन्धु नदी)	तृषानाशक
संपुट (सिह्नःमू अर्थात् सिंदूरदान)	लक्ष्मी, सौभाग्य
सिंह	ज्ञान, राजचिह्न
सिंहासन	राष्ट्र, साम्राज्य, नायकत्व
सुवर्ण धातु (सुन)	राजचिह्न, जीवत्व, सर्वशक्ति
स्तम्भ (थाम)	स्थिरता, आधारशक्ति
स्रुव (सूरो)	तृप्ति, यश
सूत्र (जनै)	धर्म, पवित्रता
स्थूल शरीर (ठूलो शरीर)	सर्वव्यापकता
हरित वस्त्र (हरियो वस्त्र)	निरुपद्रवता
हंस (हाँस)	जीव
हंसक (कल्ली)	नृपत्व
हस्त (हात)	आत्मा, कर्म
हस्ती (हात्ती)	आधारशक्ति, विभव, राजचिह्न, मन
हास्यमुद्रा (दाँत देखाएर हाँसेको)	सत्त्वगुण, आनन्द

अब अरू विशेष म के लेखूँ । यो पुस्तक पढनुभएपछि पाठकवर्गमा सबै विदित हुने नै छ । यो मातृकाक्षरको रहस्य वहुतै गहन छ । आफ-आफ्नो गुरुपरम्परानुसारको रहस्यको भेद आफू आफूमै निहित हुन्छ । यस्ता अनेकौं भेद छन् । म त केवल आफ्नै परम्परानुसारको भेद मात्र जान्ने भएको हुनाले सोहीवमोजिमको व्याख्या गरिरहेको छु । संस्कृतका ध्यानहरूको वारेमा प्राचीन हस्तलिखित पुस्तकवाट सारेको हुनाले व्याकरणको विरुद्ध प्रयोगहरू पनि कतै-कतै देखिन्छन् तर त्यसमा भरसक अलि अलि सुद्ध्याएको छु, पूरा नै सुद्ध्याउनलाई आर्ष प्रयोग हो वा सार्नेको भूल हो त्यसमा संशय पर्न जाँदा सुद्ध्याउन नसकेकोमा क्षमाप्रार्थी छु । मेरो यस पुस्तकमा कुनै त्रुटि भए पाठक वर्गमा क्षमायाचना गर्दछु । किं बहुना ?

भवदीय

धनशम्शेर ज. ब. राणा

विषय-सूची

प्रथम पटल	१
द्वितीय पटल	३९
तृतीय पटल	७५
चतुर्थ पटल	९९
पञ्चम पटल	१२३

अथ प्रथम पटल

'अहं' अर्थात् 'म' भन्ने भाव नै महामन्त्र हो भन्ने माथि वर्णन भएकै छ ।

जस्तो कि:—

"अहमेव महामन्त्रः अहमेव अहंभावः ।" भाव भनेको नै मनको धर्म हो र मुखवाट वर्णन हुन सक्तैन । शास्त्रले यसबारे यसो भन्दछ ।

१) भावयति करोति रसान् पचाद्यच्; 'विकारो मानसो भावः' इत्यमरः

२) भावयति पचाद्यच् 'भावोऽभिप्रायवस्तुनोः' इति हैमः ।

३) भावयति पचाद्यच् । भवनंवा 'श्रिणिभवाऽनुपसर्गे ।।' इति घञ् । भावः 'सत्तास्वभावचेष्टात्मजन्मसु ।
क्रियालीलापदार्थेषु बुधजन्तुविभूतिषु । रत्यादौ च ।'

शास्त्रले यस किसिमले वताए पनि मतलव त यहाँ मुख्य मनको भाव भन्नेमा नै देखा पर्छ ।

फेरि यो 'भाव' स्पष्ट सम्झाउनको लागि आगमोक्ति यस्तो छ—

'भावेन चुम्विता कान्ता भावेन दुहिताननम्'

अर्थात् भावले नै स्वास्नीको चुम्वन हुन्छ, फेरि भावले नै छोरीको चुम्बन हुन्छ ।

यही उक्तिको आधारमा हाम्रा देवालयहरूमा रतासन राखेर तोरण वनाइएका छन् । यस विषयमा यस पुस्तकको अन्तिम पटलमा वर्णन हुनेछ ।

यो संसार नै तीन विन्दुको आधारले चलिरहेको छ । जुन अवस्थामा मिश्र विन्दुको स्पष्टीकरण हुन्छ, अर्थात् जुन अवस्थामा सूर्य देखिन्छन् त्यस अवस्थामा रक्त विन्दु र श्वेत विन्दुहरू सत्ताविहीन हुन्छन् अर्थात् दिनमा अग्नि र चन्द्रको प्रकाश देखिदैन । उस्तै मिश्र विन्दुको लोप भएको अवस्थामा अर्थात् रातमा रक्त विन्दु र शुक्ल विन्दुको स्पष्टीकरण हुन्छ । अर्थात् अग्नि र चन्द्र प्रकाश हुन्छन् र मिश्र विन्दु सत्ताविहीन हुन्छ ।

शास्त्रले सूर्यलाई 'आत्मा' र चन्द्रलाई 'मन' भनेको हुनाले दिनमा मानिसको मनको भावमा सूर्यको प्रभाव पर्न जान्छ । अर्थात् सूर्यको किरणको प्रभाव जम्न जान्छ । रातमा भने मानिसको मनको भाव युगानुकूल कलियुगात्मक तमोगुणी हुन्छ ।

अर्को विचारणोय कुरा यो छ कि सूर्योदयदेखि सूर्यास्त-सम्ममा पुर्वोक्त विन्दु सूत्र 'इनीखहपीस्वराः' भन्ने सात वर्णहरू आ-आफ्नो मोटाइको हिसावको कालसम्म प्रातःकालदेखि मध्याह्न कालसम्म सुल्टो र त्यसदेखि सायंकालसम्म उल्टो गरी सातौटैको प्रभाव परे पनि एउटा रङ्गको किरणको विशेष प्रभाव पर्न जान्छ । अर्थात् 'इनीखहपीस्वराः' को इन्द्रनील सबैभन्दा मिहीन एवं क्रमैले रक्त सबैभन्दा मोटो हुनाले २८ घडीको दिनमान भए इन्द्रनील १ घडी, नीलकिरण २ घडी, खकिरण ३ घडी, हरितकिरण ४ घडीका हुन्छन् । यसपछि वाँकी फिर्छ र 'इनीखहपीस्वराः' उल्टो गरी रक्त किरण ७ घडी स्वर्णकिरण ६ घडी र पीतकिरण ५ घडीका हुन्छन् । यस कारण समय-समयमा एकेकको अरूको भन्दा

विशेष प्रभाव हुन्छ ।

अब अहिले 'अहं' को भावको विषयमा वर्णन गरिन्छ ।

प्रातःकालमा (इन्द्रनील किरणदेखि हरितसम्म) 'अहं' को भाव सत्त्वगुणात्मक हुन्छ र अलि अलि गरी रजोगुणतिर झुक्दै जान्छ । त्यस अवस्थामा जो मातृकाक्षरहरू वन्दछन् ती पनि सोही भावका हुन्छन् । सो भावलाई रूपकालंकारमा ढालेर यस प्रकारको रूपको वर्णन गरिन्छ ।

पञ्चाशल्लिपिभिर्विमुक्तमुखदोजन्मध्यवक्षस्थलीं
भास्वन्मौलिनिवद्धचन्द्रशकलामापीनतुङ्गस्तनीम् ।
मुद्रामक्षगुणं सुधाढ्यकलशं विद्यां च हस्ताम्बुजै—
र्विभ्राणां विशदप्रभां त्रिनयनां वाग्देवतामाश्रये ।।

यस ध्यानबाट कमलमाथि बसेकी, सेतो वर्ण भएकी, स्तन उठेकी, तीन आँखा भएकी, माथमा चन्द्रमा पहिरेकी, चार बाहुमा ज्ञानमुद्रा, अक्षमाला, अमृतपूर्ण भएको कलश र पुस्तक धारण गरेकी, वाग्देवताको मूर्ति झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । स्तन उठेकी भन्नाले स्तनबाटै बालक हुर्कने पोसिने हुनाले विश्वलाई नै पालन पोषण गर्ने विश्वंभरा भन्ने बुझियो । तीन आँखा भएकी भन्नाले सूर्य, चन्द्र र अग्नि तीन बिन्द्वात्मक रूप अहंकार भन्ने बुझियो । माथमा चन्द्रमा पहिरेकी भन्नाले चन्द्रमालाई शास्त्रले अमृतरूप भनेको हुनाले अमृतरूप भन्ने बुझियो । यति तीन कुराबाट ब्रह्मरूपको संकेत भयो, अनि चार बाहुबाट चार आत्माको संकेत भयो । त्यसमा ज्ञानमुद्राबाट ज्ञानरूप, अक्षमालाबाट महामन्त्ररूप, अमृत भरिएको कलशबाट कलशले श्री र अमृतले तृप्ति बुझाउँदा दुवैको संमिश्रणबाट सन्तोषरूप र पुस्तकबाट विद्यारूप भन्ने बुझिन्छ ।

सेतो वर्णवाट शुद्ध सत्त्वगुण भन्ने झल्कन्छ र कमलमा बसेकी भन्नाले हृदयकमलमा बसेकी भन्ने बुझियो ।

सारांशमा सबैको अहंकार नै तीन विन्दुरूप परब्रह्म नै हो । फेरि ज्ञान, मन्त्र सन्तोष र विद्या मनको भावमा झल्कँदा र सेतो वर्णवाट सत्त्वगुण देखा पर्दा प्रातःकालमा प्रायः सबैको भावमा सात्त्विक वृत्ति आउँछ । त्यस वृत्तिलाई रूपकालंकार गरेर यस्तो ध्यानको कल्पना भएको हो र मातृकान्यास गर्दा पनि सृष्टिमातृ-कान्यासमा यही ध्यान हुन्छ ।

मध्याह्नकालदेखि अपराह्नकालसम्म (रक्त किरण र स्वर्ण किरण) सोही अहंको भाव पूर्ण रजोगुणात्मक भै अलि अलि गरी तमोगुणतिर झुक्दै जान्छ र त्यस अवस्थामा जो मातृकाक्षरहरू बन्दछन् ती सोही भावका हुन्छन् । सो भावलाई रूपकालंकारमा ढालेर यस प्रकारको वर्णन गरिन्छ ।

सिन्दूरकान्तिममिताभरणं त्रिनेत्रम्
विद्याक्षसूत्रमृगपोतवरान् दधानम् ।
पार्श्वे स्थितां भगवतीमपि कांचनाभां
ध्यायेत् कराब्जधृतपुस्तकवर्णमालाम् ।।

यस ध्यानवाट सिन्दूर जस्तो वर्ण भएका, तीन आँखा चार वाहु भएका, चार वाहुमा पुस्तक अक्षमाला, मृग र वरमुद्रा धारणा गरेका, फेरि पार्श्वमा सुनौला वर्ण भएकी पुस्तक र वर्णमाला दुई वाहुमा धारण गरेकी भगवतीसमेतको दुई मूर्ति झल्कन्छन् ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । तीन आँखाले माथि वताएझैं तीन विन्द्वात्मक अहंकाररूप बुझिन्छ । चार वाहुवाट चार आत्मा र पुस्तकवाट विद्या, अक्षमालावाट मन्त्र, मृगको वच्चावाट मनको चाञ्चल्य र वरमुद्रावाट अभीष्ट-सिद्धि

अर्थात् चिताएको कुरा पुग्ने भन्ने बुझिन्छ । सिन्दूर जस्तो वर्णले सौभाग्य र रजोगुण झल्काउँछ । फेरि अर्को मूर्तिमा भगवती भन्ने पदवाट षडैश्वर्यवती अर्थात् छ प्रकारको ऐश्वर्यले युक्त भएकी भन्ने बुझिनाले ब्रह्मसूचक भयो । उनका दुई वाहुले शिवशक्त्यात्मक शीतोष्णरूप बुझाउँछ । यहाँ पुस्तकवाट ज्ञानरूप वर्णमालावाट शक्तिरूपको सूचना हुन्छ । सुनौला वर्णले आरोग्यरूप दर्शाउँछ ।

यसमा दुई रूप झल्काउनाको कारण के हो भने सबैको मनको वृत्ति मध्याह्नकालमा दुई प्रकारको हुन्छ । मानिसको ध्यान एक प्रकार आफूले गर्न लागेको काममा र अर्को प्रकार त्यसको भविष्यको नतोजामा हुन्छ । तसर्थ यहाँ पहिला ध्यानमा विद्या, मन्त्र, मनको चाञ्चल्य र अभीष्ट सिद्धि झल्कन आउँछ । यसवाट मानिसको भविष्यफलतिरको मनको भाव झल्काउँछ । फेरि अर्को रूपमा आरोग्यले युक्त ज्ञान र शक्ति झल्काउँदा आफ्नो वर्तमान कामको वोध र त्यसको शक्तिसमेत झल्किएको हो । यसउसले मध्याह्नकालमा प्रायः सवको भावमा राजसी वृत्ति आउँछ । त्यस वृत्तिलाई रूपकालंकार गरेर यस्तो ध्यान कल्पना भएको हो र मातृकान्यास गर्दा पनि स्थितिमातृकान्यासमा यही ध्यान हुन्छ ।

सायंकालदेखि निशाकालसम्म रजोगुणमिश्रित तमोगुणात्मक भावदेखि पूर्ण तमोगुणात्मक भावको हुन्छ । त्यस अवस्थामा जो मातृकाक्षरहरू वन्दछन् ती सोही भावका हुन्छन् । सो भावलाई रूपकालंकारमा ढालेर यस प्रकारको वर्णन गरिन्छ ।

अक्षस्रजं हरिणपोतमुदग्रटंकं
विद्यां करैरविरतं दधतीं त्रिनेत्राम् ।
अर्द्धेन्दुमौलिभरणामरविन्दसंस्थां
वर्णेश्वरीं प्रणमत स्तनभारनम्राम् ।।

यस ध्यानवाट कमलमाथि वसेकी, माथमा अर्ध चन्द्र

पहिरेकी, तीन नेत्र भएकी, ठूला स्तनले नुहेकी, चार वाहुमा अक्षमाला, मृगको वच्चा, वन्चरो र पुस्तक धारण गरेकी, वर्णेश्वरी भन्ने ऋल्कन्छ । यहाँ यिनको वर्णको विषयमा केही नवताएको हुनाले साधारण मानिसको वर्ण सम्झनुपर्‍यो । तसर्थ त्यसवाट युगानुसारको भाव भन्ने संकेत हुन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ— माथमा अर्ध चन्द्र पहिरेकी भन्नाले अमृतरूपिणी भन्ने बुझियो, तीन नेत्र भएकी भन्नाले सूर्य, चन्द्र र अग्नि तीन बिन्द्वात्मक रूप अहंकार भन्ने बुझियो । ठूला स्तनले नुहेकी भन्नाले जगत्लाई पाल्ने विश्वंभरा भन्ने बुझियो । चार बाहुले चार आत्मा भन्ने र अक्षमालावाट मन्त्ररूप, मृगको बच्चावाट मनको चाञ्चल्य, बन्चराबाट आग्नेयताप (तातो राप), पुस्तकबाट समझ भन्ने बुझियो । वर्णेश्वरी भन्नाले अक्षर-रूपिणी भन्ने ऋल्कन्छ र कमलमा बसेकी भन्नाले हृदयकमलमा बसेकी भन्ने बुझियो ।

यसमा मानिसको भाव कामबाट लस्त भएर थाकेको र रात्रिमा विशेष गरी तमोगुणभाव ऋल्कने हुनाले बन्चराबाट आग्नेय ताप ऋल्कायो । अरू माथिको राजसी ध्यान जस्तै देखिनाले र वर्ण साधारण मानिसको झैं हुने हुनाले पहिले पीत किरण भएसम्म रजोगुणमिश्रित तमोगुणात्मक भाव र त्यसपछि पूर्ण तमोगुणात्मक भाव देखिन्छ ।

'अहं' भाव जो हो सो नै परा नाडी हो भन्ने कुराको प्रस्तावनामा व्याख्या भैसकेको छ । अब पृथ्वीमा सूर्यको किरणको प्रभाव पर्दा वीजहरू अङ्कुराएझैं महामन्त्र 'अहं' मा 'अ' रूपी ब्रह्मरूप प्रकाशको पूर्वोक्त सात वर्णका किरणको प्रभाव पर्दा सात किरण र स्वयं प्रकाश समेत संयुक्त हुँदा 'अ, क, च, ट, त, प, य, श' यति पश्यन्तीरूपमा आठ वर्ग अंकुराए । अव यसमा यी वर्गहरूको बारे मध्य शुद्ध प्रकाशको रूप "अ" स्वयं नै भयो । अव इन्द्रनील-

किरणको प्रकाश 'हं' मा पर्न जाँदा 'क' अङ्कुरायो । उस्तै नील किरणबाट 'च', खकिरणबाट 'ट', हरितकिरणबाट 'त' पीत-किरणबाट 'प' स्वर्णकिरणवाट 'य' अनि रक्तकिरणवाट 'श' को प्रादुर्भाव भयो । यिनको रूपकालंकारबाट अष्टमातृकाको रूप प्रकट हुन गयो । तो यस प्रकारका हुन्छन् ।

(१) 'अ' वर्ग ब्रह्माणीको रूपः—

ध्यायेद् ब्राह्मीं पलाशस्थां हंसारूढां चतुर्भुजाम् ।
अक्षमालावराभीतिकमण्डलुकरारुणाम् ।।

यस ध्यानवाट पलाँसमाथि वसेकी, हाँसमाथि चढेकी, चार वाहुमा अक्षमाला, वर, अभय र कमण्डलु धारण गरेकी, अरुण वर्ण (रातो वर्ण) भएकी, ब्राह्मी (ब्रह्माणी) को मूर्ति ठ्हल्कन्छ । यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । हाँसमाथि चढेकी भन्नाले जीवरूप, चार वाहुवाट चार आत्मा, अक्षमाला भन्नाले स्वरवर्णहरू, वरवाट अभीष्ट-सिद्धि अर्थात् चिताएको कुरा पुग्ने र अभयवाट निस्फिक्रीपना भन्ने बुझिनाले स्वरवर्णले अरू वर्णलाई आधार दिने र अरूको आधारविना स्वयं नै उच्चारण हुन सक्ने भन्ने बुझियो । कमण्डलुवाट पवित्रता, पलाँसमाथि वसेकोवाट भग्नसन्धानकृच्छक्ति अर्थात् भाँचिएको जोर्ने शक्ति भन्ने बुझियो । अरुण वर्ण (रातो वर्ण) वाट दिनको सृष्टि हुने अवस्थामा अरुणोदय हुने हुनाले अरुणवर्णबाट वर्ण (अक्षर) को सृष्टिरूप भन्ने बुझिन्छ ।

(२) 'क' वर्ग माहेश्वरीको रूपः— ।

वृषारूढां भालचन्द्रां त्रिनेत्रां शशिसन्निभाम्
दधतीं शूलडमरू महाहिवलयां भजे ।।

यस ध्यानबाट साँढेमाथि चढेकी, माथमा चन्द्रमा पहिरेकी, तीन आँखा भएकी, चन्द्रमा ऊँ सेतो वर्ण भएकी, दुई हात भएकी, शूल र डमरु हातमा लिएकी, नागको वाला लाएकी, माहेश्वरीको मूर्ति ऊल्कन्छ। यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ—माथमा चन्द्रमा पहिरेकीबाट अमृतरूपिणी, तीन नेत्रबाट तीन विन्दुस्वरूपिणी, चन्द्रमा ऊँ सेतो वर्णबाट शान्तिरूपिणी, दुई वाहुबाट आत्मस्वरूपिणी, शूल हातमा लिएवाट वायव्य ताप अर्थात् हावाको वेगरूपिणी, डमरुवाट नाद (आवाज) भन्ने र साँढेमा चढेकीवाट धर्मस्वरूपिणी भन्ने बुझियो।

(३) 'च' वर्ग कौमारीको रूपः—

शक्त्यक्षस्रग्वराभीतिकरां वन्धूकसन्निभाम्।
मयूरध्वजिनीं रक्तवस्त्रामौदुम्वरस्थिताम्।
हरित्कञ्चुकिकां रम्यां नानालङ्कारभूषिताम्॥

यस ध्यानवाट वन्धूकपुष्प जस्तो लाल वर्ण भएकी, शक्ति, अक्षमाला, वर र अभय चार हातमा धारण गरेकी, मयूरमाथि चढेकी, रातो वस्त्र पहिरेकी, उदुम्वरमाथि वसेकी, हरियो अलख भएकी, अनेक गहना-गुरिया पहिरेकी, राम्रो अनुहार भएकी, कौमारीको मूर्ति ऊल्कन्छ। यसको सांकेतिकार्थ यस प्रकार छ—वन्धूकपुष्प ऊँ लाल वर्ण भन्नाले रजोगुणात्मिका र ग्रह नाश गर्ने शक्ति भन्ने बुझियो। चार हात भएवाट चार आत्मा, शक्तिवाट वल, अक्षमालावाट प्राण, वरवाट अभीष्टसिद्धि, अभयवाट निडर भन्ने बुझियो। मयूरमाथि चढेकी भन्नाले चैतन्यरूपिणी, रातो वस्त्र पहिरेकीवाट सौभाग्यदायिनी, हरियो अलख भएकीवाट निरुपद्रवता-स्वरूपिणी र अनेक गहना-गुरिया पहिरेकीवाट विश्वराज्ञी अर्थात्

जगत्को मालिक्नी प्रकृतिरूपिणी भन्ने बुझिन्छ। उदुम्बरमाथि बसेकी भन्नाले उदुम्बर गर्भसन्धानकारक हुनाले सोही रूपिणी भन्ने बुझियो।

(४) 'ट' वर्ग 'वैष्णवी' को रूपः—

शङ्खचक्रगदापद्मधरां पीताम्बरावृतां।
दूर्वाश्यामास्यकमलां पीनोन्नतपयोधराम् ।।
तार्क्ष्यस्कन्धगतां त्र्यक्षां शिरीषोपरिसंस्थिताम्।
स्वर्णरत्नादिसंभूषां स्मितां श्रीवैष्णवीं भजे ।।

यस ध्यानवाट गरुडमाथि चढेकी, पहेंलो पोशाक पहिरेकी, दूवो झैं श्याम वर्ण अर्थात् हरियो वर्ण भएकी, ठूलो स्तन भएकी, तीन नेत्र भएकी, चार वाहुमा शङ्ख, चक्र, गदा, पद्म धारण गरेकी, शिरीषको पुष्पमाथि वसेकी, सुवर्ण रत्नादि गहना पहिरेकी, मस्किएर हाँसिरहेकी वैष्णवीको मूर्ति झल्कन्छ। यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। गरुडमाथि चढेकी भन्नाले खेचरशक्ति (उड्ने शक्ति) स्वरूपिणी, पहेंलो पोशाक पहिरेको भन्नाले भोगदायिनी (भुक्ति दिने), दूवो झैं श्याम वर्ण भएवाट अनिष्टनाशिनी, ठूलो स्तन भएकोवाट विश्वंभरा, तीन नेत्र भएकीवाट तीन विन्द्वात्मक अहंकाररूपिणी, चार वाहुवाट चार आत्मा, शङ्खवाट प्रतिध्वनि, चक्रवाट रक्षा, गदावाट वीरत्व, पद्मवाट विभव भन्ने बुझिन्छ। शिरीषमाथि बसेवाट विषनाशकतत्त्वरूपिणी भन्ने, सुवर्णरत्नादि गहना पहिरेकोवाट विश्वराज्ञो प्रकृतिरूपिणी भन्ने र मस्केर हाँसेकीवाट परमानन्दरूपिणी भन्ने बुझियो।

(५) 'त' वर्ग 'वाराही' को रूपः—

ततो ध्यायेद् घनश्यामां त्रिनेत्रामुन्नतस्तनीम्।
कोलास्यां चन्द्रभालां च दंष्ट्रोद्धृतवसुन्धराम् ।।

खड्गाङ्कुशौ दक्षिणयोर्वामयोश्चर्मपाशकौ ।
अश्वारूढां भीषणास्यां नानालङ्कारभूषिताम् ।।

यस ध्यानवाट घनश्याम वर्ण भएकी, तीन आँखा भएकी, उठेको स्तन भएकी, वँदेलको मुख भएकी, दाह्राले पृथिवी वोकेकी, माथमा चन्द्रमा पहिरेकी, चार वाहु भएकी, दाहिने दुई वाहुमा खड्ग र अंकुश, बायाँ दुईमा ढाल र पाश धारण गरेकी, घोडामाथि चढेकी, डरलाग्दो अनुहार भएकी, अनेक प्रकारको गहना पहिरेकी वाराहीको मूर्ति रहेकन्छ । यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ– घनश्याम वर्णवाट सर्वव्यापिनी, तीन आँखा भएकीवाट तीन विन्द्वात्मक अहंकाररूपिणी, उठेको स्तन भएकीवाट विश्वंभरा, बँदेलको मुख र दाह्राले पृथ्वी वोकेकीवाट आधारशक्ति भन्ने बुझिन्छ । माथमा चन्द्रमा पहिरेकीवाट अमृतरूपिणी, चार वाहु भएकीवाट चार आत्मा, दाहिने वाहुको खड्गवाट सिद्धि, दाहिने हातको अंकुशवाट आकर्षणशक्ति भन्ने बुझिन्छ । वायाँ हातको ढालवाट रक्षा र वायाँ हातको पाशवाट वशीकरण भन्ने बुझिन्छ । घोडामाथि चढेकीवाट वेगशक्ति, डरलाग्दो अनुहार भएकीवाट ब्रह्मरूपिणी, अनेक प्रकारको गहना पहिरेकीवाट विश्वराज्ञी अर्थात् जगत्की मालिक्नीको रूप भन्ने बुझियो ।

(६) 'प' वर्ग 'इन्द्राणीको रूप:—

माहेन्द्रीं च त्रिनयनां ध्यायेद्रत्नादिभूषिताम् ।
वज्रपाशवराभीतिहस्तां श्यामाम्वरावृताम् ।
चतुर्दन्तगजाकल्पच्छायासंस्थां हिरण्यभाम् ।।

यस ध्यानवाट तीन आँखा भएकी, सुवर्ण जस्तो वर्ण भएकी, श्यामवर्णको पोशाक पहिरेकी, रत्नहरू धारण गरेकी,

चार वाहुमा वज्र, पाश, वरदमुद्रा र अभयमुद्रा धारण गरेकी, चार वटा दाह्रा भएको हात्तीमाथि वसेकी र कल्पवृक्षको छायामुनि वसेकी माहेन्द्री अर्थात् इन्द्राणीको मूर्ति झल्कन्छ । यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । तीन आँखा भएकोवाट तीनविन्द्वात्मक अहंकाररूपिणी, सुवर्ण जस्तो वर्णवाट रवाफिली, श्यामवर्णको पोशाकले तमोगुण र रत्नादिले रजोगुण दर्शाउने हुनाले यी दुवैको संमिश्रणवाट तमोगुणात्मक रजोगुणात्मिका भन्ने बुझिन्छ । चार वाहुवाट चार आत्मा र वज्रवाट विद्युत्प्रभा, पाशवाट वशीकरण, वरमुद्रावाट अभीष्टसिद्धि दिने, अभयमुद्रावाट निडर गराउने शक्ति भन्ने बुझिन्छ । चार वटा दाह्रा भएको हात्तीमाथि वसेकीवाट चारै प्रकारको राजलक्षण (साम, दान, दण्ड, भेद) ले युक्त भएकी, कल्पवृक्षको छायाँमुनि वसेकीवाट चिताएको कुरा पुऱ्याउन सक्ने भन्ने बुझियो ।

(७) 'य' वर्ग 'चामुण्डा' को रूपः—

नीलोत्पलदलश्यामा चतुर्वाहुसमन्विता ।
खट्वाङ्गं चन्द्रहासं च विभ्रती दक्षिणे करे ।।
वामे चर्म च पाशं च ऊर्ध्वतो भावतः पुनः ।
दधती मुण्डमालां च व्याघ्रचर्मवराम्वरा ।।
कृशाङ्गी दीर्घदंष्ट्रा च अतिदीर्घाऽतिभीषणा ।
लोलजिह्वा निम्नरक्तनयनाकारभीषणा ।
कवन्धवाहनासीना विस्तारिश्रवणानना ।।

यस ध्यानवाट नीलकमल जस्तो श्यामवर्ण भएको, चार वाहुमध्ये दाहिने दुई हातमा खट्वाङ्ग र चन्द्रहास खड्ग, अनि वायाँ दुई हातमा ढाल र पाश धारण गरेकी, मुण्डमाला लाएकी, वाघको छाला पहिरेकी, दुब्ली र अति टङ्गरी (अग्ली), लामा लामा

दाह्रा भएकी, डरलाग्दो अनुहार भएकी, लामा लामा कान भएकी र मुर्कट्टामाथि चढेकी चामुण्डाको मूर्ति ऋल्कन्छ । यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। नीलकमल जस्तो श्यामवर्ण भएकीवाट सर्वव्यापिनी, चार वाहु भएवाट चार आत्मा, दाहिने दुई वाहुमा रहेको खट्वाङ्गवाट तापत्रयनाशिनी र चन्द्रहासखड्गवाट विजय, अनि वायाँ दुई हातमा रहेको ढालवाट रक्षा र पाशवाट वशीकरण शक्ति भन्ने बुझिन्छ। मुण्डमाला लाएकीवाट विवेक सहितको बुद्धिरूपिणी भन्ने, वाघको छाला पहिरेकीवाट अष्टाङ्गयोग-रूपिणी, दुब्लीवाट तृष्णारूपिणी, अति टिङ्गरी (अग्ली) वाट मृणालतन्तुरूपिणी, लामा लामा कान भएवाट दिव्यश्रुतिस्वरूपिणी र मुर्कट्टामाथि चढेकीवाट जडरूप ब्रह्ममाथि चैतन्यरूप भै वसेकी भन्ने बुझियो ।

(८) 'श' वर्ग महालक्ष्मीरूपः—

सुवर्णवर्णदीप्ताङ्गी त्रिनेत्रा सिंहवाहिनी ।
ईषत्प्रहसिता देवी नीलोत्पलदलेक्षणा ।।
भुजषोडशसम्पन्ना सर्वालङ्कारभूषिता ।
खड्गं घण्टां शरं सूत्रमङ्कुशं शूलपद्मकम् ।
दधाना दक्षिणैर्हस्तैरनाथेभ्यो वरप्रदा ।
तथा वामैर्हस्तपद्मैः फेटकं डिण्डिमं धनुः ।।
कमण्डलुं नागपाशं कपालं पुस्तकाभयम् ।
जाज्वल्यमाना तेजोभिरतीवाह्लादकारिणी ।।

यस ध्यानवाट सुनौला वर्णले ऋल्किएकी, तीन आँखा भएकी, सिंहमाथि वसेकी, मुसुक्क हाँसेकी, नीलकमलको दल जस्तो आँखा भएकी, सोह्र वाहु भएकी, सबै प्रकारको गहना पहिरेकी, दाहिने आठ वाहुमा खड्ग, घण्टा, वाण, जनै, अंकुश, शूल, कमल

र वरद मुद्रा धारण गरेकी, फेरि वायाँ आठ वाहुमा ढाल, डमरु, धनु, कमण्डलु, नागपाश, कपालपात्र पुस्तक र अभयमुद्रा धारण गरेकी, धपधप वलेको तेजले वडो आह्लाद गराउने भएकी महालक्ष्मीको मूर्ति झल्कन्छ । यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । सुनौला वर्णले झल्किएकीवाट वहुतै रवाफिली भन्ने, तीन आँखा भएकी भन्नाले तीन विन्द्वात्मक अहंकाररूपिणी भन्ने, सिंहमाथि वसेकीवाट ज्ञानस्वरूपिणी, मुसुक्क हाँसेकीवाट आनन्द-रूपिणी, नीलकमलको दल जस्तो आँखा भएकी भन्नाले दिव्या-दृष्टिस्वरूपिणी, सोह्र वाहु भएकी भन्नाले सोह्र कलाले युक्त भएकी, सबै प्रकारको गहना पहिरेकी भन्नाले रजोगुणात्मिका, दाहिने आठ वाहुमा रहेको खड्गले विजय, घण्टाले अनाहत नाद, वाणले पापमोचकता, जनैले धर्म, अंकुशले आकर्षणशक्ति, शूलले वायव्यवेग (हावाको वेग), कमलले वैभव, वरदमुद्राले अभीष्ट दिने र वायाँ हातमा रहेका ढालवाट रक्षा, डमरुवाट नाद, धनुवाट वैराग्य, कमण्डलुवाट पवित्रता, नागपाशवाट विषनाशक तत्त्व, कपालपात्रवाट सात्त्विक तत्त्व, पुस्तकवाट विद्या, अभयमुद्रावाट निडर गराउने शक्ति भएकी भन्ने र आफ्नो कान्तिले सबैलाई आह्लाद गराउने भन्ने बुझियो ।

माथि वताइएका ध्यानहरू हेर्दा एउटै वस्तुको कुनै ध्यानमा कुनै अर्थ र कुनैमा कुनै अर्थ देखिएवाट पाठकवर्गमा शंका उत्पन्न हुनु सम्भव छ । तर त्यसमा मन्त्रको अर्थवमोजिम ध्यानको अर्थ हुने हुनाले यसको रहस्य गुरुवाट मात्र बुझिने हुनाले त्यसको मतलव स्पष्ट लेख्न नसकेकोमा क्षमाप्रार्थी छु ।

यी पूर्वोक्त अष्टमातृकाहरूको मन्त्रभेदवाट अनेक ध्यानभेद हुन्छन् । यहाँ मैले केवल एक एक भेद मात्र बताएको हुँ । तर सबैको निर्गुणार्थको भाव एउटै हुन्छ । यी आठ वर्गको पश्यन्ती नाडीमा पुग्दाको भाव रूप भयो । अव त्यसमा शब्दरूप

झल्काउनलाई (भीषणो रवो यस्य सः भैरवः अर्थात् भयानक आवाज जसको हुन्छ त्यो भैरव हो) भैरवहरूको प्रयोग भएपछि फेरि ती आठ वर्गहरू माथि गएर अंकुराउने प्रवन्ध हुन्छ।

(१) 'अ' वर्ग ब्रह्माणीको भैरव 'असिताङ्ग'को रूपः—

असिताङ्गं भैरवं च कृष्णाभं कृष्णवर्चसम् ।
करालवदनं घोरं ललज्जिह्वाग्रभीषणम् ।।
मुकुटेन विचित्रेण कर्णौ कुण्डलमण्डितौ ।
रत्नमालाशिरोदेशे पट्टिका दीप्तिवर्चसा ।।
मुक्ताफलकृता माला कण्ठस्था च विराजते ।
वृहद्वक्षस्थलाम्भोजं नागयज्ञोपवीतिनम् ।।
चित्रनागैः कटिं वद्ध्वा क्षुद्रघण्टिकमेखलाम् ।
द्वादशैश्च भुजैर्युक्तं नानालङ्कारमण्डितम् ।।
त्रिशूलं कर्तृकां खड्गं नागपाशं तथाङ्कुशम् ।
दक्षिणे च करे तस्य दिव्यायुधप्रदीपितम् ।।
खट्वाङ्गं काट्यफेटं च घण्टां शक्तिं च मुद्गरम् ।
सिंहारूढं महारौद्रं गर्जन्तं भैरवेश्वरम् ।।
ध्यायेदिति शेषः ।

यस ध्यानबाट कालो वर्ण भएका, डरलाग्दा, मुखबाट जिभ्रो वाहिर झिकेर चलाइ-रहेका, विचित्रको मुकुट लाएका, कानमा कुण्डल लाएका, मोतीको कण्ठा लाएका, नागको जनै र कम्मरपेटी लाएका, छिर्बिरे नाग कटिमा वाँधेका, सानो-सानो घण्टाको मेखला पहिरेका, अनेक गहना गुडिया पहिरेका, वाह्र हात भएका, दाहिने छ हातमा त्रिशूल, कर्तृका, खड्ग, नागपाश, अंकुश, दिव्यायुध (वज्र) लिएका र वायाँ छ हातमा खट्वाङ्ग, काट्य (कपाल पात्र), फेट (ढाल), शक्ति, मुद्गर (मुङ्ग्रो)

धारण गरेका सिंहमा चढेर गर्जिरहेका असिताङ्ग भैरवको मूर्ति झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । सबै किसिमका रंगहरूको कालोमा लय हुने हुनाले सबै प्रकारका अक्षरको स्वर वर्णकै आधारले उच्चारण हुने तर स्वर वर्णको आफ्नो रूप लोप भएर अर्कै रूप लिने हुनाले यहाँ कालो वर्णवाट स्वरवर्णको नाद भन्ने बुझिन्छ । डरलाग्दो रूप भन्नाले ब्रह्मको प्रतिपादन हुन्छ । मुखवाट जिभ्रो वाहिर झिकेर चलाइ-रहेको भन्नाले रजोगुणलाई प्रोत्साहन दिएको बुझिन्छ । विचित्रको मुकुट भन्नाले मुकुट राज-चिह्न हुनाले चक्रवर्ती राजा भन्ने बुझिनाले सबै जोवको मालिक भन्ने बुझिन्छ । कानमा कुण्डल लाएवाट दिव्यश्रुतिरूप, मोतीको कण्ठा लाएवाट शीतल रूप, नागको जनै र कम्मरपेटी लाएवाट सबै प्रकारको विषनाशक तत्त्वरूप, सानो सानो घण्टाको मेखला पहिरेवाट स्वरवर्ण प्रकाशक नादरूप भन्ने बुझिन्छ । अनेक गहना-गुडिया पहिरेकोवाट जगद्व्यापक विभु भन्ने र वाह्र हात भन्नाले विन्दु सूत्रको १२ स्वर ("स रि ग म प ध नी" यो ७ तीव्र स्वरमा ५ लघुस्वर मिल्दा १२ हुन आउँछ) भन्ने बुझिन्छ । दाहिने छ हातमा रहेको त्रिशूलवाट त्रिविधोत्पात्तकनाशकता (कायिक, वाचिक र मानसिक पाप नाश गर्ने) रूप भन्ने, कर्तृका भन्नाले अभय रूप, खड्ग भन्नाले सिद्धिरूप, नागपाश भन्नाले निर्विषीकरण-तत्त्वरूप, अंकुश भन्नाले आकर्षक रूप, दिव्यायुध (वज्र) भन्नाले विद्युत्प्रभारूप भन्ने बुझिन्छ । वायाँ छ हातमा रहेका खट्वाङ्गले त्रिविधोत्पातनाशक (तीन किसिमको उत्पात नाश गर्ने) रूप भन्ने काट्य (कपालपात्र) भन्नाले ज्ञान–रूप, खेट (ढाल)वाट रक्षारूप, घण्टावाट निनादरूप, शक्तिवाट तागतरूप, मुद्गर (मुङ्ग्रो)वाट वैराग्य भन्ने बुझिन्छ, सिंहमा चढेर गर्जिरहेवाट नादब्रह्मरूप भन्ने बुझिन्छ ।

(२) 'क' वर्ग माहेश्वरीको भैरव 'रुरुभैरव'को रूप:–

रुरुनाथं महाभीमं ताम्राभं ताम्रवर्चसम् ।
किरीटरत्नखचितं वज्रकुण्डलमण्डितम् ।।
हारकेयूरशोभाढ्यं महामणिविभूषितम् ।
भुजाष्टकसमोपेतं नानालङ्कारमण्डितम् ।।
त्रिशूलं डमरुं पाशं नागराजं च दक्षिणे ।
मुद्रां वीणां तथा सूत्रं मुशलं वाममाश्रितम् ।।
रुद्रमालाविचित्राढ्यमापादान्तरलम्बकः ।
गर्जमानं महाभीमं श्वानारूढं महाबलम् ।।
ध्यायेदिति शेषः ।

यस ध्यानवाट तामा जस्तो लाल वर्ण भएका, हीराको कुण्डल, रत्नहरू, महामणि र अनेक गहनाहरू पहिरेका, आठ वाहु भएका, दाहिने चार वाहुमा त्रिशूल, डमरु, पाश, नागराज र बायाँ चार वाहुमा ज्ञानमुद्रा, वीणा, जनै, मुसल धारण गरेका, पाउसम्म पुग्ने गरी रुद्राक्षको माला पहिरेका, वडा डरलाग्दा, अति बलिया, कुकुरमाथि चढेर गर्जिरहेका 'रुरु' भैरवको मूर्ति ठ्लकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । तामा जस्तो लाल वर्ण भएवाट रजोगुणात्मक रूप, हीराको कुण्डल पहिरेवाट सत्त्वगुणात्मिका माहेश्वरीको सत्ताद्वारा श्रवणशक्ति प्राप्त गर्ने भन्ने बुझियो । अनेक रत्न र गहनाहरू पहिरेवाट सर्वव्यापी विभु भन्ने बुझियो । महामणि पहिरेवाट ब्रह्माण्डस्वरूप हिरण्यगर्भ भन्ने बुझियो । आठ वाहुवाट चार आत्माको हेतु-परहेतु मतवाट द्वित्व भएकोले चार आत्मा नै बुझिन्छ । त्रिशूलवाट त्रिविधपापनाशक, डमरुवाट प्रतिध्वनि, पाशवाट वशीकरणत्व र नागराजवाट निर्विषीकरणत्व भन्ने र ज्ञानमुद्रावाट ज्ञानरूप, वीणावाट निनादरूप,

जनैवाट पवित्रता र मुसलवाट प्रपञ्चरूप भन्ने बुझिन्छ । पाउसम्म पुग्ने गरी रुद्राक्षको माला पहिरेवाट सबै पापनाशकरूपी भन्ने बुझिन्छ वडा डरलाग्दा भन्नाले ब्रह्मसूचक बुझिन्छ । अति वलिया भन्नाले वलरूपी भन्ने बुझिन्छ । कुकुरमाथि चढेवाट ईमानस्वरूप भन्ने बुझिन्छ र गर्जिरहेकावाट नादब्रह्म भन्ने बुझिन्छ ।

(३) "च" वर्ग कौमारीको भैरव "चण्डभैरव" को रूप:–

चण्डनाथं महारौद्रं नीलाञ्जनसमप्रभम् ।
मुकुटेन विचित्रेण सर्वरत्नमयेन तु ।।
रत्नकुण्डलशोभाढ्यं दीप्यमानं महौजसम् ।
हेमरत्नकृता माला कण्ठस्था च विराजते ।।
द्वीपिचर्मसमायुक्तं नानालङ्कारमण्डितम् ।
काटच्यं खट्वाङ्गदण्डौ च पाशं शक्तिं च वामके ।।
वज्रं परिघशूलञ्च डमरुं शूलदक्षिणे ।
सर्वावयवसंपूर्णं कोलपृष्ठसमाश्रितम् ।।
ध्यायेदिति शेषः ।

यस ध्यानवाट डरलाग्दा, नीलो गाजल जस्तो वर्ण भएका, अनेक रत्नहरू लाएका, देदीप्यमान, सुन र रत्नको कण्ठ लाएका, चितुवाको छाला र अनेक गहना पहिरेका, दश वाहुमध्ये वायाँ पाँच वाहुमा काटच्य (कपालपात्र) खट्वाङ्ग, दण्ड, पाश र शक्ति लिएका, फेरि दाहिने पाँच वाहुमा वज्र परिघ (फलामको मुग्रो) शूल, डमरु र त्रिशूल धारण गरेका बँदेलमाथि चढेका 'चण्डभैरव' को मूर्ति कल्पन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । डरलाग्दा भन्नाले ब्रह्मसूचक भन्ने बुझिन्छ । गाजलले मोहन र नीलो वर्णले

सर्वव्यापी भन्ने बुझिएको हुनाले संसारलाई नै मोहजालमा फिजाउने तत्त्व भन्ने बुझिन्छ । अनेक रत्नहरू लाएका र देदीप्यमान भन्नाले रत्नले विमर्श र देदीप्यमानवाट प्रकाश भएको हुनाले यी दुई पदबाट विमर्शात्मक प्रकाश अर्थात् 'अहम् आत्मा' भन्ने बुझिन्छ । सुन र र रत्नको कण्ठ धारण गरेबाट घाँटीवाट सबै किसिमको नाद निकालेर जगत्लाई कवलित गर्ने अर्थात् काबू गराउने तत्त्व भन्ने बुझिन्छ । चितुवाको छाला पहिरेवाट योगरूप र गहना पहिरेबाट राजसी तत्त्व बुझिनाले यी दुई पदबाट राजयोग तत्त्व भन्ने बुझिन्छ । दश बाहुवाट दश दिशाको सूचना हुन्छ । वायाँ पाँच बाहुमा रहेका काट्य (कपालपात्र) वाट सत्त्वगुणात्मक तत्त्व, खट्वाङ्गवाट त्रिविधोत्पा-तनाशकता अर्थात् तीन प्रकारका उत्पात नाश गर्ने तत्त्व, दण्डबाट संसारको नै शासक तत्त्व, पाशवाट वशीकरण तत्त्व र शक्तिवाट सर्वशक्तिमान् भन्ने बुझिन्छ । फेरि दाहिने पाँच बाहुमा रहेका-वज्रवाट ऐन्द्रपात अर्थात् विद्युत्प्रभा भन्ने, परिघवाट शत्रुघातक तत्त्व, शूलवाट वायव्यपात अर्थात् हावाको वेग, डमरुवाट प्रतिध्वनि, त्रिशूलवाट त्रिविधपापनाशक तत्त्व भन्ने बुझिन्छ । बँदेलमाथि चढेको भन्नाले आधार शक्त्यात्मक तत्त्वरूप भन्ने बुझिन्छ ।

(४) "ट" वर्ग वैष्णवीको भैरव "क्रोध भैरव" को रूप :—

नीलोत्पलदलश्यामं वीरभस्मसमप्रभम् ।
किरीटकुण्डलैर्युक्तं वज्ररत्नप्रदीपितम् ।।
महारत्नाङ्किता माला कण्ठस्था च विराजते ।
भुजैः षोडशभिर्युक्तं नानाकेयूरमण्डितम् ।।
वरदं शूलसूत्रञ्च नागवाणं सवज्रकम् ।
कम्बुशक्तिधरं दक्षे वामे च वर्णयाम्यहम् ।।
काट्यं पिनाकं परिघं घण्टां पाशं समुद्गरम् ।

कर्तृकां दर्पणं वामे दीप्यमानं सुतेजसम् ।
विस्तीर्णवक्षःसुभगं विशालनयनोज्ज्वलम् ।।
त्रिनेत्रवदनं घोरं नानाभरणमण्डितम् ।
कपालमालाभरणं उष्ट्रासनव्यवस्थितम् ।।
ध्यायेदिति शेषः ।

यस ध्यानवाट नीलकमल जस्तो वर्ण भएका, वीरका विभूत पहिरेका, किरीट र कुण्डल पहिरेका, हीराको गहना पहिरेका, महारत्न जडेको कण्ठा पहिरेका, षोडश वाहु भएका, दाहिने आठ वाहुमा वरद मुद्रा, शूल, जनै, नाग, बाण, वज्र, कम्बु (सिह्लमू अर्थात् सिंदुरे भाँडा) र शक्ति अनि वायाँ आठ वाहुमा काट्य (कपालपात्र), धनु, परिघ, घण्टा, पाश, मुद्गर, कर्तृ, दर्पण (ज्वलाह्लाय्कं अर्थात् मुख हेर्ने काँसको भाँडा) धारण गरेका, खूव तेजिला र जगमगाइरहेका, ठूलो छाती भएका, ठूला-ठूला तीन आँखा भएका, अनेक आभरण पहिरेका, कपालमाला लगाएका, ऊँटमाथि चढेका 'क्रोधभैरव' को मूर्ति झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । नीलकमल जस्तो वर्ण भएका भन्नाले सर्वव्यापी विभु भन्ने बुझिन्छ । वीरका विभूत अर्थात् मसानको खरानी घसेवाट सबैको लय हुने स्थान श्मशान हुनाले यस पदवाट अन्त्यमा सबैको लय हुने ब्रह्मरूप भन्ने बुझिन्छ । किरीट र कुण्डल पहिरेवाट सबैको राजा अर्थात् परमेश्वर-रूप भन्ने बुझिन्छ । हीराको गहना पहिरेवाट गहनाले रजोगुण र हीरामा सत्त्वगुण देखिए पनि गहनामा सबै जना लोभिने हुनाले तमोगुण पनि देखिन आउने भएकोले यस पदवाट त्रिगुणात्मक भन्ने बुझिन्छ । षोडश वाहु भएवाट साह्रै कलाले युक्त भन्ने बुझिन्छ । दाहिने आठ वाहुमा रहेको वरद मुद्रावाट अभीष्ट वर दिने अर्थात् चिताएको कुरा पुग्ने, शूलवाट वायव्यपात अर्थात् हावाको वेग,

जनैबाट पवित्रता, नागवाट निर्विषीकरण, वाणवाट पापमोचकता, वज्रबाट विद्युत्प्रभा, कम्बु (शंख) वाट अनाहत नाद र शक्तिवाट वर्कतरूप, अनि वायाँ आठ बाहुमा रहेका काट्य (कपालपात्र) वाट ज्ञान, धनुबाट मोहन, परिघवाट शत्रुघातक तत्त्व, घण्टावाट आहत नाद, पाशवाट वशीकरणत्व, मुद्गरवाट वैराग्य, कर्तृबाट विद्वेषण-तत्त्व, दर्पण (ज्वालान्हैकं) वाट कान्ति भन्ने बुझिन्छ । खूब तेजिला र जगमगाइरहेवाट प्रकाशरूप ठूलो छाती भएवाट उदारतारूप, ठूला ठूला तीन आँखा भएवाट तीन विन्द्वात्मक अहंकाररूप, अनेक आभरण पहिरेवाट प्रपञ्ची र कपालका माला लाएवाट बुद्धि-विवेक-रूप, अनि ऊँटमाथि चढेवाट मात्सर्यरूप भन्ने बुझिन्छ ।

(५) 'त' वर्ग वाराहीको भैरव 'उन्मत्त भैरव' को रूप:–

शरदम्बुदवर्णाभं दीप्यमानं सुतेजसम् ।
किरीटिनं महाभीमं वज्रकुण्डलमण्डितम् ।।
शूलं खड्गं तथा वाणं पाशं परिघमुद्गरम् ।
दक्षिणे तु करे तस्य वामे च वर्णयाम्यहम् ।।
सूत्रफेटकनागांश्च पिनाकं यष्टिदर्पणम् ।
वक्षो विपुलमाभोगं हेमपट्टविभूषितम् ।।
दिव्यरत्नकृता माला आपादान्तरलम्बिनी ।
नूपुरैः कटिसूत्रैश्च हेमोघेन सुमण्डितैः ।
हंसवाहसमारूढं नाथं चोन्मत्तभैरवम् ।।
ध्यायेदिति शेषः ।

यस ध्यानबाट शरद्कालको चन्द्रमा झैं सफेद वर्ण र झल्किएका, किरीट पहिरेका डरलाग्दा, हीराको कुण्डल लगाएका, बाह्र बाहु भएका, दाहिने छ बाहुमा शूल, खड्ग, वाण, पाश, परिघ

र मुद्गर धारण गरेका र बायाँ छ बाहुमा जनै, ढाल, नाग, धनु, लट्ठी, दर्पण (ज्वालान्हैकं) धारण गरेका, सुनको पोशाक र सुनको कम्मरपेटी पहिरेका, दिव्य रत्नको माला पाउसम्म पहिरेका, नूपुर (पाउजेप) पहिरेका, हाँसमाथि चढेका 'उन्मत्त भैरव' को मूर्ति कल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । शरद्कालको चन्द्रमा झैं सफेद वर्ण भन्नाले सफेद वर्णले सत्त्वगुण र सुलह इत्यादि कल्काउने भए पनि यो उन्मत्त भैरवको मूर्ति भएको हुनाले यस पदवाट पूर्ण युवावस्थाका भन्ने बुझिन्छ । किरीट पहिरेवाट जगत्को मालिक भन्ने बुझिन्छ । डरलाग्दा भन्नाले ब्रह्मरूप, हीराका कुण्डल लाएवाट तीव्र श्रवण शक्त्यात्मक रूप, वाह्र वाहु भएवाट पूर्वोक्तवत् अर्थात् माथि बताएझैं वाह्र स्वरात्मक रूप भन्ने बुझिन्छ । दाहिने छ वाहुमा रहेका शूलवाट वायव्यताप (वायुको वेग), खड्गवाट सिद्धि, वाणवाट पापमोचकत्व, पाशवाट वशीकरणत्व, परिघवाट शत्रुघातक तत्त्व र मुद्गरवाट ज्ञान, अनि बायाँ छ वाहुमा रहेको जनैवाट पवित्रता, ढालवाट रक्षा, नागवाट निर्विषीकरणत्व, धनुवाट लौकिक ज्ञान, लट्ठीवाट आधार र दर्पण (ज्वालाह्लैकं) वाट कान्ति भन्ने बुझियो । सुनको पोशाक र सुनको कम्मरपेटी पहिरेवाट कामरूप भन्ने बुझिन्छ । नूपुर र दिव्य रत्नको माला पाउसम्म पहिरेवाट अतिकामातुर भन्ने बुझिन्छ । हाँसमाथि चढेवाट जीवरूप भन्ने बुझिन्छ ।

(६) 'प' वर्ग इन्द्राणीको भैरव 'कपाली' भैरवको रूपः—

तप्तकाञ्चनवर्णाभं द्रुतपारदसन्निभम् ।
महाप्रचण्डदण्डोग्रं कपालाभरणोज्ज्वलम् ।।
दंष्ट्राकरालरौद्रं च त्रिनेत्राष्टभुजं प्रिये ।
मुकुटेन विचित्रेण बहुरत्नमयेन च ।।

मणिरत्नकृता माला कण्ठस्था च विराजते ।
ध्वजं वाद्यं तथा नागं शक्ति वामेन चोत्तमम् ।।
सूत्रं शूलं तथा पाश मंकुशं दक्षिणे स्थितम् ।
नानाभरणशोभाढ्यं नानालङ्कारमण्डितम् ।
मृगारूढं महातेजःकलितं भैरवेश्वरम् ।।
ध्यायेदिति शेषः ।

यस ध्यानवाट ततार्एको सुन जस्तो वर्ण भएका, पग्लिएको पारो जस्तो चहक भएका, मुण्डमाला पहिरेका, डरलाग्दा दाँत देखाएका, तीन आँखा भएका, आठ बाहु भएका, अनेक जुहार जडिएको मुकुट पहिरेका, मणिरत्नको कण्ठा पहिरेका, अनेक गहना पहिरेका, वायाँ चार वाहुमा ध्वजा, वीणा, नाग, शक्ति धारण गरेका र दाहिने चार वाहुमा जनै, शूल, पाश र अंकुश धारण गरेका, मृगमाथि चढेका 'कपाली' भैरवको मूर्ति झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । तताएको सुनको जस्तो वर्ण भन्नाले सौभाग्य, पग्लिएको पारो जस्तो चहक भएको भन्नाले प्रकाशरूप, मुण्डमाला पहिरेवाट बुद्धि र विवेकरूप, डरलाग्दा दाँत देखाएकोवाट डरलाग्दो भन्नाले ब्रह्मसूचक र सेतो दाँत देखाएवाट सत्त्वगुण भएकोले यस पदवाट ब्रह्मको सत्त्वगुणात्मक तत्त्व भन्ने बुझिन्छ । तीन आँखा भएवाट तीन विन्द्वात्मक अहंरूप भन्ने बुझिन्छ । आठ वाहु भएवाट चार आत्माको हेतु - परहेतु मतवाट द्वित्व भएकोले चार आत्मा नै बुझिन्छ । अनेक जुहार जडिएको मुकुट पहिरेको भन्नाले विश्वनायक भन्ने बुझियो । मणिरत्नको कण्ठा पहिरेवाट रजोगुणात्मक रूप, दायाँ चार वाहुमा रहेको ध्वजावाट नृपत्व, वीणाबाट आहत नाद, नागवाट निर्विषी-करणत्व, शक्तिवाट तागत, र दाहिने चार बाहुमा रहेका जनैवाट पवित्रता, शूलबाट वायव्यताप अर्थात् हावाको वेग, पाशबाट

वशीकरणत्व, अंकुशबाट स्तम्भनत्व, अनि मृगमाथि चढेबाट मन-रूप भन्ने बुझिन्छ ।

(७) 'य' वर्ग 'चामुण्डा'को भैरव 'भीषण' भैरवको रूपः—

ह्रस्वं स्थूलं महाकायं रक्ताभं रक्तवर्चसम् ।
किरीटिनं सुतेजाढ्यं रत्नकुण्डलमण्डितम् ।।
वज्रपुष्पकृता माला कण्ठस्था च विराजते ।
शङ्खशुक्तिकमालाभिरापादतलशोभितम् ।।
दशबाहुं महाभीमं नानाभरणमण्डितम् ।
खड्गं पाशं तथा शूलं सूत्रं वरददक्षिणे ।।
फेटकांकुशढक्काश्च मुद्गरं मुशलं प्रिये ।
नानारत्नमयी माला कटिदेशेविराजते ।
अश्वारूढं सुतेजाढ्यं भैरवं भीषणं वरम् ।।
ध्यायेदिति शेषः ।

यस ध्यानबाट पुड्का, मोटा तथा भद्दा शरीर र लाल वर्ण भएका, किरीट-रत्नकुण्डल पहिरेका, वज्रपुष्पको कण्ठा पहिरेका, शङ्ख र सीपीको माला पाउसम्म पहिरेका, दश बाहु भएका र दायाँ पाँच बाहुमा खड्ग, पाश, शूल जनै र वरद मुद्रा, फेरि बायाँ पाँच बाहुमा ढाल, अंकुश, डम्फू, मुद्गर र मुसल धारण गरेका अनेक जुहारत र गहनाहरू पहिरेका, घोडा चढेका, 'भीषण' भैरवको मूर्ति कल्पन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । पुड्को भन्नाले सीधा कुण्डलीसित सम्बन्ध भैरहेका सहस्रारमा रहेका परशिव भन्ने बुझिन्छ । मोटो तथा भद्दा शरीरबाट तृप्ति भन्ने बुझिन्छ । लाल वर्णबाट सौभाग्यरूप किरीट र रत्नकुण्डल पहिरेबाट सबैको राजा अर्थात् परमेश्वररूप भन्ने बुझिन्छ । ब्रह्मपुष्पको कण्ठा

पहिरेबाट मृणालतन्तुको तत्त्वरूप भन्ने र सिपी र शंखको मालाबाट जलतत्त्वात्मक भन्ने बुझिन्छ। दश बाहुबाट दश दिशाको सूचना हुन्छ। दाहिने पाँच हातहरूमा लिएको खड्गबाट विजय, पाशबाट वशीकरणत्व, शूलबाट वायव्यताप अर्थात् हावाको वेग, जनैबाट पवित्रता, वरद मुद्राबाट अभीष्टसिद्धि अर्थात् चिताएको कुरा पुग्ने, र बायाँ पाँच बाहुमा लिएको ढालबाट रक्षा, अंकुशबाट स्तम्भनत्व, डम्फूबाट आहतनाद, मुद्गरबाट ज्ञान, मुशलबाट प्रपञ्चरूप भन्ने बुझिन्छ। अनेक जुहारात र गहना पहिरेबाट रजोगुणात्मक भन्ने बुझिन्छ। घोडा चढेबाट वेगरूप भन्ने बुझिन्छ।

'श' वर्ग 'महालक्ष्मी' को भैरव 'संहार' भैरवको रूपः—

कृष्णपारदसंकाशं वीरभस्मसमप्रभम्
महातेजं महाकायं सर्वावयवशोभितम्
भुजैः षोडशभिर्युक्तं नानाकेयूरमण्डितम्
किरीटिनं महाघोरं रत्नकुण्डलमण्डितम्
हेमरत्नकृता माला कण्ठस्था च विराजते
आताम्रनयनं तीव्रम् उन्नतं दिव्यरूपिणम्
कलशं कम्बुपाशं च नागं शूलं च दर्पणम्
कत्रीं डमरुकं वामे दीप्यमानं तडिद्यथा
सूत्रं काट्यं तथा वज्रं शक्तिमङ्कुशतोमरम्
पिनाकपार्णि वरदं दक्षिणेन विराजते
शवासनं महाभीमं संहारभैरवं परम्
ध्यायेदितिशेषः।

यस ध्यानबाट कालो पारो जस्तो टल्केका, मसानको खरानी झैं वर्ण भएका, ठूलो शरीर भएका, किरीट र रत्नकुण्डल लाएका, अनेक मणिका बाजु पहिरेका, सुन र रत्नको कण्ठ पहिरेका,

लाल लाल नेत्र भएका, सोह्र हात भएका, वायाँ आठ वाहुमा कलश, कम्बु, शंख, पाश, नाग, शूल र दर्पण (ज्वाला ह्लैकँ अर्थात् काँसोको ऐना) कर्त्री (करौंती) र डमरु, अनि दाहिने आठ बाहुमा जनै, कपालपात्र, वज्र, शक्ति, अंकुश, तोमर, धनु र वरदमुद्रा धारण गरेका, मुर्दाको आसन गरेका वडा डरलाग्दा 'संहारभैरव' को मूर्ति ठ्हलकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । कालो पारो जस्तो टल्केवाट र मसानको खरानी जस्तो वर्ण भएवाट सवै अरिष्टहरूको संहाररूप अर्थात् सर्वारिष्टनाशक भन्ने बुझिन्छ । ठूलो शरीर भएवाट सर्वव्यापक, किरीट र रत्नकुण्डल धारण गरेवाट सबैको राजा अर्थात् परमेश्वर भन्ने बुझिन्छ । अनेक मणिको वाजु पहिरेवाट पूर्ण वाहुवलको सूचना हुन्छ । सुन र रत्नको कण्ठ पहिरेवाट रजोगुण भन्ने बुझिन्छ । लाल लाल नेत्रवाट अग्नि-तत्त्वात्मक भन्ने बुझिन्छ । सोह्र वाहु भएवाट सोह्रै कलाले युक्त भन्ने बुझिन्छ । वायाँ आठ वाहुमा रहेका कलशवाट श्रीः, कम्बु (शंख)वाट नाद, पाशवाट वशीकरणत्व, नागवाट निर्विषीकरणत्व, शूलवाट वायव्यताप अर्थात् हावाको शक्ति दर्पण (ज्वालाह्लैकं अर्थात् काँसोको ऐना) वाट कान्ति, कर्त्री (करौंती) वाट विद्वेषणत्व र डमरुवाट प्रतिध्वनि, अनि दाहिने आठ वाहुहरूमा रहेका जनैवाट पवित्रता, कपालपात्रवाट विवेकरूप, वज्रवाट विद्युत्-शक्ति, शक्तिवाट वर्कत, अंकुशवाट स्तम्भनत्व, तोमरवाट प्रपञ्चरूप, धनुवाट ज्ञान, वरदमुद्रावाट अभीष्टसिद्धि भन्ने बुझिन्छ । मुर्दाको आसन गरेका र वडा डरलाग्दा भन्नाले सचैतन्य ब्रह्मरूप अर्थात् परब्रह्म भन्ने बुझिन्छ ।

सोही आठ वर्गहरूमा शिव-शक्तिको ऐक्य भएर अर्थात् भैरव र मात्रिका मिलेर हृदयमा मध्यमा नाडीमा पुगी अर्कै समष्टि आठ तत्त्व वन्न जान्छ । तिनको रूपकालंकारवाट आठ देवीरूप

प्रकट हुन गए । ती यस प्रकारका हुन्छन् ।

(१) 'अ' वर्ग 'रुद्रचण्डा' को रूप–

खड्गं वज्रं शरं चक्रमंकुशं च तथैव च ।
वरं त्रिशूलं पात्रञ्च दक्षिणेन विराजते ।।
फेटकञ्च तथा घण्टां धनुश्चाभयपाशकम् ।
तर्जनीं दैत्यकेशञ्च विन्दुमुद्राञ्च वामके ।।
ससिंहमहिषारूढां रोचनारूपशोभिताम् ।
ध्यायतां च महादेवि रुद्रचण्डि नमोस्तु ते ।।

यस ध्यानबाट रोचना ॐ स्वर्ण वर्ण भएकी, सोह्र बाहु भएकी, दाहिने आठ बाहुमा खड्ग, वज्र, बाण, चक्र, अंकुश, वरदमुद्रा, त्रिशूल र पात्र (खप्परु), अनि बायाँ आठ बाहुमा फेटक (ढाल), घण्टा, धनु, अभयमुद्रा, पाश, तर्जनी (चोर औंला ठडाएको), दैत्यकेश (दैत्यको जगल्टा समातेकी) र विन्दुमुद्रा (ज्ञानमुद्रा) धारण गरेकी, दाहिने पाउ सिंहमाथि र बायाँ पाउ काटिएको राँगोमाथि टेकेर उभिएकी 'रुद्रचण्डा' देवीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रोचना ॐ स्वर्ण-वर्ण भएवाट आरोग्य भन्ने बुझिन्छ । सोह्र बाहु भएबाट सोह्र कलाले पूर्ण भएकी भन्ने बुझिन्छ । दाहिने आठ बाहुमा रहेको खड्गबाट विजय, वज्रबाट विद्युत्-शक्ति, बाणबाट पापमोचन-शक्ति, चक्रबाट संसार-चक्र, अंकुशबाट स्तम्भन-शक्ति, वरदमुद्राबाट अभीष्टसिद्धि, त्रिशूलबाट त्रिविधोत्पातनाशक शक्ति अर्थात् तीन किसिमको उपद्रवको नाशक, पात्र (खप्परु) बाट विवेकशक्ति, अनि बायाँ आठ बाहुमा रहेको फेटक (ढाल) बाट रक्षा, घण्टाबाट नाद, धनुबाट वैराग्य, अभयमुद्राबाट निडर, पाशबाट

वशीकरणशक्ति, तर्जनी (चोर औंला ठडाएको) वाट सावधानी, दैत्यकेश भन्नाले दैत्य तमोगुण र त्यसको जगल्टा समाएवाट तमोगुणलाई वशमा पारेकी, अर्थात् दवाएकी र विन्दुमुद्रा (ज्ञानमुद्रा) भन्नाले ज्ञानरूपिणी भन्ने बुझिन्छ। दाहिने पाउ सिंहमाथि राखेवाट र वायाँ पाउ काटिएको राँगोमाथि टेकेर (कुल्चेर) उभिएकीवाट क्रोधादि रूप राँगोलाई मारेर अर्थात् नाश गरेर सिंहरूपी ज्ञानलाई जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ।

(२) 'क' वर्ग 'प्रचण्डा' को रूप—

खड्गं शक्ति शरं चक्रं वज्रं च वरदं तथा।
त्रिशूलं च तथा पात्रं दक्षहस्तेषु विभ्रति ॥
फेटकं दर्पणं चैव धनुश्चाभयघण्टिकाम्।
तर्जनीं दैत्यकेशं तु विन्दुमुद्रां च वामके ॥
सिंहं महिषमारूढारुणाभरूपसन्निभा।
एवंरूपां महादेवीं प्रचण्डां त्वां नमाम्यहम् ॥

यस ध्यानबाट अरुण वर्ण (रातो वर्ण) की सोह्र बाहु भएकी, दाहिने आठ वाहुमा खड्ग, शक्ति, वाण, चक्र, वज्र, वरदमुद्रा त्रिशूल र पात्र (खप्परु), अनि बायाँ आठ बाहुमा ढाल, दर्पण (ज्वालाह्वैकं), धनु, अभयमुद्रा, घण्टा, तर्जनी, दैत्यकेश (दैत्यको जगल्टा समाएकी) र विन्दुमुद्रा धारण गरेकी, दाहिने पाउ सिंहमाथि र वायाँ पाउ काटिएको रांगोमाथि कुल्चेर (टेकेर) उभिएकी 'प्रचण्डा' देवीको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। अरुण वर्ण (रातो वर्ण) भएबाट सौभाग्यरूपिणी भन्ने बुझिन्छ। सोह्र बाहु भएकी भन्नाले सोह्र कलाले पूर्ण भएकी भन्ने बुझिन्छ। दाहिने आठ वाहुमा रहेका खड्गवाट विजयशक्ति, शक्तिवाट वर्कत, वाणबाट

पापमोचनशक्ति, चक्रबाट संसारचक्र, वज्रबाट विद्युत्-शक्ति, वरद-मुद्राबाट अभीष्टसिद्धि, त्रिशूलबाट त्रिविधोत्पातनाशकशक्ति, पात्र (खप्परु) बाट विवेकशक्ति, अनि बायाँ आठ बाहुमा रहेका ढालबाट रक्षा, दर्पण (ज्वालान्हैकं) बाट कान्ति, धनुबाट वैराग्य, अभयमुद्राबाट निडर, घण्टाबाट नाद, तर्जनीबाट सावधानी, दैत्यकेश-बाट तमोगुणलाई वशमा पारेका भन्ने र विन्दुमुद्राबाट ज्ञानरूपिणी भन्ने बुझिन्छ। दाहिने पाउ सिंहमाथि राखेबाट र बायाँ पाउ काटिएको राँगोमाथि राखेर उभिएकीबाट क्रोधादिको नाश गरी ज्ञानलाई जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ।

(३) 'च' वर्ग 'चण्डोग्रा' को रूप–

खड्गं दण्डं शरं चक्रं वज्रं वरत्रिशूलकम्।
पानपात्रं तथा ध्यायेद् दक्षहस्तेषु विभ्रतीम् ॥
फेटकं तु पाशं धनुः गदां घण्टां च तर्जनीम्।
दैत्यकेशं विन्दुमुद्रां वामहस्तेषु धारिणीम् ॥
सिंहं महिषमारूढां कृष्णवर्णाङ्गभूषणाम्।
एवं ध्यात्वा महादेवीं चण्डोग्रां तां नमाम्यहम् ॥

यस ध्यानबाट कृष्ण वर्णकी अर्थात् कालो वर्णकी सोह्र बाहु भएकी, दाहिने आठ बाहुमा खड्ग, दण्ड, बाण, चक्र, वज्र, वरदमुद्रा, त्रिशूल र पानपात्र (खप्परु), अनि बायाँ आठ बाहुमा फेंटक (ढाल) पाश, धनु, गदा, घण्टा, तर्जनी, दैत्यकेश र विन्दुमुद्रा धारण गरेकी, दाहिने पाउ सिंहमाथि र बायाँ पाउ काटिएको राँगोमाथि टेकेर उभिएकी 'चण्डोग्रा' देवीको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। कृष्ण वर्णकी भन्नाले अन्तर्लीनात्मिका अर्थात् सबैलाई आफूमै मिलाउने भन्ने बुझिन्छ। सोह्र बाहु भएकीबाट सोह्रै कलाले युक्त भएकी भन्ने

बुझिन्छ । दाहिने आठ बाहुमा रहेका खड्गबाट विजयशक्ति, दण्डबाट विश्वराज्ञी अर्थात् जगत्की महारानी, बाणबाट पापमोचनशक्ति, चक्रबाट संसारचक्र, वज्रबाट विद्युत्-शक्ति, वरदमुद्राबाट अभीष्ट-सिद्धि, त्रिशूलबाट त्रिविधोत्पातनाशक शक्ति, पानपात्र (खप्परु)-बाट विवेकशक्ति, अनि बायाँ बाहुमा रहेको ढालबाट रक्षा, पाशबाट वशीकरणशक्ति, धनुबाट वैराग्य, गदाबाट स्तम्भनशक्ति, घण्टाबाट नाद, तर्जनीबाट सावधानी, दैत्यकेशबाट तमोगुणलाई वशमा पारेकी भन्ने र विन्दुमुद्राबाट ज्ञानरूपिणी भन्ने बुझिन्छ । दाहिने पाउ सिंह-माथि र बायाँ पाउ काटिएको राँगोमाथि राखेर उभिएकी भन्नाले क्रोधादिको नाश गरी ज्ञानलाई जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ ।

(४) 'ट' वर्ग 'चण्डनायिका' को रूप–

खड्गं च रत्नज्वालां च शरं चक्रं च वज्रकम् ।
अंकुशं च त्रिशूलं च पात्रं दक्षेण विभ्रती ।।
फेटकं तर्जनीं चापं गदां घण्टां च पाशकम् ।
दैत्यकेशं विन्दुमुद्रां वामहस्तेषु शोभिताम् ।।
सिंहासनस्थितां देवीं महामहिषगामिनीम् ।
धूम्रवर्णां महादेवीं नमामि चण्डनायिकाम् ।।

यस ध्यानबाट धूम्रवर्ण (ध्वाँसे रंग) भएकी, सोह्र बाहु भएकी, दाहिने आठ बाहुमा खड्ग, रत्नज्वाला, शर (बाण), चक्र वज्र, अंकुश, त्रिशूल र पात्र (खप्परु), अनि बायाँ आठ बाहुमा ढाल, तर्जनी, धनु, गदा, घण्टा, पाश, दैत्यकेश, विन्दुमुद्रा धारण गरेकी, दाहिने पाउ सिंहमाथि र बायाँ पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकी 'चण्डनायिका' देवीको हप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । धूम्रवर्ण

भएवाट मोहरूपिणी, सोह्र वाहु भएवाट सोह्रै कलाले युक्त भएकी, दाहिने हातमा रहेको खड्गवाट विजयशक्ति, रत्नज्वालावाट प्रकाश-रूपिणी, वाणवाट पापमोचनशक्ति, चक्रवाट संसारचक्र, बज्रवाट विद्युत्-शक्ति, अंकुशवाट स्तम्भनशक्ति, त्रिशूलवाट त्रिविधोत्पात-नाशक शक्ति र पात्र (खप्परु) बाट विवेक-शक्ति, अनि वायाँ आठ वाहुमा रहेका ढालवाट रक्षा, तर्जनीबाट सावधानी, धनुबाट वैराग्य, गदावाट वीरत्वशक्ति, घण्टाबाट नाद, पाशवाट वशीकरणशक्ति, दैत्यकेश समातेकोवाट तमोगुणलाई वशमा पारेकी, विन्दुमुद्रावाट ज्ञानरूपिणी भन्ने बुझिन्छ । दाहिने पाउ सिंहमाथि र वायाँ पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकीवाट क्रोधादिलाई नाश गरी ज्ञानलाई जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ ।

(५) 'त' वर्ग 'चण्डा' को रूप :–

श्वेतवर्णा त्रिनेत्रा च यौवनाढ्या सुरूपिणी ।
खड्गं पाशं शरं चक्रं वज्रं वरत्रिशूलकम् ।।
पात्रं च दक्षे दधती रत्नालंकारभूषिता ।
फेटकांकुशचापं च गदां घण्टां च तर्जनीम् ।।
दैत्यकेशं विन्दुमुद्रां वामहस्तेषु विभ्रती ।
सिंहासनस्थिता चैव महिषासनगामिनी ।
एवंरूपा तु सा देवी श्री चण्डायै नमोऽस्तु ते ।।

यस ध्यानवाट सेतो वर्ण भएकी, तीन नेत्र भएकी, तरुनी, राम्री, सोह्र बाहु भएकी, दाहिने आठ वाहुमा खड्ग, पाश, वाण, चक्र, वज्र, वरदमुद्रा, त्रिशूल, पात्र (खप्परु), अनि बायाँ आठ वाहुमा फेटक (ढाल), अंकुश, धनु, गदा, घण्टा, तर्जनी, दैत्यकेश, बिन्दुमुद्रा धारण गरेकी, रत्नको अलंकार पहिरेकी, दाहिने पाउ सिंहमाथि र वायाँ पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकी 'चण्डा' देवीको

रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्णभएवाट सत्त्वगुणात्मिका, तीन नेत्र भएवाट तीन विन्द्वात्मक अहंकाररूपिणी, तरुनी भन्नाले तरुनी स्त्री नै गर्भवती हुने हुनाले यस पदवाट अनुग्रहरूपिणी भन्ने बुझिन्छ र राम्री भन्नाले विश्वमोहिनी भन्ने बुझिन्छ । सोह्र वाहु भएकी भन्नाले सोह्र कलाले युक्त भएकी, दाहिने हातमा रहेका खड्गवाट विजयरूपिणी, पाशवाट वशीकरण-शक्ति, वाणवाट पापमोचनशक्ति, चक्रवाट संसारचक्र, वज्रवाट विद्युत्-शक्ति, वरदमुद्रावाट अभीष्टसिद्धि, त्रिशूलवाट त्रिविधोत्पात-नाशक शक्ति, पात्र (खप्परु)वाट विवेकरूपिणी भन्ने बुझिन्छ । वायाँ हातमा रहेका ढालवाट रक्षा, अंकुशवाट स्तम्भन, धनुवाट वैराग्यरूपिणी, गदावाट वीरत्वशक्ति, घण्टावाट नाद, तर्जनीवाट सावधानी, दैत्यकेशवाट तमोगुणलाई वशमा पारेकी, विन्दुमुद्रा-वाट ज्ञानरूपिणी भन्ने बुझिन्छ । रत्नको अलंकार पहिरेवाट विश्वराज्ञी भन्ने बुझिन्छ । दाहिने पाउ सिंहमाथि र वायां पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएवाट क्रोधादिको नाश गरेर ज्ञानलाई जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ ।

(६) 'प' वर्ग 'चंडवती'को रूप–

श्यामवर्णा त्रिनयनां सिंहसैरिभगामिनीम् ।
खड्गं ध्वजं शरं चक्रं वज्रं च वरमेव च ।।
त्रिशूलं चैव पात्रं च दक्षहस्तेषु विभ्रतीम् ।
फेटकं पाशधनुषी गदां घण्टां सतर्जनीम् ।।
दैत्यकेशं विन्दुमुद्रां वामहस्तेषु धारिणीम् ।
सर्वरत्नाङ्गभूषाङ्गीं ध्याये चण्डवतीमहम् ।।

यस ध्यानवाट श्याम वर्णकी, तीन नेत्र भएकी, रत्नका

गहनाहरू पहिरेकी, सोह्र वाहु भएकी, दाहिने आठ वाहुमा खड्ग, ध्वजा, वाण, चक्र, वज्र, वरदमुद्रा, त्रिशूल र पात्र, अनि वायाँ आठ वाहुमा ढाल, पाश, धनु, गदा, घण्टा, तर्जनो, दैत्यकेश र विन्दुमुद्रा धारण गरेकी र दाहिने पाउ सिंहमाथि र वायाँ पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकी 'चंडवती' देवीको रूप कल्पन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। श्याम वर्ण भएवाट सर्वव्यापिनी तीन नेत्र भएवाट तीन विन्द्वात्मक अहंकार-रूपिणी, रत्नका गहनाहरू पहिरेवाट विश्वराज्ञी, सोह्र वाहु भएवाट सोह्रै कलाले युक्त भएकी भन्ने बुझिन्छ। दाहिने आठ वाहुमा रहेका खड्गवाट विजयरूपिणी, ध्वजावाट रजोगुणात्मिका, वाणवाट पापमोचनशक्ति, चक्रवाट संसारचक्ररूपिणी, वज्रवाट विद्युत्-शक्ति, वरदमुद्रावाट अभीष्टसिद्धि, त्रिशूलवाट त्रिविधोत्पातनाशक शक्ति, पात्र (खप्परु)वाट विवेकशक्ति, अनि वायाँ आठ वाहुमा रहेका ढालवाट रक्षा, पाशवाट वशीकरणशक्ति, धनुवाट वैराग्य, गदावाट वीरत्वशक्ति, घण्टावाट नाद, तर्जनीवाट सावधानी, दैत्यकेश धारण गरेवाट तमोगुणलाई नाश पारेकी, विन्दुमुद्रावाट ज्ञानरूपिणी भन्ने बुझिन्छ। दाहिने पाउ सिंहमाथि र देब्रे पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकीवाट क्रोधादि नाश गरी ज्ञान जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ।

(७) 'य' वर्ग 'चण्डरूप'को रूप–

सिंहासना सैरिभस्था पीतवर्णा गुणप्रभा।
खड्गं गदां शरं वज्रमंकुशं वरदं तथा॥
त्रिशूलपात्रे दक्षेषु नानालंकारभूषिताम्।
फेटकं चक्रधनुषी घण्टां पाशं च तर्जनीम्॥
दैत्यकेशं विन्दुमुद्रां वामहस्तेषु धारिणीम्।
त्रिनेत्रां युवतीं देवीं नतोहं चण्डरूपिणीम्॥

माधव संकोची

यस ध्यानवाट पहेंलो वर्ण भएकी, तीन आँखा भएकी, तरुनी, विभिन्न गहना पहिरेकी, सोह्र हात भएकी, दाहिने आठ हातमा खड्ग, गदा, वाण, वज्र, अंकुश, वरदमुद्रा त्रिशूल र पात्र (खप्परु) अनि बायाँ आठ बाहुमा ढाल, चक्र, धनु, घण्टा, पाश, तर्जनी, दैत्यकेश, विन्दुमुद्रा धारण गरेकी र दाहिने पाउ सिंहमाथि र देब्रे पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकी 'चण्डरूपा' देवीको रूप कल्पन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । पहेंलो वर्ण भएवाट ऐश्वर्यरूपिणी, तीन आँखा भएवाट तीन विन्द्वात्मक अहंकाररूपिणी, विभिन्न गहना पहिरेवाट विश्वराज्ञी, तरुनीबाट अनुग्रहरूपिणी, दाहिने आठ बाहुमा रहेका खड्गवाट विजयरूपिणी, गदावाट वीरत्व शक्ति, वाणबाट पापमोचनशक्ति, वज्रवाट विद्युत्-शक्ति, अंकुशवाट स्तम्भनशक्ति, वरदमुद्रावाट अभीष्ट सिद्धि, त्रिशूलबाट त्रिविधोत्पातनाशक शक्ति, पात्रवाट विवेक शक्ति अनि वायाँ आठ बाहुमा रहेका ढालवाट रक्षा, चक्रबाट संसार चक्र, धनुवाट वैराग्य, घण्टावाट नाद, पाशबाट वशीकरण, तर्जनीबाट सावधानी, दैत्यकेशवाट तमोगुणलाई वशमा पारेकी, विन्दु-मुद्रावाट ज्ञानरूपिणी भन्ने बुझिन्छ । दाहिने पाउ सिंहमाथि र देब्रे पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएवाट क्रोधादिलाई नाश गरी ज्ञानलाई जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ ।

(८) 'श' वर्ग 'अतिचण्डिका' को रूप :–

श्वेतवर्णा त्रिनेत्रा च सिंहसैरिभगामिनी
कलाषोडशसंयुक्ता नानारत्नविलम्बिता
खड्गं त्रिशूलं वाणं च चक्रचिन्हादिमंकुशम्

वरदं पाशपात्रे च दक्षहस्तेषु बिभ्रती
फेटकं दैत्यकेशं च धनुर्गदां च घण्टिकाम्
पाशं च तर्जनीं विन्दुं वामहस्तेषु धारिणी
एवं ध्यायेन्महादेवीमतिचण्डि नमोऽस्तुते

यस ध्यानबाट सेतो वर्ण भएकी, तीन आँखा भएकी, अनेक रत्नहरू पहिरेकी, सोह्र कला-रूप सोह्र हात भएकी, दाहिने आठ हातमा खड्ग, त्रिशूल, वाण, चक्र,अंकुश, वरदमुद्रा, नागपाश र पात्र (खप्परु) अनि वायाँ आठ हातमा ढाल, दैत्यकेश, धनु, गदा, घण्टा, पाश, तर्जनी र विन्दुमुद्रा धारण गरेकी र दाहिने पाउ सिंह-माथि र देब्रे पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकी 'अति-चण्डिका' को रूप ठ्हलकन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएबाट सत्त्वगुणात्मिका, तीन आँखा भएवाट तीन विन्द्वात्मक अहंकार-रूपिणी, अनेक रत्नहरू पहिरेबाट विश्वराज्ञी, सोह्र हात भएवाट सोह्र कलाले पूर्णरूपिणी भन्ने बुझिन्छ । दाहिने आठ हातमा रहेका खड्गवाट विजयरूपिणी, त्रिशूलवाट त्रिविधोत्पातनाशक शक्ति, वाणवाट पापमोचनशक्ति, चक्रवाट संसारचक्र, अंकुशबाट स्तम्भन-शक्ति, वरदमुद्राबाट अभीष्टसिद्धि, नागपाशबाट विषनाशनशक्ति, पात्र (खप्परु) वाट विवेक शक्ति र वायाँ आठ हातमा रहेका ढालवाट रक्षा, दैत्यकेश समातेबाट तमोगुणलाई वशमा ल्याएकी, धनुवाट वैराग्य, गदावाट वीरत्व शक्ति, घण्टाबाट नाद, पाशवाट वशीकरणशक्ति तर्जनीवाट सावधानी, विन्दुमुद्रावाट ज्ञानरूपिणी भन्ने ठ्हलकन्छ । दाहिने पाउ सिंहमाथि र देब्रे पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकीवाट क्रोधादि रूप राँगोलाई मारेर ज्ञानरूप सिंहलई जगाउने शक्तिरूपिणी भन्ने बुझिन्छ ।

अव घाँटिमा पुगेपछि यी आठ वर्गहरू समष्टि भएर

तिनको रूपकालंकारवाट दुर्गा 'भद्रकाली' को रूप प्रकट हुन जान्छ। सो निम्न लिखित वयानवाट पष्ट हुन्छ—

योगनिद्रा महामाया जगद्धात्री जगन्मयी
भुजैः षोडशभिर्युक्ता भद्रकालीति विश्रुता
क्षीरोदस्योत्तरे तीरे विभ्रती विपुलां तनुम्
अतसीपुष्पवर्णाभा ज्वलत्काञ्चनकुण्डला
जटाजूटमखण्डेन्दुमुकुटत्रयभूषिता
नागहारेण सहिता स्वर्णहारविभूषिता
शूलं खड्गं च शङ्खं च चक्रं वाणं तथैव च
शक्ति वज्रं च दण्डं च नित्यं दक्षिणबाहुभिः
विभ्रती सततं देवी विकाशिनयनोज्ज्वला
खेटकं चर्म चापं च पाशं चाङ्कुशमेव च
घण्टां पर्शुं च मुशलं विभ्रती वामपाणिभिः
सिंहस्था नयनै रक्तवर्णैस्त्रिभिरभिज्वला
शूलेन महिषं भित्वा तिष्ठन्ती परमेश्वरी
वामपादेन चाक्रम्य तत्र देवी जगन्मयी

यस ध्यानवाट आलसको फूल जस्तो वर्ण भएकी, जटामुकुट, अर्धचन्द्रमुकुट र रत्नको मुकुट गरी तीन मुकुट पहिरेकी, ठूलो शरीर भएकी, कानमा टल्केको सुनको कुण्डल पहिरेकी, नाग र सुनका हारहरू छातीमा पहिरेकी, सोह्र वाहुले युक्त भएकी, दाहिने आठ वाहुमा शूल (भाला), खड्ग, शङ्ख, चक्र, वाण, शक्ति, वज्र र दण्ड अनि वायाँ आठ वाहुमा खेटक (एक प्रकारको हतियार), ढाल, धनु, पाश, अंकुश, घण्टा, वन्चरो, मुशल धारण गरेकी, दाहिने पाउ सिंहमाथि र देब्रे पाउ काटिएको राँगोमाथि कुल्चेर उभिएकी, दायाँ हातको भालाले काटिएको राँगोको घाँटीवाट

निस्केको महिषासुरलाई रोपेकी, योगनिद्रा, महामायारूपिणी, जगत्लाई पाल्ने, जगत्मै व्याप्त भएकी "भद्रकाली" को रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । आलसको फूल जस्तो वर्ण भएबाट बलस्वरूपिणी भन्ने बुझिन्छ । जटामुकुट धारण गरेबाट महाप्रपञ्चेश्वरी, अर्धचन्द्रमुकुट पहिरेबाट विश्व नायिका भन्ने बुझिन्छ । ठूलो शरीर भएकी भन्नाले तृप्ति स्वरूपिणी टल्केको कुण्डल कानमा पहिरेकीबाट दिव्य श्रुतिस्वरूपिणी, छातीमा नाग र सुनको हार पहिरेबाट जगन्नियन्त्री (संसारको नेतास्वरूपिणी) भन्ने बुझिन्छ । सोह्र बाहुले युक्त भएकीबाट सोह्रै कलाले युक्त स्वरूपकी भन्ने बुझिन्छ । दाहिने आठ बाहुमा रहेका शूल (भाला)बाट वायव्य ताप (हावाको वेग) खड्गबाट विजय, शङ्खबाट अनाहत नाद, चक्रबाट संसार चक्र, बाणबाट पापमोचनशक्ति, शक्तिबाट वर्कत, वज्रबाट विद्युत्शक्ति र दण्डबाट शासन अनि बायाँ आठ हातमा रहेका खेटक (एक प्रकारको हतियार)ले विद्वेषणशक्ति, ढालबाट रक्षा, धनुबाट ज्ञान, पाशबाट वशीकरणशक्ति, अंकुशबाट स्तम्नशक्ति, घण्टाबाट आहत नाद, वन्चरोबाट अष्टाङ्गयोग र मुशलबाट प्रपञ्चस्वरूपिणी भन्ने बुझिन्छ । दाहिने पाउ सिंह-माथि र बायाँ पाउ काटिएको रांगोमाथि कुल्चेर उभिएकीबाट क्रोधादिलाई नाश गरी ज्ञानलाई वढाउने शक्तिरूपिणी भन्ने बुझिन्छ । वायुको वेगरूपी भालाले कामक्रोधादि पशुरूप महिषासुरलाई रोपेवाट कामक्रोधादिलाई हावाले उडाइदिएर इतरवितर पारिदिएको भन्ने र योगनिद्रा 'महामायारूपिणी' जगत्लाई पाल्ने र जगत्मै व्याप्त भएकी भन्ने बुझिन्छ ।

यी पूर्वोक्त हृदयस्थानमा मध्यमा नाडीमा रहेका 'रुद्रचण्डादि' आठ देवीहरू र कण्ठस्थानमा वैखरी हुने अवस्थामा

रहेकी 'भद्रकाली' समेत गर्दा ९ देवीहरूलाई 'दुःखेन गम्यते' अर्थात् दुःखले पाईने वा 'दुःखेन गीयते' 'अर्थात् दुःखले गाइने' दुर्गा 'भन्ने नाम हुन गै' नव दुर्गा भनेर विश्वमा प्रख्यात भए।

इति श्री अष्टमातृका–अष्ट भैरव–
नव दुर्गा-प्रादुर्भाववर्णनं नाम
प्रथमः पटलः

अथ द्वितीय पटल

अक्षरहरूको वैखरी रूपसम्मको वयान पूर्व पटलमा भयो । अब यो दोस्रो पटलमा पृथक् पृथक् तत्त्वात्मक अक्षरको रूपमा प्रकट भएको कुरा वर्णन गरिन्छ । यसमा पहिले अकार-देखिका कला वर्णहरूका वर्णन हुन्छ ।

(अ)

यो स्वरवर्ण वाग्वात्मक हुनाले 'पश्चिमाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण हरियो र स्वाद अमिलो हुन्छ । गौरीकन्चुकीतन्त्रको मतअनुसार यो वर्णको ध्वनितरंग पुरुष-रूप हुन्छ । स्वरोदयको मतअनुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ–

अकारं विष्णुदैवत्यं वैष्णव्या चापराजितम्
शंखचक्रगदापाणिं चतुर्वक्त्रं चतुर्भुजम्
नीलजीमूतसंकाशं पीताम्बरधरं शुभम्
गरुडासनमारूढं सर्वदुष्टनिकृन्तनम्

यस ध्यानबाट गरुडमा चढेका, शंख, चक्र गदा, पद्म हातमा लिएका, पीताम्बर पहिरेका, चार मुख भएका, नीलो मेघ जस्तो वर्ण भएका [१] वैष्णवी शक्ति काखमा लिएका सबै दुष्ट नास्ने 'विष्णु'को रूप झल्कन्छ ।

---

१ वैष्णवी शक्तिको स्वरूपः–
शोणपद्मप्रतीकाशां मुक्तमूर्धजलम्बिनीम्

यस ध्यानबाट रातो कमल जस्तो वर्ण भएकी, केश तलसम्म छोडेकी, सुनको कुण्डल पहिरेकी, सुवर्णरत्नजडित किरीट र सूत्र लाएकी, कालो, सेतो, रातो, तीन नेत्र भएकी, रातो पोशाक पहिरेकी, रातो दाँत भएकी, शिरीष झैं नाक भएकी, चार बाहु भएकी, दाहिने हातमा खड्ग र जपमाला बायाँ हातमा वर र अभय धारण गरेकी, स्तन, उठेकी 'अपराजिता वैष्णवी'को मूर्ति झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । गरुडमा चढेको भन्नाले खेचररूप, शङ्खबाट नादरूप, चक्रबाट रक्षा, गदाबाट ज्ञान र पद्मबाट ऐश्वर्य रूप भन्ने बुझिन्छ । पीताम्बर पहिरेबाट भोगरूप, चार मुख भएबाट चार आत्मा, नीलो मेघ जस्तो वर्ण भएबाट शुद्ध सत्त्वगुणात्मक रूप, वैष्णवीलाई काखमा लिएबाट वैभवात्मक रूप भन्ने बुझिन्छ । सबै दुष्ट नास्ने भन्नाले यस अक्षरबाट जुन तत्त्व निस्कन्छ त्यसबाट सबै दुष्ट प्रकृति हराउने हुन्छ । यस ध्यानबाट यो बुझिन्छ कि मन खाली राखेर 'अ'को मनन गर्दा जुन तत्त्व निस्कन्छ त्यसबाट हरेक किसिमको अनिष्ट नाश हुन्छ । चिन्तामणि तन्त्रमा यस्तो ध्यान बताइएको छ ।

लसत्कान्चनसम्भूतकुण्डलोज्ज्वलशालिनीम्
स्वर्णरत्नसमुन्नद्धकिरीटसूत्रधारिणीम्
कृष्णशुक्लारुणैर्नेत्रैस्त्रिभिश्चारुविभूषिताम्
बन्धूकदन्तवसनां शिरीषप्रभनासिकाम्
कम्बुग्रीवां विशालाक्षीं सूर्यकोटिसमप्रभाम्
चतुर्भुजां सुवसनां पीनोन्नतपयोधराम्
दक्षिणाभ्यां कराभ्यां तु खड्गं च जपमालिकाम्
बिभ्रतीं वामहस्ताभ्यामभयं च वरं तथा

तन्त्रान्तरमा यस प्रकारको ध्यान छ–

चामीकरनिभः शूलगदाराजद्भुजद्वयः
चतुरास्योतिकायः स्यादकारः कूर्मवाहनः

यस ध्यानवाट सुन जस्तो वर्ण भएका, दुई वाहु, चार मुख, बाहुमा शूल र गदा धारण गरेका, कछुवामाथि चढेका, कामदेव जस्ता राम्रा अकाररूप भन्ने बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सुन जस्तो वर्ण भएवाट आरोग्य, दुई वाहुवाट अहं आत्मा, चार मुखवाट चार आत्मा, शूलवाट वायुको वेग, गदावाट वीरत्व, कछुवामाथि चढेवाट जगत् आधार रूप, कामदेव जस्ता राम्रा भएवाट जगन्मोहन रूप भन्ने बुझिन्छ ।

आगमान्तरमा 'अ'को स्त्रीरूप यस प्रकार वताइएको छ–

अजामुखी रक्तवर्णा हंसगा धवलांशुका
शरासरं वरं दक्षे धत्ते वामे शराभयौ

यस ध्यानवाट वोकाको मुख भएकी, लाल वर्ण भएकी, हाँसमाथि चढेकी, सेतो पोशाक लगाएकी, दाहिने हातमा धनु र वरदमुद्रा अनि वायाँ हातमा वाण र अभय धारण गरेकी, अकार-रूपिणी भन्ने बुझिन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । वोकाको मुख भएवाट कामरूपिणी, लाल वर्ण भएवाट सौभाग्य, हाँसमाथि चढेवाट जीवरूपिणी, सेतो पोशाक पहिरहेवाट सत्त्वगुणात्मिका, दाहिने हातको धनुवाट ज्ञान र वरदामुद्रावाट अभीष्टसिद्धि अनि वायाँ हातमा रहेको वाणवाट पापमोचन-शक्ति र अभयवाट निडरपना भन्ने बुझिन्छ ।

(आ)

यो अक्षर वाय्वात्मक हुनाले 'पश्चिमाम्नायात्मक' भन्ने सिद्ध हुन्छ। यसको वर्ण हरियो र स्वाद अमिलो हुन्छ। गौरीकञ्चुकीतन्त्रको मतअनुसार यो वर्णको ध्वनितरंग स्त्रीरूप हुन्छ। स्वरोदयको मतअनुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ–

आकारं ब्रह्मदैवत्यं हंसारूढं चतुर्भुजम् ।
चतुर्वक्त्रं सुरूपं च सुरक्तायतलोचनम् ।।
दण्डं कमण्डलुं चैव मुंजमेखलधारिणम् ।
ब्रह्मसूत्रधरां देवीं ब्रह्माणीं प्रतिपद्यताम् ।।

यस ध्यानबाट हाँसमाथि चढेकी, चार बाहु र चार मुख भएकी, ठूला ठूला लाल आँखा भएकी, दण्ड, कमण्डलु, वर, अभय हातमा लिएकी, मुंज-मेखला धारण गरेकी, जनै लाएकी ब्रह्माणीको स्वरूप बुझिन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। हाँसमाथि चढेबाट जीवरूपिणी, चार हात र चार मुखबाट चार आत्मा स्वरूपिणी, ठूला ठूला लाल आँखाबाट रक्त विन्दु-रूपिणी भन्ने बुझिन्छ। हातमा रहेका दण्डबाट रजोगुणात्मिका, कमण्डलुबाट तीर्थरूपिणी, वरबाट अभीष्ट-सिद्धि, अभयबाट निडरपना भन्ने बुझिन्छ। जनै पहिरेबाट पवित्रता भन्ने बुझिन्छ।

(–इति तन्त्रचिन्तामणिवचनम्)

पाशांकुशकरा श्वेता पद्मसंस्थेभवाहना ।
षष्ट्यूर्ध्वयोजनमिता स्यादामौक्तिकभूषणा ।।

यस ध्यानबाट पाश, अंकुश हातमा लिएकी, सेतो वर्ण

भएको, हात्तीमाथि कमलमा बसेकी, साठी योजनभन्दा ठूलो शरीर भएकी, मोती पहिरेकी, 'आ' रूपिणी शक्तिको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पाश र अंकुश हातमा लिएबाट वशीकरण र स्तम्भन-रूपिणी भन्ने बुझिन्छ । सेतो वर्ण भएबाट सत्त्वगुणात्मिका, हात्तीमाथि कमलमा बसेबाट पृथ्व्यात्मक आधाररूपिणी भन्ने बुझिन्छ । साठी योजनभन्दा ठूलो शरीर भन्नाले 'आ' तत्त्वको गति साठी योजनभन्दा पर पुग्न सक्ने भन्ने बुझिन्छ मोती पहिरेबाट शीतलता भन्ने बुझिन्छ ।

(–इति तन्त्रान्तरवचनम्)

आकाराख्यार्थवर्णीत्तु श्यामा शुक्लांवरांशुका ।
धत्त खट्वाङ्गखेटं च क्रमैणैववराभयौ ।।

यस ध्यानबाट श्याम वर्ण भएकी, सेतो पोशाक पहिरेकी, चार हातमा खट्वाङ्ग, खेटक (एक प्रकारको हतियार), वरद मुद्रा र अभयमुद्रा धारण गरेकी 'आ' कार रूपिणी शक्ति भन्ने बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । श्याम वर्ण भएबाट सर्वव्यापी, सेतो पोशाक पहिरेबाट सत्त्वगुणात्मिका, चार हात भएबाट चार आत्मा, खट्वाङ्गबाट तापत्रयनाशक, खेटकबाट विद्वेषण शक्ति, वरद मुद्रावाट अभीष्ट सिद्धि, अभय मुद्रावाट निडर भन्ने बुझिन्छ ।

(–इति आगमान्तरवचनम्)

(इ)

यो स्वरवर्ण तैजस हुनाले 'पूर्वाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण रक्त (रातो) र स्वाद तीतो हुन्छ । गौरी-कञ्चुकीतन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग स्त्रीरूप हुन्छ ।

स्वरादयको मतानुसार यसको यान्त्रिक रूप त्रिकोणाकार (माथितिर चुच्चो फर्केको) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ–

इकारं पार्वती देवी सौम्यरूपा त्रिलोचना ।
सुभ्रूललाटविम्बोष्ठी वलित्रितयशालिनी ।।
कुटिला कुञ्चिताकेशी पीनोन्नतपयोधरा ।
हरितभा पद्मसंख्या वराभयकरा स्मरेत्

यस ध्यानवाट हरियो वर्ण, सौम्य रूप, तीन आँखा, राम्रो निधार र रातो ओठ भएकी, घुम्रेको कपाल र उठेको स्तनले युक्त भएकी, दुई हातमा वर र अभय धारण गरेकी, कमलमाथि वसेकी इकाररूपिणी पार्वती देवीको रूप कल्पन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । हरियो वर्ण भएवाट निरुपद्रवता, सौम्यरूपवाट सत्त्वगुणत्मिका, तीन आँखावाट तीन विन्दुरूप, अहंकारात्मिका, राम्रो निधार भएवाट सौभाग्यवती, लाल ओठ भएवाट वाचाल शक्ति, घुम्रेको कपालवाट प्रपञ्चरूप, उठेको स्तनवाट विश्वंभरा, वरवाट अभीष्टसिद्धि, अभयवाट निडर, कमलमाथि वसेवाट वैभव रूप भन्ने बुझिन्छ ।

(–इति तन्त्रचिन्तामणिवचनम्)

पीतं करांतकुलिशं परशुवैरिनाशनम् ।
द्व्यंकयोजनमानं स्यादिकारं कच्छपस्थितम् ।।

यस ध्यानवाट पहेंलो वर्ण भएका, कुलिश (वज्र), वन्चरो हातमा लिएका, वाह्र योजन ठूला, कछुवामाथि वसेका इकार रूप हुन् ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। पहेंलो वर्ण भएवाट वैभवरूप, कुलिश (वज्र) हातमा लिएवाट विद्युत् तत्त्वरूप र बन्चरोबाट अष्टाङ्गयोग रूप भन्ने बुझिन्छ। वाह्र योजन भएवाट 'इ' तत्त्वको गति वाह्र योजन पुग्न सक्ने भन्ने बुझिन्छ। कछुवामाथि वसेवाट आधार-शक्ति भन्ने बुझिन्छ।

(इति तन्त्रान्तरवचनम्)

इकाराख्या त्विलादेवी श्वेता मत्ते भगा शुभा।
चन्द्रहासवरौ दक्षे वामे धत्ते गदाभयौ ।।

यस ध्यानबाट सेतो वर्ण भएकी, चार हात भएकी, दाहिने हातमा चन्द्रहास खड्ग (खुंडा) र वर तथा वाया हातमा गदा र अभय धारण गरेकी, मत्ता हात्तीमा चढेकी इलादेवी भन्ने इकारको रूप बुझिन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। सेतो वर्ण भएवाट सत्त्वगुणात्मिका, चार हात भएवाट चार आत्मा, दाहिने हातमा रहेको चन्द्रहास खड्ग (खुंडा) वाट विजय, वरवाट अभीष्ट-सिद्धि, वायां हातमा रहेको गदावाट वीरत्व र अभयवाट निडर भन्ने बुझिन्छ। मत्ता हात्तीमाथि चढेकी भन्नाले मदलाई दमन गरेर बसेकी भन्ने बुझिन्छ।

(इति आगमान्तरवचनम्)

(ई)

यो स्वरवर्ण तैजस हुनाले "पूर्वाम्नायात्मक" भन्ने सिद्ध हुन्छ। अतः यसको वर्ण रक्त (रातो) र स्वाद तीतो हुन्छ। गौरी-कन्चुकीतन्त्रको मतअनुसार यसको ध्वनितरंग स्त्रीरूप हुन्छ। स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप त्रिकोणाकार (माथितिर

चुच्चो फर्केको) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

ईकारमीश्वरं विद्याज्जटामुकुटधारिणम् ।
शशांकशेखरं देवं पंचवक्त्रं त्रिलोचनम् ।।
कपालमालिनं देवं चतुर्दोर्दण्डधारिणम् ।
त्रिशूलं डमरुं दक्षे वामे रत्नं तथा घटं ।।
वामोरुस्था च रक्ताभा वराभयकरा शिवा ।
शिवः शक्त्या सहैकोयं त्रिदशैरपि दुर्लभ ।।

यस ध्यानवाट श्वेत वर्ण भएका, जटामुकुट धारण गरेका (जुरो पारेका) वाल चन्द्र धारण गरेका, पांच मुख, तीन आँखा भएका, कपालमाला पहिरहेका, चार हात भएका, दाहिने दुई हातमा त्रिशूल र डमरु अनि वायाँ हातमा रत्न र कलश धारण गरेका लाल वर्ण भएकी, वर र अभय हातमा लिएकी शक्तिलाई वायाँ काखमा राखेर शिवशक्ति स्वरूपले एकै रूप भएका देवताहरूले पनि पाउन दुर्लभ भएका ईकार रूप ईश्वरको मूर्ति ठहल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । श्वेत वर्ण भएवाट सत्त्वगुणात्मक र शीतरूप, जटामुकुट धारण गरेवाट प्रपञ्चरूप, बालचन्द्र धारण गरेवाट अमृतमय, पाँच मुख भएवाट पंचतन्मात्रा रूप, तीन आँखा भएवाट तीन विन्द्वात्मक अहंरूप, कपालमाला पहिरेवाट विवेक तथा बुद्धिरूप, दाहिने दुई हातमा रहेका त्रिशूलवाट त्रिविधतापनाशक र डमरुवाट नाद अनि वायाँ हातमा रहेका रत्नवाट वैभव र कलशवाट श्रीः भन्ने बुझिन्छ । लाल वर्ण भएकी भन्नाले रजोगुणात्मक उष्णरूपिणी, वरवाट अभीष्ट सिद्धि, अभयवाट निडर भन्ने बुझिन्छ । त्यस्ती

शक्तिलाई काखमा लिएर एक रूप भएवाट समशीतोष्ण रूप भन्ने बुझिन्छ ।

(–इति तन्त्रचिन्तामणि-वचनम्)

दशयोजनदीर्घाधानाहासौ हंसवाहना
ईःस्यात् पुष्टिप्रदा श्वेता मौक्तिकाढया सिताननां

यस ध्यानवाट मोती जस्तो सेतो वर्ण भएकी, पुष्टि दिने, दश योजनसम्मकी अग्ली, हाँसमाथि चढेकी वर र अभय हातमा लिएकी ईकार शक्तिको रूप ठुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । मोती जस्तो सेतो वर्ण भन्नाले सत्त्वगुणात्मिका, पुष्टि दिने भन्नाले मन खाली राखेर यो अक्षरको उच्चारण हुँदा पुष्टि हुने, दश योजनसम्मकी अग्लो भन्नाले यो 'ई' तत्त्वको गति दश योजन पर पुग्न सक्ने भन्ने बुझिन्छ । हाँसमाथि चढेवाट जीवरूप, वरवाट अभीष्ट सिद्धि र अभयवाट निडरपन भन्ने बुझिन्छ ।

(–इति तन्त्रान्तरवचनम्)

इश्वरी स्वर्णवर्णाभा वृषारूढा सितांशुका
शारिकां च वरं दक्षे वामे धत्ते शुकाभयौ

यस ध्यानवाट सुनौला वर्ण भएकी, सांढेमाथि चढेकी, कालो अलख भएकी, चार वाहु भएकी, दाहिने हातमा सारिका (मैना चरा) र वर तथा बायाँ हातमा सुगा र अभय धारण गरेकी, 'ई' कार रूपिणी ईश्वरीको रूप ठुल्छन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सुनौला वर्ण भएवाट आरोग्यरूपिणी, साँढेमाथि चढेकी भन्नाले धर्मरूपिणी,

कालो अलख भएकी भन्नाले प्रपञ्चरूपिणी, चार वाहु भएकीवाट चार आत्मा रूपिणी, दाहिने हातमा रहेका सारिका (मैना चरा) वाट पनि बाचाल शक्ति र वरबाट अभीष्ट सिद्धि, वायाँ हातमा रहेका सुगावाट बाचाल शक्ति, अभयवाट निडरता भन्ने बुझिन्छ ।

(–इति आगमान्तर-वचनम्)

(उ)

यो अक्षर पार्थिवात्मक हुनाले अधराम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण पहेंलो र स्वाद गुलियो हुन्छ । गौरीकञ्चुकी-तन्त्रको मतअनुसार यो वर्णको ध्वनितरंग पुरुषरूप हुन्छ । स्वरोदयको मतअनुसार यसको यान्त्रिक रूप चतुरस्र हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

उकारो विनतापुत्रः स्वयं तार्क्ष्यपतिः शुभः
अव्याहतगतिर्नित्यं भुवनानि चतुर्दश
हरिवहा तु तद्देवी यक्षभूतविनाशिनी
गारुडी सा तु विज्ञेया सर्वदुष्टविनाशिनी
सर्वेषां च ग्रहादीनां उन्मादकारिणी शुभा
रक्तस्तार्क्ष्यस्तथा देवी पीताभा पक्षसंयुतौ
ध्वजपद्मकरस्तार्क्ष्ये गारुडी वरदाभया

यस ध्यानवाट चौधै भुवनसम्म सजिलैसँग पुग्न सक्ने गति भएका, लाल वर्णका, दुई हातमा ध्वजा र कमल लिएका, पखेटा भएका विष्णुलाई वोक्ने स्वयं विनताको छोरा गरुडरूपी "उ" कार हुन् । फेरि उनको साथमा पहेंलो वर्णकी दुई हातमा वरद मुद्रा र अभय मुद्रा धारण गरेकी सबै दुष्ट र यक्ष भूतहरूलाई नाश गर्ने र सबै ग्रहहरूलाई उन्माद गराउने पखेटा भएकी गारुडी शक्ति अवस्थित छन् ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । चौध भुवन-सम्म सजिलैसँग पुग्न सक्ने भन्नाले सर्वव्यापी भन्ने बुझिन्छ । लाल वर्णवाट सौभाग्यरूप, दुई हातवाट अहं आत्मास्वरूप, एक हातमा रहेको ध्वजावाट विश्वनायक, कमलवाट ब्रह्माण्डस्वरूप, पखेटा भएवाट खेचरतत्त्व, विष्णुलाई बोक्ने भन्नाले विष्णु जलतत्त्वात्मक देवता हुनाले र 'सर्वेषां जीवनं पयः' भन्ने आगमोक्ति हुनाले विष्णुलाई बोक्ने भएवाट जगत्कै जीवनलाई बोकेको हुनाले परमामृतरूप भन्ने बुझिन्छ । पहेंलो वर्ण गरेकी भन्नाले श्रीः, वरदमुद्रावाट अभीष्टसिद्धि, अभय मुद्रावाट निडरपना भन्ने बुझिन्छ। मन खाली राखेर यो मन्त्र जपेमा सबै भूत, दुष्टहरू नाश गराउन सक्ने भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

तन्त्रान्तरमा उ, ऊ दुवैको ध्यान एकै प्रकार बताइएको छ । जस्तो–

गदांकुशकरं काकवाहनं कृष्णभूषणम् ।
योजनद्विसहस्राणां मानमुद्वयमक्षरम् ।।

यस ध्यानवाट गदा र अंकुश हातमा लिएको, कागमा चढेको, कालो वस्त्र पहिरेको, दुई हजार योजन प्रमाणको 'उ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । गदाबाट वीरत्व, अंकुशवाट स्तम्भन, कागमा चढेवाट चंचलता, कालो वस्त्र पहिरेको भन्नाले सबै रंग कालो रंगमै मिल्ने भएकोले सर्वाकर्षकरूप भन्ने बुझिन्छ । दुई हजार योजन भन्नाले 'उ' तत्त्वको रूप दुई हजार योजनपर पुग्न सक्ने भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

उग्रादेवी ह्युकाराख्या षड्भुजा सिंहगासिता ।
दक्षेशूलांकुशवरान् वामे पाशगदाभयान् ।।

यस ध्यानबाट छ हात भएकी, सिंहमा वसेकी, कालो वर्ण भएकी, दाहिने हातमा भाला, अंकुश र वरदमुद्रा अनि वायाँ हातमा पाश, गदा र अभयमुद्रा धारण गरेकी, उकाररूपिणी उग्रा देवीको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । छ हात भएकी भन्नाले षड्रस, सिंहमाथि वसेकी भन्नाले ज्ञानरूप, कालो वर्ण भएबाट सर्वाकर्षक रूप भन्ने बुझिन्छ । दाहिने हातमा रहेका भाला-बाट वायव्यताप, अंकुशबाट स्तम्भन, वरद मुद्राबाट अभीष्टसिद्धि र बायाँ हातमा रहेका पाशबाट वशीकरण, गदाबाट वीरत्व र अभय मुद्राबाट निडरपना भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ऊ)

यो अक्षर पार्थिवात्मक हुनाले 'अधराम्नायात्मक' हो । यसको वर्ण पहेंलो र स्वाद गुलियो हुन्छ । गौरीकंचुकीतन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग पुरुषरूप हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप चतुरस्र हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ--

ऊकारो हंस इत्युक्तः शङ्खकुन्देन्दुसन्निभः ।
पक्षिरूपधरो दिव्यो राजहंसस्वरूपभाक् ।।
स्मरणात् तस्य नश्यन्ति सर्वपापानि तत्क्षणात् ।

यस ध्यानबाट शंख जस्तो सेतो, टल्कने, कुन्दपुष्प जस्तो गाढा सेतो र चन्द्रमा जस्तो झल्कने सेतो रूप भएका, रजहाँस जस्ता

चरारूप भएका, हंस आत्मारूप 'ऊ' कार रूप हुन्। यिनलाई सम्झँदैमा सबै पाप नाश हुन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। शंख जस्ता भन्नाले नादरूप, कुन्दपुष्प जस्ता भन्नाले सत्त्वगुणात्मक रूप, चन्द्रमा जस्ता भन्नाले अमृत रूप, रजहांसको स्वरूप भएको भन्नाले परमहंस रूप भन्ने बुझिन्छ। मन खाली राखेर यसको मनन गर्नाले सबै पाप नाश हुन्छ।

(इति तन्त्रचिन्तामणिवचनम्)

तन्त्रान्तरमा ह्रस्व 'उ' र दीर्घ 'ऊ' को ध्यान एउटै हुन्छ भन्ने माथि नै उल्लेख भएकोले यहाँ लेखिरहनुपरेन।

उकारोर्जस्वलादेवी शार्दूलवरवाहना।
रक्ता चतुर्भुजा धत्ते खड्गखेटवराभयान्॥

यस ध्यानबाट बाघमाथि चढेकी, लाल वर्ण भएकी, चार हात भएकी, दाहिनेपट्टिको माथिल्लो हातमा खड्ग र तल्लोमा अभय, अनि देब्रेपट्टिको माथिल्लो हातमा खेटक र तल्लोमा वरद-मुद्रा धारण गरेकी 'ऊ' काररूप ऊर्जस्वला देवीको स्वरूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। बाघमाथि चढेबाट अष्टाङ्गयोगरूप, लाल वर्णबाट सौभाग्यरूप, चार हात भएबाट चार आत्मा, दाहिने हातमा रहेको खड्गबाट विजय, अभयमुद्राबाट निडरपना र बायाँ हातमा रहेको खेटकबाट विद्वेषण-शक्ति, वरद मुद्राबाट अभीष्टसिद्धिरूपिणी ऊर्जस्वला देवी भन्ने बुझिन्छ।

(इति आगमान्तरवचनम्)

(ऋ–ॠ–ऌ–ॡ)

ऋॠऌॡ चतुर्वर्णाश्चतुर्वेदस्वरूपकाः ।
ऋॠऌॡ यी चार अक्षर चार वेदस्वरूप हुन् ।।

(इति तन्त्रचिन्तामणिवचनम्)

जस्तैः–

(ऋ)

ऋग्वेदः श्वेतवर्णः स्याद् द्विभुजो रासभाननः ।
अक्षमालाभयः सौम्यः प्रीतश्चाध्यापने रतः ।।

यस ध्यानवाट ऋ कार सेतो वर्णका दुई हात भएका, गधाको जस्तो मुख भएका, अक्षमाला र अभयमुद्रा हातमा लिएका सौम्य र प्रसन्न अनुहारका ऋग्वेदस्वरूप भन्ने बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएवाट सत्त्वगुणात्मिका, दुई हातवाट अहं आत्मा, गधाको मुख भएवाट सन्तोषरूप भन्ने बुझिन्छ । अक्षमालावाट मन्त्ररूप, अभय मुद्रावाट निडरस्वरूप सौम्य र प्रसन्न रूपका ऋग्वेद भन्ने बुझिन्छ ।

(ॠ)

अजास्यः पीतवर्णः स्यात् यजुर्वेदोक्षसूत्रधृक् ।
वामेकुलिशपाणिस्तु भूतिदो मंगलप्रदः

यस ध्यानवाट ऋकार पहेंलो वर्णको, दुई हात भएको, दाहिनेमा अक्षमाला र देब्रेमा वज्र धारण गरेको, वोकाको जस्तो मुख भएको, ऐश्वर्य र मंगल प्रदान गर्ने यजुर्वेदस्वरूपको बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। पहेंलो वर्ण भएवाट वैभवरूप, दुई हात भएवाट अहं आत्मा, अक्षमाला भएवाट मंत्ररूप, वज्रवाट विद्युत्प्रभारूप, वोकाको मुख भएवाट कामरूपका ऐश्वर्य तथा मंगल प्रदान गर्ने यजुर्वेदको स्वरूप भन्ने बुझिन्छ।

(ऌ)

नीलोत्पलदलाभासः सामवेदो हयाननः
अक्षमालान्वितो दक्षे वामे कम्बुधरः स्मृतः

यस ध्यानवाट ऌकार नीलकमलको पात जस्तो वर्ण भएका, घोडाको जस्तो मुख भएका, दाहिने हातमा अक्षमाला र देब्रे हातमा शङ्ख धारण गरेका, सामवेदस्वरूपको बुझिन्छ।

कसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। नीलकमलको पात जस्तो वर्ण भएवाट मोक्षरूप, घोडाको जस्तो मुख भएवाट वेगरूप भन्नुपर्ने हो, तर यहाँ सामवेद शास्त्रीय गानको मूल हुनाले यस पदवाट सप्तस्वरको स्रोत भन्ने बुझिन्छ। (यही निदानअनुसार तुम्बुरु ऋषिको पनि घोडाकै मुखको कल्पना भएको हो।) अक्षमालावाट मंत्ररूप, शंखवाट सबै प्रकारको नाद भन्ने सामवेदको स्वरूप बुझिन्छ।

(ॡ)

अथर्वणाभिधो वेदो धवलो मर्कटाननः
अक्षसूत्रञ्च खट्वाङ्गं विभ्राणोऽयं जयप्रदः

यस ध्यानवाट ॡकार सेतो वर्णको, वाँदरको मुख भएको, दुई हातमा अक्षमाला र खट्वाङ्ग धारण गरेको, जय दिने

अथर्ववेदस्वरूपको झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएवाट सत्त्वगुणात्मक, बाँदरको मुख भएवाट आरोह र अवरोह गर्न सक्ने कुण्डलीशक्ति सम्झनुपर्ने हो, तर यहाँ आरोहक्रमवाट ज्ञान र अवरोहक्रमवाट कर्म बुझिनाले ज्ञानकाण्डात्मक र कर्मकाण्डात्मक भन्ने बुझिन्छ । दुई हात भएवाट अहम् आत्मा, अक्षमालावाट मंत्ररूप, खट्वाङ्गवाट तापत्रयनाशक रूपका, जय दिने, अथर्ववेदको स्वरूप बुझिन्छ ।

(ॠ)

यो वर्ण जलात्मक हुनाले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण अस्मानी र स्वाद टर्रो हुन्छ । गौरीकच्चुकीतन्त्रको मतानुसार यो वर्णको ध्वनि-तरंग क्लीव हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्धचन्द्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तोरूप वन्छ । तन्त्रान्तरमा ॠ, ॠ दुवैको ध्यान एकै प्रकारको वताइएको छ ।

जस्तै—

पाशशक्तिभुजं रक्तं वह्निबिंवस्थितोष्ट्रगम्
उक्तप्रमाणकालध्नम् ॠ ॠ वर्णद्वयं भवेत्

यस ध्यानवाट पाश र शक्ति हातमा लिएका, रातो वर्णका, अग्निमंडलमा रहेका, ऊँट वाहन भएका, दुई हजार योजन प्रमाणका दुवै ॠ, ॠ भन्ने बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पाशबाट वशीकरण, शक्तिवाट वर्कत, रातो वर्णभएवाट हर्षरूप, अग्निमंडलमा रहेवाट तेजःस्वरूप, ऊँट वाहन भएवाट सहिष्णुतारूप, दुई हजार

योजन प्रमाण भएवाट ऋ, ॠ अक्षरको गति दुई हजार योजन पुग्न सक्ने भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

ऋतुधामा ऋकाराख्या रक्तवर्णा वृषस्थिता
दक्षे पाशवरौ धत्ते तथा वामेंकुशाभयौ

यस ध्यानवाट रातो वर्ण भएकी, साँढेमाथि वसेकी, चार वाहु भएकी, दाहिने हातमा पाश र वरदमुद्रा, देब्रे पट्टि अंकुश र अभयमुद्रा धारण गरेकी ऋतुधामास्वरूप ऋकारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रातो वर्ण भएवाट हर्षरूपिणी, साँढेमाथि चढेवाट धर्मरूपिणी, चार वाहु भएवाट चार आत्मा, दाहिने हातमा रहेको पाशवाट वशीकरण, वरदमुद्रावाट अभीष्टसिद्धि, देब्रे हातमा रहेको अंकुशवाट स्तम्भन-रूपिणी, अभयमुद्रावाट निडररूपिणी, ऋतुधामास्वरूप ऋकार भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ॠ)

यो वर्ण जलात्मक हुनाले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण अस्मानी र स्वाद टर्रो हुन्छ। गौरीकञ्चुकी-तन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग क्लीव, स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्धचन्द्राकार हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

ऋकाराख्या रेणुकेयं षडास्या षड्भुजान्विता
शूलं पाशं वरं दक्षे वामे खड्गवराभयान्
दधाति रक्ता सिंहस्था क्रूरालोकभयंकरा

यस ध्यानवाट छ मुख भएकी, छ हात भएका, दाहिने-पट्टि भाला, पाश, वरदमुद्रा अनि देब्रेपट्टि खड्ग, वरदमुद्रा, अभयमुद्रा धारण गरेकी, रातो वर्णकी, सिंहमा बसेकी, क्रूर र भयंकर स्वरूपकी 'रेणुकादेवी' को रूप ऋृकाररूप ऋल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । छ मुख छ हात भएवाट षड्रसरूप, दाहिने हातमा रहेको भालावाट वायव्यताप, पाशवाट वशीकरण, वरदमुद्रावाट अभीष्टसिद्धि, अनि देब्रे हातमा रहेको खड्गवाट ज्ञानरूपिणी, वरदमुद्रावाट अभीष्टसिद्धि, अभय-मुद्रावाट निडररूपिणी, रातो वर्ण भएवाट हर्ष, सिंहमाथि वसेवाट विश्वराज्ञी, भयंकर रूप भएवाट ब्रह्मसूचक भन्ने बुझिन्छ । यहाँ दुवै हातमा वरदमुद्रा धारण गरेवाट भोग-मोक्ष दुवै दिने भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ऌ)

यो स्वरवर्ण आकाशात्मक हुनाले उत्तराम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण सेतोमा छिरविरे र स्वाद तीतो हुन्छ । गौरीकञ्चुकीतन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग क्लीव हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप विन्द्वाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ—

तन्त्रान्तरमा ऌ, ॡ दुवैको ध्यान एकै प्रकारको वताएको छ ।

जस्तै—

(ऌ-ॡ)

चतुरस्राब्जहंसस्थं पुष्परागसमप्रभम्
पाशवज्रकरं रौद्रं लृयुगं स्यान्निरोधनम्

यस ध्यानवाट पुष्परागमणि जस्तो रंग भएका, पाश र वज्र हातमा लिएका, भयानक, चार पात भएको कमलमा हाँस-माथि वसेका, दुवै ऌ-ॡ भन्ने ऋलकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पुष्परागमणि जस्तो रंग भएवाट दयारूप, पाश हातमा लिएवाट वशीकरणरूप, वज्रवाट विद्युत्प्रभारूप, भयानक भन्नाले ब्रह्मसूचक, चारपात भएको कमलमा हाँसमाथि वसेवाट मूलाधार चक्रमा जीवरूप भएर वसेको बुझिनाले पार्थिवतत्त्वात्मक जीवात्मरूप दुवै ऌ-ॡको रूप बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

ऌतंभरा ऌकाराख्या श्यामा व्याघ्रवरस्थिता
चतुर्मुखाष्टहस्तेयं धत्ते स्त्राणि करैः परैः

यस ध्यानवाट श्याम वर्णकी, वाघमाथि वसेकी, चार मुख, आठ हात भएकी, हातमा हतियारहरू लिएकी, 'ऌतंभरा' देवी-रूप ऌ कारको स्वरूप बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । श्याम वर्ण भएवाट व्यापकस्वरूपिणी, वाघमाथि वसेवाट अष्टाङ्गयोग, चार-मुख भएवाट चार आत्मा, आठ हात भएवाट अष्टसिद्धिस्वरूपिणी ऌतंभरा नामकी ऌकारको स्वरूप बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ॡ)

यो वर्ण आकाशात्मक हुनाले उत्तराम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण सेतोमा छिरविरे र स्वाद तीतो हुन्छ । गौरीकञ्चुकीतन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग क्लीव

हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप विन्द्वाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

ॡकारा ॡं जिकाख्यैषा पुष्पदंतगजस्थिता
रक्ता दशभुजार्धेन दक्षादिक्रमशः करैः
त्रिशूलपाशमुसलचन्द्रहासवरान् शुभान्
वामैः करैः खड्गखेटगदाशत्यभयांस्तथा

यस ध्यानवाट पुष्पदन्त हात्तीमा वसेकी, रातो वर्णकी, दश हात भएकी, दाहिने पाँचमा त्रिशूल, पाश, मुशल, चन्द्रहास खड्ग, वरदमुद्रा तथा देब्रे पाँचमा खड्ग, खेटक, गदा, शक्ति, अभयमुद्रा धारण गरेकी 'ॡं जिका' देवीरूप ॡकारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । पुष्पदन्त-हात्तीमा वसेवाट आधारशक्तिरूपिणी, रातो वर्णभएवाट सौभाग्य-रूपिणी, दश हातबाट दशदिक्स्वरूपिणी, दाहिने पाँचमा रहेका त्रिशूलवाट त्रिविधोत्पातनाशक, पाशबाट वशीकरण, मुशलवाट प्रपञ्चरूपिणी, चन्द्रहास खड्गवाट सिद्धि, वरदमुद्रावाट अभीष्ट-सिद्धि, देब्रे हातमा रहेका खड्गवाट ज्ञान, खेटकवाट विद्वेषण-शक्ति, गदावाट वैराग्य, शक्तिवाट वर्कत, अभयमुद्रावाट डरनाशक-शक्तिस्वरूपिणी 'ॡं जिका' देवीको ॡ कार रूप भन्ने बुझिन्छ ।

(– इति आगमान्तरवचनम्)

(ए)

यो स्वरवर्ण वाग्वात्मक हुनाले पश्चिमाम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण हरियो र स्वाद अमिलो हुन्छ । गौरी-कञ्चुकीतन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग पुरुष हुन्छ ।

स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ—

एकारं षड्मुखं विद्याच्चतुर्विशार्द्ध लोचनम्
शिखिवाहनमारूढं लोहिताभं चतुर्भुजं
शक्ति रत्नं तथा विद्यां मालां संदधतं करैः
स्मरणान्नाशयेदेष कौमारग्रहपीडनम् ।

यस ध्यानबाट रातो वर्ण भएका, छ मुख, बाह्र आँखा भएका, मुजूरमाथि चढेका, चार हातमा शक्ति, रत्न, पुस्तक र जपमाला धारण गरेका, (जसको) सम्झनाले नै बालग्रहको पीडा नाश हुने एकारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रातो वर्णबाट सौभाग्य, छ मुख भएबाट षड्रस, बाह्र आँखा भएबाट तपिन्यादि सूर्यको बाह्र कला बुझिनाले तेजोरूप भन्ने बुझिन्छ । मुजूरमाथि बसेबाट चैतन्यरूप, चार हातबाट चार आत्मा, शक्तिबाट बर्कत, रत्नबाट रक्षारूप, पुस्तकबाट विद्यारूप, जपमालाबाट मंत्ररूप एकार जसको सम्झनाले बालग्रहको पीडा नाश हुने भन्ने बुझिन्छ ।

(– इति तन्त्रचिन्तामणिवचनम्)

गदाफलारिपद्माढ्यकरं हारविभूषणम्
चक्रवाकस्थितं श्याममेकारन्तु महद् भवेत् ।

यस ध्यानबाट श्याम वर्ण भएका, बडा ठूला, हार पहिरेका, चार बाहुमा गदा, फल, चक्र र कमल धारण गरेका चक्रवाक (चखेवा) माथि बसेका एकाररूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । श्याम वर्ण

भएबाट व्यापकता, बडा ठूला भन्नाले ब्रह्मरूप, हार पहिरेबाट विश्वराट्, गदाबाट ज्ञानरूप, फलबाट अभीष्टसिद्धि, चक्रबाट विश्वचक्ररूप, कमलबाट वैभवरूप, चक्रवाक (चखेवा) माथि बसेबाट प्रेमरूपका एकारको रूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

एकाराख्या रेवती स्यात् दशास्या दण्डमालिनी ।
रक्ता विंशद्भुजा सिंहवाहना स्फारलोचना ।।
करैर्धत्ते चक्रशूलपाशखड्गकमण्डलून् ।
अक्षसूत्रं च चिन्मुद्रां भुसुण्डीं मुद्गरं वरं ।।
वामे धत्ते करैःशंखं भिदिरं मृगखेटकौ ।
कपालं दहनं शीर्षं दण्डं चैव गदाभयौ ।।

यस ध्यानबाट लाल वर्ण भएकी, दश मुख भएकी, ठूलो आँखा भएकी, सिंहमाथि बसेकी, बीस हात भएकी, दाहिने दश हातमा चक्र, भाला, पाश, खड्ग, कमण्डलु, अक्षमाला, ज्ञानमुद्रा, भुसुण्डी, मुंग्रो र बरदमुद्रा फेरि देब्रे दश हातमा शङ्ख, वज्र, मृग, खेटक, खप्परु, अग्निज्वाला, मुण्ड, दण्ड, गदा र अभयमुद्रा धारण गरेकी 'रेवती' नामकी एकाररूप ठहरिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । लाल वर्णबाट सौभाग्यरूपिणी, दश मुख भएबाट दश दिशा, ठूलो आँखा भएबाट दिव्य दृष्टीरूपिणी, सिंहमाथि बसेकीबाट विश्वराज्ञी, बीस हात भएबाट दाहिने हात प्राणादि दश वायुरूप र बायाँ दश इन्द्रियरूप भन्ने बुझिन्छ । दायाँ दश बाहुमा रहेका चक्रबाट विश्वचक्ररूपिणी, भालाबाट वायव्यतारूपिणी, पाशबाट वशीकरणरूपिणी, खड्ग-बाट विजय, कमण्डलुबाट पवित्रतारूपिणी अक्षमालाबाट मन्त्र-रूपिणी, ज्ञानमुद्राबाट ज्ञानरूपिणी, भुसुण्डीबाट विकर्षणशक्ति-

रूपिणी, मुंग्रोवाट वैराग्यरूपिणी, वरदमुद्रावाट अभीष्टसिद्धिरूपिणी र बायाँ दश वाहुमा रहेका शङ्खवाट नादरूपिणी, वज्रबाट विद्युत्शक्तिरूपिणी, मृगवाट मनरूपिणी, खटकवाट विद्वेषणशक्ति-रूपिणी, खप्परुवाट विवेक, अग्निज्वालावाट तेजःपुञ्जरूपिणी, मुण्डवाट ज्ञान, दण्डवाट रजोगुणात्मिका, गदावाट बुद्धि, अभयमुद्रा-वाट निडररूपिणी स्वरूपकी 'रेवती' नामकी एकाररूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ऐ)

यो वर्ण तेजसात्मक हुनाले पूर्वाम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण रातो र स्वाद पीरो हुन्छ । गौरीकञ्चुकी-तन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग स्त्रीरूप हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप माथितिर चुच्चो फर्केको त्रिकोणाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ—

ऐकारः सुरराजेन्द्र ऐरावतरथे स्थितः ।
तेजस्वी च सहस्राक्षः कुंकुमाभो महाबलः ।।
द्विभुजः सौम्यवदनो नेत्रत्रयविभूषितः ।
वज्रं च पारिजातं च हस्ताभ्यां धारयन् शुभः ।।

यस ध्यानबाट ऐरावतको रथमा बसेका, तेजिला कुंकुम जस्तो वर्णका, तीन नेत्र भएका, एक हातमा वज्र र अर्कोमा पारिजात धारण गरेका, सौम्य अनुहारका र खूब बलिया देवराज इन्द्ररूप ऐकारको स्वरूप झल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । ऐरावतको रथमा चढेवाट परिवर्तशील संसारात्मक, तेजिला भएवाट प्रकाशरूप, कंकुम

जस्तो वर्ण भएबाट आरोग्यरूप, तीन नेत्र भन्नाले तीन विन्द्वात्मक अहंरूप, वज्रबाट विद्युत्प्रभारूप, पारिजातबाट शीतोष्णरूप, सौम्य अनुहार भन्नाले शान्तिरूप, बलिया भन्नाले सामर्थ्यरूप देवताका राजा इन्द्ररूप ऐकारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

नवकुंकुमभाशूलवज्रवाहा द्विपस्थिता ।
कोटियोजनमाना स्यादैमूर्तिः कविताकरी ।।

यस ध्यानबाट नयाँ कुंकुम जस्तो कान्ति भएका, भाला र वज्र हातमा लिएका, हात्तीमा चढेको, कोटी योजन प्रमाणका ऐकारको मूर्ति झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। नयाँ कुंकुम जस्ता कान्ति भएका भन्नाले दीर्घायुरारोग्यरूप भन्ने बुझिन्छ । भालाबाट वायव्यताप, वज्रबाट विद्युत्प्रभा, हात्तीमा चढेबाट जगदाधारतत्त्व भन्ने बुझिन्छ । कोटी योजन प्रमाण भएका भन्नाले यो अक्षरको उच्चारणबाट कोटी योजन पर पुग्न सक्ने भन्ने ऐकारको स्वरूप झल्कन्छ ।

(इति तन्त्रान्तरवचनम्)

ऐकाराख्या शुष्कपूर्वा रेवती त्रिशिराहिता ।
मयूरगा षड्भुजेयं रक्तकेशैश्च संवृता ।।
दक्षैर्धत्ते करै श्चक्रं त्रिशूलं च वरं तथा ।
वामैः शंखं गदां गुर्वीं करैर्धत्तेऽभयं तथा ।।

यस ध्यानबाट तीन टाउको भएकी, मुजूरमाथि बसेकी, रातो कपाल भएकी, छ हात भएकी, दाहिनेपट्टि चक्र, त्रिशूल र

वरमुद्रा अनि वायाँपट्टि शंख, गदा र अभयमुद्रा धारण गरेकी शुष्करेवती रूप ऐ कारको स्वरूप ऊल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। तीन टाउको भएबाट त्रिगुणात्मिका, मुजूरमाथि वसेवाट चैतन्यरूपिणी,रातो कपाल भएवाट जोश, छ हात भएवाट षड्रसरूपिणी, दाहिनेपट्टि रहेका चक्रवाट रक्षारूपिणी, त्रिशूलवाट त्रिविधोत्पातनाशिनी, वरदमुद्रावाट अभीष्टसिद्धि अनि वायाँपट्टिका शङ्खवाट, नादरूपिणी, गदावाट वीरत्वशक्तिरूपिणी, अभयमुद्रावाट निडररूपिणी 'शुष्करेवती'को ऐकाररूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ओ)

यो वर्ण पार्थिवात्मक हुनाले अधराम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण पहेंलो र स्वाद गुलियो हुन्छ । गौरी-कञ्चुकीतन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग पुरुषरूप हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप चतुरस्र हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

ओकारं सिंहमारूढं त्रिनेत्रं च महाबलम्
शुभ्रं शिवस्वरूपं च द्विभुजं चन्द्रशेखरं
त्रिशूलरत्नं दधतं सौम्यरूपं सुशोभनम् ।
शिवदूती च सा देवी श्मशाननिलयप्रिया
रक्तवर्णा द्विहस्ता च वराभयकरा शुभा

यस ध्यानवाट सिंहमा चढेका, तीन नेत्र भएका, सेतो वर्णका, दुई हात भएका, चन्द्रमा पहिरेका, एउटा हातमा त्रिशूल र अर्को हातमा रत्न धारण गरेका, राम्रो र शान्त स्वरूपका, खव

बलिया शिवजी र श्मशानमा वस्न मन पराउने, रातो वर्णकी, दुई हात भएकी, एउटा हातमा वरदमुद्रा र अर्को हातमा अभयमुद्रा धारण गरेकी, शुभकरी शिवदूती समेतको ओकार रूप ठहरिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सिंहमा चढेवाट ज्ञानरूप, तीन नेत्र भएवाट तीन विन्द्वात्मक अहं आत्मास्वरूप, सेतो वर्ण भएवाट सोमात्मक पुरुषरूप, चन्द्रमा पहिरेवाट परमामृतरूप, एउटा हातमा रहेको त्रिशूलवाट त्रिविधोत्पातकनाशक, रत्नवाट रक्षा, राम्रो र शान्त स्वरूप भएवाट शुद्ध सात्त्विक मूर्ति, खूव बलियो भएवाट वलरूपी शिवजीको कल्याण मूर्ति भन्ने बुझिन्छ र साथमा रहेकी, श्मशानमा वस्न मन पराउने भनेवाट शून्याकाश-रूपिणी, रातो वर्ण भएवाट अन्यात्मक प्रकृतिरूपिणी, हातमा रहेका वरदमुद्रावाट अभीष्टसिद्धिरूपिणी र अभयमुद्रावाट निडर-रूपिणी शुभकरी शिवदूतीको स्वरूप भन्ने बुझिन्छ ।

(–इति तन्त्रचिन्तामणिवचनम्)

चिन्मयं सर्वशांन्तं द्विसहस्रकरोज्ज्वलम्
पीतं गोवृषसंस्थं स्यादोरूपं स्त्रीनरात्मकं

यस ध्यानवाट पहेंलो वर्णका, साँढेमाथि चढेका, दाहिने अंग पुरुषको र देव्रे अंग स्त्रीको रूप भएका, दुई हजार हात भएका, बहुतै शान्त, चिन्मयरूप ओकार ठहरिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पहेंलो रंग भएवाट भोगरूप, साँढेमाथि चढेवाट धर्म-स्वरूप, आधा अंग पुरुष र आधा अंग स्त्रीरूप भएवाट प्रकृतिपुरुषात्मक, दुई हजार वाहु भएवाट दुई हजार योजनसम्म एक पल्टको उच्चारणमा प्रभाव पर्ने स्वरूपका, बहुतै शान्त चिन्मयरूप ओकार भन्ने बुझिन्छ ।

(–इति तन्त्रान्तरवचनम्)

ओकारस्त्वश्विनी देवी रक्तवर्णा षडानना
मयूरगार्कवाहुः स्याद् धत्ते दक्षेंकुशं शरम्
खड्गं पाशं च चिन्मुद्रां वरं च केकरेक्षणा
वामे शूलं कार्मुकं च खेटं मुसलमेव च
पुस्तकं चाभयं चैव सर्वशत्रुभयंकरी

यस ध्यानवाट रातो वर्ण भएकी, छ मुख भएकी, मुजूरमाथि वसेकी, वाह्र वाहु भएकी, डेडो आँखा भएकी, दाहिने छ हातमा अंकुश, बाण, खड्ग, पाश, चिन्मुद्रा (ज्ञानमुद्रा) र वरदमुद्रा अनि वायाँ छ हातमा भाला, कार्मुक, (वाँसको धनु), खेटक, मुशल, पुस्तक र अभयमुद्रा धारणा गरेकी, सबै शत्रुलाई तर्साउने अश्विनी नाम गरेकी ओकारको स्वरूप ठ्हल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । रातो वर्ण भएवाट रजोगुणात्मिका, छ मुख भएवाट षड्रसात्मकरूपिणी, मुजूरमाथि वसेवाट चैतन्यरूपिणी, वाह्र हात भएवाट माथि बताएझैं वाह्र स्वर, डेडो आँखा भएवाट सर्वद्रष्ट्रीस्वरूपिणी, दाहिने हातमा रहेका अंकुशवाट स्तम्भनरूपिणी, वाणवाट पापमोचनरूपिणी, खड्गवाट विजयरूपिणी पाशवाट वशीकरण, चिन्मुद्रावाट ज्ञान, वरदमुद्रावाट अभीष्टसिद्धि, वायाँ हातमा रहेका भालावाट हावाको वेग, वाँसको धनुवाट वैराग्य, खेटकवाट विद्वेषणशक्ति, मुशलवाट प्रपञ्च, पुस्तकवाट विद्यारूपिणी, अभयमुद्रावाट निडरस्वरूपिणी शत्रुलाई तर्साउने अश्विनीस्वरूप ओकाररूप भन्ने बुझिन्छ ।

(—इति आगमान्तरवचनम्)

(औ)

यो वर्ण जलात्मक हुनाले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको वर्ण अस्मानी र स्वाद टर्रो हुन्छ । गौरीकञ्चुकी

तन्त्रको मतानुसार यो वर्णको ध्वनितरंग स्त्रीरूप हुन्छ । श्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्धचन्द्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

औकारो भैरवः साक्षाज्ज्वालाकपिललोचनः
दंष्ट्राकराली भीमश्च लेलिहानः सुभीषणः
त्रिपादः त्रिकरो ज्ञेय स्त्रिशीर्षः करशेखरः
आधारश्चार्द्ध मातृणां योगिनीनां सदालयः
शूलमुद्गरवीणासिवीणांकुशधरस्तथा
गजचर्म्मनिवद्धाङ्गः सर्पमेखलमण्डितः
सर्वाभरणसंयुक्तो मणिकुण्डलभूषितः
नृत्यन्नीलः श्मशानेषु क्रीडन् वेतालकैः सह

यस ध्यानवाट आगोको ज्वाला जस्ता कैला आँखा भएका, डरलाग्दो दाह्रा भएका, जिभ्रो चलाई रहने, अत्यन्त डरलाग्दो स्वरूप भएका, तीन पाउ, तीन हात वा किरण, तीन टाउको भएका, हातका मुकुट लाएका, अर्धमातृकाहरूको आधार-स्वरूप सदा योगिनीहरूमा आश्रयस्वरूप भएका, हातमा भाला, मुङ्ग्रोवीणा, खड्गवीणा, अंकुश धारण गरेका, हात्तीको छाला वाँधेका, सर्पको कन्धनी लाएका, सबै किसिमको गहना र मणि तथा रत्नजडित कुण्डल धारण गरेका, नीलो वर्ण भएका, वेतालहरूसँग क्रीडा गर्दै श्मशानमा नाचिरहेका, भैरवस्वरूप औकारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । आगोको ज्वाला जस्तो कैलो आँखा भएवाट अग्नितत्त्वात्मक रूप, डरलाग्दो दाह्रा भएवाट सत्त्वगुणात्मक, जिभ्रो चलाई रहेवाट रजोगुणलाई वहिष्कार गरेको, अत्यन्त डरलाग्दो स्वरूप भएवाट ब्रह्मत्त्वको

उत्पादन गरेको भन्ने ठ्हल्कन्छ । तीन टाउकोवाट श्रीगुणात्मक रूप, तीन हात वा किरणवाट अग्निसोमसूर्यात्मक तेजोरूप भन्ने बुझिन्छ । तीन पाउवाट भूर्भुवःस्वः यी तीन लोकलाई संकेत गरी ब्रह्माण्डरूप भन्ने बुझाउँछ । हातको मुकुट लाएवाट कर्मयोग रूप भन्ने बुझिन्छ । अर्धमातृकाको आधारस्वरूप भन्नाले अर्धमात्रारूप नादस्वरूप भन्ने बुझिन्छ । योगिनीहरूको आश्रय भएवाट पूर्णयोगशक्तिरूप भन्ने बुझिन्छ । हातमा लिएको भालावाट वायुको वेगरूप, दुइटै हातमा लिएको वीणावाट आहतनादरूप, खड्गवाट विजय, अंकुशवाट स्तम्भन भन्ने बुझिन्छ । हात्तीको छाला बाँधेवाट आधारतत्त्व, सर्पको कन्धनी लाएवाट निर्विषीकरणतत्त्व, सबै किसिमको गहना र मणि पहिरेवाट विश्वनायक, रत्नजडित कुण्डल पहिरेवाट दिव्यश्रुतिरूप, नीलो वर्ण भएवाट सर्वव्यापकता, वेतालहरूसँग क्रीडा गर्दै श्मशानमा नाचिरहेवाट शून्याकाशस्वरूप भैरवको औकाररूप बुझिन्छ ।

(–इति तन्त्रचिन्तामणिवचनम्)

तप्तहेमनिभा पाशवज्रवाहुर्विभूतिदा ।
योनजानां सहस्रेण स्यादौवर्णाऽभितोजसी

यस ध्यानवाट तताएको सुन जस्तो लाल वर्ण भएका, एउटा हातमा पाश र अर्को हातमा वज्र धारण गरेका, ऐश्वर्य दिने, हजार योजन प्रमाणका, ज्यादै ओजस्वी औकारको स्वरूप ठ्हल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । तताएको सुन जस्तो लाल वर्णवाट हर्षरूपी स्वरूप, पाश लिएवाट वशीकरणतत्त्व, वज्रवाट विद्युत्तत्त्व, हजार योजन प्रमाणवाट एक चोटिको उच्चारणमा हजार योजनसम्म पुग्ने तत्त्व, ज्यादै ओजस्वी भन्नाले ओजःस्वरूप, ऐश्वर्य दिने भन्नाले यसको शुद्ध मननबाट ६ प्रकारको

ऐश्वर्य पाइने भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

औकाराख्या ह्यघोरेयं कराली दीर्घजिह्विका ।
एकवक्त्रा वक्रनेत्रा भृकुटी कुटिलेक्षणा ।।
नीलमेघनिभा रौद्री भैरुण्डवरवाहना ।
षड्भुजार्ककरैर्धत्तै शूलं खड्गं वरं तथा ।।
गदाखेटाभयान् वामे दधाना च महोदरी

यस ध्यानवाट दाह्रा निस्केकी, लामो जिभ्रो भएकी, डेडो आँखा भएकी, आँखी भौं टेढो पारेकी, नीलो वादलको जस्तो वर्ण भएकी, डरलाग्दी, स्यालमा चढेकी, छ हात भएकी, दाहिने हातमा भाला, खड्ग र वरदमुद्रा अनि देब्रे हातमा गदा, खेटक र अभयमुद्रा धारण गरेकी, ठूलो पेट भएकी अघोरा शक्तिरूप औकारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । अघोररूपा भन्नाले ब्रह्मसूचक भन्ने बुझिन्छ । दाह्रा निस्केको भन्नाले सत्त्वगुण, लामो जिभ्रो भएवाट रजोगुण, डेडो आँखा भएवाट सर्वद्रष्टा, आँखी भौं टेढो पारेवाट रिसाएको मुख भन्ने बुझिनाले तमोगुण भन्ने बुझिन्छ । यहाँ नीलो वादल झैं वर्ण भन्नाले तीनै गुणको समष्टिरूप भन्ने बुझिन्छ । डरलाग्दो पद भएबाट पनि ब्रह्मसूचक हुन्छ । स्यालमा चढेबाट बुद्धिरूप, छ हात भएवाट षड्रस, दाहिने हातमा रहेको भालावाट वायुको वेग, खड्गवाट विजय, वरदमुद्राबाट अभीष्टसिद्धि अनि देब्रे हातमा रहेका गदावाट वीरत्व, खेटकवाट विद्वेषणतत्त्व, अभयवाट निडर, ठूलो पेट भएबाट हिरण्यगर्भ अथवा विराट्रूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(अं)

यो अक्षर आकाशात्मक हुनाले उत्तराम्नायात्मक भन्ने सिद्ध हुन्छ, अतः यसको वर्ण सेतोमा छिरविरे र स्वाद तीतो हुन्छ। गौरीकंचुकीतन्त्रको मतानुसार यसको ध्वनितरंग पुरुषरूप हुन्छ। स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप विन्द्वाकार हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

अंकारो विन्दुसंयुक्तः शुष्कादेवी सुभीषणा।
अन्त्राण्डपिशिताहारा चास्थिभिः कृतमेखला।
अस्थिशेषा च निमांसा प्रेतवाहनसंस्थिता।
दंष्ट्राकरालिनी चोग्रा मेघगंभीरनिःस्वना॥
शुष्का शुष्कमुखी भीमा चोर्ध्वकेशी भयानका।
समांसरुधिराहारा श्मशाने नित्यवासिनी॥
गजचर्म्मोत्तरीया तु नागाभरणभूषिता।
चामुण्डा मुण्डवेगा च खेचरी हृदयंगमा॥
नीलवर्णा द्विहस्तेयं कपालान्त्रादिधारिणी।

यस ध्यानबाट रगत, मासु, आन्द्रा आहारा गर्ने, हाडहरूको मेखला धारण गरेकी, मासु नभएर हाड-छाला मात्र बाँकी हुँदा सुकेकी, अत्यन्त डरलाग्दो शरीर भएकी, प्रेतमाथि चढेकी, दाह्रा निस्केकी, बादलको जस्तो गंभीर स्वर भएकी, मुख सुकेकी, केश माथितिर फर्काएकी, सधैं श्मशानमा वास गर्ने, हात्तीको छाला ओढेकी, नागको गहना लाएकी, प्रचण्ड वेग भएकी, आकाशमा डुल्ने, नीलो वर्णकी, एउटा हातमा कपालपात्र र अर्को हातमा आन्द्रा-मासुहरू लिएकी, हृदयगामिनी, चामुण्डास्वरूप अंकारको रूप कल्पन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रगत, मासु, आन्द्रा आहार गर्ने भन्नाले जमत्ग्रासिनी, हाडको मेखला धारण गरेबाट सत्त्वगुणलाई अन्तर्निहित गराएकी, मासु नभएर हाड. छाला मात्र बाँकी भएर दुब्लिएबाट तृष्णारूपिणी, अत्यन्त डरलाग्दो शरीर भएबाट ब्रह्मसूचक, प्रेतमाथि चढेबाट चैतन्यरूपिणी दाह्रा निस्केबाट पनि सत्त्वगुणलाई अन्तर्निहित गरेकी भन्ने बुझ्निछ । वादलको जस्तो गंभीर स्वर भएबाट नादब्रह्मरूपिणी, मुख सुकेबाट तृष्णारूपिणी, केश माथितिर फर्काएकीबाट किरण-रूपिणी, सधैं श्मशानमा रहेबाट शून्याकाशमा रहने सत्तारूपिणी भन्ने बुझ्निछ । हात्तीको छाला ओढेबाट जगदाधारस्वरूपिणी, नागको गहना लाएबाट विषनाशकतत्त्वरूपिणी, प्रचण्ड वेग भएबाट सर्वशक्तिस्वरूपिणी आकाशमा डुल्ने भन्नाले सर्वव्यापीस्वरूपिणी, नीलो वर्ण भएबाट अवर्णरूपिणी, एउटा हातमा लिएको कपालमात्र (खप्परु) बाट ज्ञानरूपिणी र अर्को हातमा लिएको आन्द्रा, मासु लिएबाट शिव अर्थात् कल्याणस्वरूपिणी, हृदयगामिनी भन्नाले सर्वजीवस्वरूपिणी, चामुण्डारूपी अंकार भन्ने बुझ्निछ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

नवकुंकुमसच्छायः पद्मास्यो रक्तभूषणः
चतुर्भुजः स्यादंवर्णः श्रीकरो दुःखनाशकः ।।

यस ध्यानबाट नयाँ कुंकुमको जस्तो वर्ण भएको, कमलमा वसेको, रातै वेशभूषा पहिरेको, चार हात भएको लक्ष्मी गराउने, दुःख नाश गर्ने 'अं' को रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । नयाँ कुंकुमको जस्तो वर्ण भन्नाले आरोग्यस्वरूप, कमलमा वसेवाट हृदयगामी, रातो वेषभूषा पहिरेवाट सौभाग्यरूप, चार हात भएवाट चार

आत्मा, लक्ष्मी गराउने भन्नाले वैभव दिने, दुःख नाश गर्ने 'अं' को रूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

अंजनाभाञ्जनादेवी पंचास्या जटिला कृशा ।
महोदरी महाव्याघ्रवरवाहनमास्थिता ।।
चतुर्भुजा शूलपाशवराभयकरा मता ।

यस ध्यानवाट गाजल जस्तो कालो वर्ण भएकी, पाँच मुख भएकी, जटा धारण गरेकी, दुब्ली, ठूलो पेट भएकी ठूलो वाघमाथि चढेकी, चार हात भएकी, हातमा भाला, पाश, वरदमुद्रा र अभयमुद्रा धारण गरेकी अंजनादेवीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । गाजल जस्तो कालो वर्ण भएवाट अन्तर्लोनस्वरूपिणी, पाँच मुख भएवाट पृथ्व्यादि पंचतत्त्वस्वरूपिणी, जटा धारण गरेवाट प्रपञ्चरूपिणी, दुब्ली भएवाट तृष्णारूपिणी, ठूलो पेट भएवाट हिरण्यगर्भस्वरूपिणी ठूलो वाघमाथि चढेवाट अष्टाङ्गयोगरूपिणी, चार हात भएवाट चार आत्मा, हातमा रहेका भालावाट वायुको वेग, पाशवाट वशीकरणशक्ति, वरदमुद्राबाट अभीष्टसिद्धि, अभयमुद्रावाट निडर-रूपिणी अंजनादेवीको रूप झल्कन्छ ।

(इति आगमान्तरवचनम्)

(अः)

यो अक्षर तेजसतत्त्वात्मक हुनाले पूर्वाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण रातो र स्वाद पीरो हुन्छ । गौरी-कञ्चुकोतन्त्रको मतानुसार यसको ध्वनितरंग पुरुषरूप हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप माथितिर चुच्चो फर्केको

त्रिकोणाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ ।

अः षोडशो वीजरूपः शीतस्तुहिनशीतलः ।
पूर्णेन्दुवदनः सौम्यः करषोडशवान् सदा ।।
सिष्यमानः सदा ध्येयश्चामृतं संस्रवन् सदा ।
जीवस्याप्यायनकरो विषमज्वरनाशनः ।।
एकाहिकं ज्वरं हन्याद् द्वितृतीयं चतुर्थकम् ।
शीतज्वरं महाघोरं पित्तोन्मादज्वरं तथा ।।
मासं षाण्मासिकं चैव तथा सांवत्सरादिकं ।
नाशनः सर्वरोगाणामायुरारोग्यवर्द्धनः ।।
हस्तेऽमृतधरः पद्मासनः पुरुषरूपधृक् ।

यस ध्यानबाट सोह्रौं, वीजरूप, हिंउ क्रैं शीतल, पूर्ण-चन्द्र क्रैं मुख भएका, सौम्यस्वरूप, सोह्र हात भएका, सधैं अमृतले सेचन गरिएका र अमृत चुहाइरहने, प्राणीहरूको आत्मालाई तृप्त गराउने, एकुन्द्रे, दुईदिने तीनदिने, चारदिने ज्वरो, विषम ज्वर, शोत ज्वर, अत्यन्त डरलाग्दो पित्तोन्मादसम्बन्धी ज्वर र एकमहीने, छमहीने, वर्षदिने ज्वरो र सारा रोगहरू नाश गर्ने, आयु वढाउने सबै हातमा अमृत धारण गरेका, कमलमाथि पद्मासन गरेर वसेका पुरुषको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सोह्रौं वीजरूप भन्नाले 'अः' को विसर्ग भन्ने बुझिन्छ । पूर्ण चन्द्र क्रैं मुख भएवाट पूर्णामृतस्वरूप, सौम्यस्वरूप भन्नाले शान्तितत्त्व, सोह्र हात भएवाट अमृतादि सोममंडलको सोह्र कलाले पूर्ण भएको भन्ने बुझिन्छ । सधैं अमृतले सेचन गरिइरहेका र अमृत चुहाइरहेका भन्नाले संसारको महामृतस्वरूप भन्ने बुझिन्छ । प्राणीको आत्मालाई तृप्त

गराउने भन्नाले प्राण-पोषक तत्त्व भन्ने बुझिन्छ। मन खाली राखेर यो अक्षरको मनन गरेर प्रयोग गर्नाले माथि लेखिएका सबै रोग नाश हुन्छन् र आयु बढ्ने हुन्छ। सबै हातले अमृत धारण गरेबाट परमोषधिरूप भन्ने बुझिन्छ। कमलमाथि पद्मासन गरेर बसेबाट पद्मासनको अभ्यासबाट सबै नाडीको चाल ठीक भै निरोगी हुने हुन्छ। अतः पद्मासनमा बसेबाट नीरोगिताको संकेत हुन्छ

(इति तन्त्रचिन्तामणिवचनम्)

वज्रशूलकरं दिव्यं शूलदं खरवाहनम्।
सहस्रयोजनमितं स्वरान्तं द्विभुजं स्मरेत्॥

यस ध्यानबाट दुई हातमा वज्र र भाला धारण गरेको, गधामाथि चढेको, शूल नाश गर्ने, हजार योजन प्रमाणको अः को दिव्य स्वरूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। हातमा लिएको वज्रबाट विद्युत्प्रभा र भालाबाट वायुको वेग, गधामाथि चढेबाट सन्तोषरूप भन्ने बुझिन्छ। शूल नाश गर्ने भन्नाले यो अक्षरको मननबाट शूल नाश हुन्छ। यो अक्षरको एक चोटि उच्चारण गर्दा हजार योजनसम्म प्रभाव हुन्छ भन्ने बुझिन्छ। दिव्यस्वरूप भन्नाले अलौकिक रूप भन्ने बुझिन्छ।

(इति तन्त्रान्तरवचनम्)

अरत्याख्या त्वजादेवी त्रिशिरा च त्रिलोचना।
रक्ता पीतांवरा क्रूरा तरक्षुवरवाहना॥
षड्भुजा शूलपट्टीसवरदानकरान्विता।
वामेऽङ्कुशमहाखेटाऽभयान्धत्ते करैः क्रमात्।

यस ध्यानबाट तीन टाउको र तीन आँखा भएकी, रातो वर्ण भएकी, पीताम्बर धारण गरेकी, छ हात भएकी, दाहिनेपट्टि भाला पट्टीश र वरदमुद्रा, अनि देब्रेपट्टि अंकुश, खेटक र अभयमुद्रा धारण गरेकी, हुँडारमाथि बसेकी, क्रूरस्वरूपकी, अरति नाम गरेकी अजादेवी (प्रकृति) को रूप फल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । तीन टाउकोबाट सत्त्व + रज + तमोगुणात्मिका, तीन आँखाबाट रक्त, शुक्ल र मिश्र विन्द्वात्मिका भन्ने बुझिन्छ । पीताम्बर धारण गरेबाट वैभव, छ हात भएबाट षड्रसरूपिणी, दाहिने हातमा रहेको भालाबाट वायुको वेग, पट्टीशबाट लज्जारूपिणी, वरदमुद्राबाट अभीष्टसिद्धि, देब्रे हातमा रहेको अंकुशबाट स्तम्भनशक्ति, खेटकबाट विद्वेषणशक्ति, अभयमुद्राबाट निडररूपिणी, हुँडारमाथि चढेबाट क्रूरतानाशक तत्त्वरूपिणी र क्रूरस्वरूप भएबाट क्रूरतालाई बाहिर निकालेकी अरति नाम गरेकी अजादेवी (प्रकृति) को रूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

इति श्रीस्वरवर्णस्वरूपवर्णनं नाम
द्वितीयः पटलः

अथ तृतीय पटल

यस पटलमा व्यञ्जनवर्णहरूको वर्णन गरिन्छ ।

(क)

यो वर्ण वाग्वात्मक हुनाले 'पश्चिमाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अंतः यसको वर्ण हरियो र स्वरोदयको मतले स्वाद अमिलो हुन्छ । यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ । यी व्यञ्जनहरूको ध्वनितरंग भने उसमा मिलेको स्वर वर्णानुसारको हुने हुनाले त्यस विषयमा यहाँ केही बताउन परेन । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ—

ककारं कनकाभासं सौवर्णकलशासनम् ।
सुवर्णकवचं हैमं महापुरुषविग्रहम् ।।
अष्टनेत्रं चतुर्वक्त्रं महारौद्रं चतुर्भुजम् ।
खड्गचर्मधनुर्वाणधरं चैव महाबलम् ।।
क्षोभयेत् पृथिवीं सर्वां सशैलवनकाननाम् ।
पुरुषोऽनुस्मरेन्नित्यं विषनाशस्य का कथा ।।

यस ध्यानबाट सुनौला वर्ण भएका, सुनको कलशमाथि

वसेका, सुवर्णको कवच पहिरेका, महापुरुषको शरीर भएका, चार मुख, आठ नेत्र र चार वाहु भएका, खड्ग, ढाल, धनु र बाण हातमा लिएका 'क' कारको रूप ऋल्कन्छ। यिनले पहाड, वनसमेतकी पृथ्वीलाई क्षुब्ध गराउन अर्थात् थर्काउन सक्तछन्। यिनको रूप नित्य सम्झनाले विष नाश हुन्छ। यसमा कुनै शंका छैन।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। सुनौला वर्ण भएवाट आरोग्यरूप, सुनको कलशमाथि बसेवाट वैभवरूप, सुवर्णको कवच पहिरेवाट प्रभावतत्त्व, महापुरुषको शरीर भएवाट ब्रह्मत्त्वको सूचक हुन्छ। चार मुख भएवाट[1], चार महावाक्यरूप, आठ नेत्र भएवाट अष्टसिद्धिरूप, चार वाहुवाट चार आत्मारूप, हातमा रहेका खड्गवाट विजयरूप, ढालवाट रक्षारूप, धनुवाट ज्ञानरूप, वाणवाट पापमोचक तत्त्व भन्ने बुझिन्छ। मन खाली राखेर यसको मनन गर्नाले पृथ्वीका सव वैरीहरू थर्कन्छन् र विषउपर प्रयोग गर्नाले विष समेत नाश हुन्छ।

(इति तन्त्रचिन्तामणिवचनम्)

भूविम्वगजसंस्थः स्यान्नवकुंकुमसंनिभः।
शूलवज्रकरः कार्णः सहस्रद्वययोजनः॥

यस ध्यानवाट भूपुरमाथि हात्तीमा बसेको, नयाँ कुंकुम (रोरी) जस्तो वर्ण भएका, हातमा शूल र वज्र लिएका, दुई हजार योजन प्रमाण भएका 'क' कारको रूप ऋल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। भूपुरमाथि हात्तीमा बसेवाट सर्वाधारतत्त्व भन्ने बुझिन्छ। नयाँ कुंकुम (रोरी)

(१) १. प्रज्ञानं ब्रह्म २. अयमात्मा ब्रह्म ३. तत्त्वमसि ४. अहं ब्रह्मास्मि।

जस्तो वर्ण भएवाट आरोग्यरूप, हातमा लिएको शूलवाट वायुको वेग र वज्रवाट विद्युत्तत्त्व भन्ने बुझिन्छ । दुई हजार योजनको भन्नाले यो वर्णको एक पल्टको मननले दुई हजार योजनसम्म प्रभाव पर्छ भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

भूतविन्यासिनी शुभ्रा गजारूढा चतुर्भुजा ।
त्रिशूलं च वरं दक्षे वामेऽकुशमथाऽभयम् ।।

यस ध्यानवाट सेतो वर्णकी, हात्तीमा चढेकी, चार हात भएको, दाहिनेपट्टि त्रिशूल र वर, देब्रेपट्टि अंकुश र अभय धारण गरेकी, भूतविन्यासिनी नाम भएकी देवीरूप 'क' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएवाट शान्तिरूपिणी, हात्तीमा चढेवाट आधारशक्ति, चार हात भएवाट चार आत्मा, दाहिने हातमा रहेको त्रिशूलवाट त्रिविधोत्पातकनाशक शक्ति, वरवाट अभीष्टसिद्धि, वायाँ हातमा रहेको अंकुशवाट वशीकरणशक्ति, अभयवाट निडरस्वरूपिणी भूतविन्यासिनी नाम की 'क' काररूपिणी देवी भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ख)

यो वर्ण 'तेजसात्मक' हुनाले 'पूर्वाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण रातो हुन्छ र स्वरोदयको मतअनुसार स्वाद तीतो अनि यसको यान्त्रिक रूप माथितिर चुच्चो फर्केको त्रिकोणाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ—

खकारं धूम्रवर्णाभं त्रिपादं च खरासनम् ।
त्रिशीर्षं त्रिभुजं रौद्रं धनुर्बाणगदाधरम् ।।

नवलोचनसंयुक्तं महापुरुषविग्रहम् ।
सर्वग्रहहरं ह्यन्तमन्तरायहरन्तथा ।
सर्वज्वरहरञ्चैव ग्रहसैन्यविमर्दनम् ।।

यस ध्यानबाट ध्वाँसे वर्णका, तीन पाउ, तीन हात, तीन शिर, धनु-बाण र गदा हातमा लिएका, नौ आँखा भएका, गधामाथि चढेका, सबै ग्रहविघ्न र सबै ज्वर (रोग) हरण गर्ने र ग्रहसैन्यलाई दमन गर्ने 'ख' कारको पुरुषरूप ठम्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । ध्वाँसे वर्ण भएबाट प्राणरूप, तीन पाउबाट तीन लोक (भूः भुवः र स्वः) व्यापी, तीन हातबाट त्रिगुणात्मक (सत्त्व, रज र तम) रूप, तीन शिर भएबाट तीन तत्त्वात्मक (आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्व),[१] छत्तीस तत्त्वको रूप, हातमा लिएका धनुबाट ज्ञानरूप, वाणबाट पापमोचकता, गदाबाट वैराग्य भन्ने बुझिन्छ । नौ आँखा भएबाट नौ आत्मा (जीवात्मा, परमात्मा, अन्तरात्मा, बोधात्मा, ज्ञानात्मा, चिदात्मा, नादात्मा, विंद्वात्मा र शुद्धात्मा) रूप, गधामाथि चढेबाट सन्तोषरूप भन्ने बुझिन्छ । मन खाली राखेर यो वर्णको मनन गर्नाले सबै ग्रहविघ्न र ज्वर हरण गर्ने र ग्रहसैन्यलाई दमन गर्ने भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

---

१. आत्मतत्त्व—
प्रकृति (Nature) को एक भाग
अन्तःकरण (Internal organ of sense) को ३ भाग
(मन, बुद्धि र अहंकार)
ज्ञानेन्द्रिय (Sense of Cognition) को पाँच भाग
(आँखा, कान, नाक, जिब्रो र छाला)

पाशतोमरहस्तः खो मेषसंस्थोनिरोधनः ।
योजनानां सहस्रेण मितः कृष्णो विभीषणः ।।

यस ध्यानवाट पाश र तोमर हातमा लिएका, भेडामाथि बसेका, कालो वर्णका, डरलाग्दा, एक हजार योजन प्रमाणका, सबैलाई नियन्त्रण गर्ने स्वरूपको 'ख' वर्णको रूप ठ्हकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हातमा लिएको पाशबाट वशीकरणरूप, कालो वर्ण भएवाट अन्तर्लीनस्वरूप, डरलाग्दोवाट ब्रह्मरूप, एक हजार योजन भन्नाले यो अक्षरको मनन गर्नाले यसको प्रभाव एक हजार योजनसम्म पर पुग्छ भन्ने र यसको मननले सबैलाई नियन्त्रण गर्छ भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

कर्मेन्द्रिय (Organ of action) को पाँच भाग
(हात, खुट्टा, पायु, उपस्थ र वाक्)
तन्मात्रा (Subtle elements) को पाँच भाग
(शब्द, स्पर्श, रूप, रस र गन्ध)
महाभूत (Gross elements) को पाँच भाग
(पृथ्वी, जल, तेज, वायु, र आकाश)
जम्मा २४ तत्त्वहरू भए ।

विद्यातत्त्व—
पुरुष (Soul of the universe), नियति (Destiny)
काल (Occasion, Time), राग (Passion), अविद्या (Illusion)
कला (Ingenity) र माया (Super Illusion)
जम्मा ७ तत्त्वहरू ।

खंजरीटस्थिता पीता त्रिशिरा च त्रिशूलिनी ।
खाख्याखद्यौतिनी खड्गवराभयकरामता ।

यस ध्यानबाट खंजन चरा (बाहुनी चरी) मा बसेकी, पहेंलो वर्णकी, तीन शिर भएकी, चार हात भएकी, हातमा त्रिशूल, खड्ग, वर र अभय धारण गरेकी, खद्योतिनी नाम गरेकी 'ख' वर्णको देवी रूप ठ्हरकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । खंजन चरा (बाहुनी चरी) मा बसेबाट सगुणस्वरूपिणी, पहेंलो वर्ण भएबाट श्रीरूपिणी, तीन शिर भएबाट माथि बताएझैं तीन तत्त्वात्मक छत्तीस तत्त्वरूपिणी भन्ने बुझिन्छ । चार हात भएबाट चार आत्मा स्वरूपिणी, हातमा लिएका त्रिशूलबाट त्रिविधोत्पातक नाशक शक्ति, खड्गबाट विजय, वरबाट अभीष्टसिद्धि, अभयबाट भयनाशक शक्ति स्वरूपिणी खद्योतिनी नाम गरेकी देवी भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

शिवतत्त्व—

शिव (Potron), शक्ति (Nutron), सदाशिव (Positron)
ईश्वर (Potron) र शुद्ध विद्या (Super Consciousness)

जम्मा ५ तत्त्वहरू भए ।

आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्व गरेर जम्मा ३६ तत्त्व भए ।

(ग)

यो वर्ण पार्थिवात्मक हुनाले अधराम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण पहेंलो र स्वरोदयको मतानुसार स्वाद गुलियो हुन्छ । यसको यान्त्रिक रूप चतुरस्रात्मक हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ,—

गकारं गगनारूढं गजवक्त्रं चतुर्मुखम् ।
अष्टवाहुं शृणि टंकं खड्गं चर्म तथैव च ।।
त्रिशूलं पाशमभितो मूलकं मोदकं तथा ।
दधतं रौद्ररूपञ्च हिमकुन्देन्दुसन्निभम् ।।
विषं नाशयते ह्येष मज्जात्त्वगस्थिगं तथा ।
महाकायं स्वयं ह्यन्तं सर्वविघ्नविनाशनम् ।।

यस ध्यानवाट आकाशमाथि वसेका, चार वटा हात्तीको मुख भएका, आठ हात भएका, अंकुश, वज्चरो, खड्ग, ढाल, त्रिशूल, पाश, मूला, लड्डू हातमा लिएका, हिउँ, कुन्दपुष्प र चन्द्रमा जस्तो (सेतो) वर्ण भएका, डरलाग्दो रूप भएका, मासी, छाला र हाडमा परेको विष नाश गर्ने र सबै विघ्न हटाउने महाकाय पुरुष (गणेश) को रूप कल्पन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । आकाशमाथि वसेवाट ब्रह्मरूप, चार वटा हात्तीको मुख भएवाट चार दिग्गजरूप आधारतत्त्व भन्ने बुझिन्छ । आठ हात भएवाट अष्टसिद्धिरूप, हातमा लिएको अंकुशवाट स्तम्भन, वज्चरोवाट तातो राप, खड्गवाट विजय, ढालवाट रक्षा, त्रिशूलवाट त्रिविधोत्पातक नाशक, पाशवाट वशीकरण, मूलावाट संसाररूपी वृक्षको जरारूप, लड्डूवाट प्राणरूप भन्ने बुझिन्छ । हिउँ जस्तो भन्नाले शीतलीकरण-

तत्त्व, कुन्दपुष्प जस्तो भन्नाले अग्निदीपकत्व, चन्द्रमा जस्तो भन्नाले अमृतरूप भन्ने बुझिन्छ । डरलाग्दो भएवाट ब्रह्मरूप भन्ने बुझिन्छ । यो अक्षरको मननवाट मासी, छाला र हाडमा परेका विषहरू नाश हुन्छन् र विघ्नवाधाहरू हट्ने हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

पाशांकुशकरः पद्मफणिसंस्थोऽरुणप्रभः ।
गकारः सर्पभूषः स्याच्छतयोजनसंमितः ।।

यस ध्यानवाट कमलमाथि नागको आसन गरी वसेका, लाल वर्ण भएका, सर्पको गहना लगाएका, पाश र अंकुश हातमा लिएका, सय योजन प्रमाणका 'ग' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कमलमाथि वसेवाट ब्रह्माण्डरूप, नागको आसन गरेवाट विषनाशक तत्त्व, लाल वर्ण भएवाट हर्षरूप, सर्पको गहना लगाएवाट निर्विषीकरणत्व भन्ने बुझिन्छ । मन खाली राखेर यो अक्षरको मनन गर्नाले यसको प्रभाव सय योजनसम्म पुग्ने भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

गाख्या धूम्रा चतुर्वक्त्रा सिंहस्थाष्टभुजा शुभा ।
धूम्राभा दक्षिणे धत्ते शूलं चाक्षं श्रुवं वरम् ।।
वामे तु पुस्तकं कुण्डीं कपालमभयं क्रमात् ।

यस ध्यानवाट धुवाँसे वर्णकी, चार मुख भएकी, सिंहमाथि बसेकी, आठ हात भएकी, दाहिने चार हातमा शूल, अक्षमाला, सुरो र वर, अनि वायाँ चार हातमा पुस्तक, कुण्डी (कमण्डलु), कपाल-पात्र र अभय धारण गरेकी 'ग' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। ध्वाँसे वर्ण भएवाट प्राणरूपिणी, चार मुख भएवाट चार महावाक्यरूपिणी, सिंहमाथि चढेवाट ज्ञानरूपिणी, आठ हात भएवाट अष्टसिद्धिरूपिणी, दाहिने हातमा रहेका शूलवाट हावाको वेग, अक्षमालावाट मन्त्र-रूपिणी, सुरोवाट यज्ञरूपिणी, वरवाट अभीष्टसिद्धि, अनि बायाँ हातमा रहेको पुस्तकवाट विद्यारूपिणी, कुण्डी (कमण्डलु) वाट पवित्रता, कपालपात्रवाट विवेकरूपिणी, अभयबाट निडररूपिणी भन्ने बुझिन्छ।

(इति आगमान्तरवचनम्)

(घ)

यो वर्ण जलतत्त्वात्मक हुनाले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ। अतः यसको वर्ण अस्मानी र स्वरोदयको मतानुसार स्वाद टर्रो हुन्छ। स्वरोदयको मतले यसको यान्त्रिक रूप अर्धचन्द्राकार र कतै योन्याकार (तलतिर टाउको फर्केको त्रिकोण) हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वदन्छ—

धकारं वृषमारूढं पञ्चवक्त्रं त्रिलोचनम्।
दशबाहुं खड्गचर्मवाणचापान् तथैव च॥
टंकं पाशं तथा वज्रं घंटां शूलं कमण्डलुम्।
विभ्राणं सुमहाबाहुं गजचर्मोत्तरीयकम्॥
इन्दीवरदलश्यामं मेघगम्भीरनिःस्वनम्।
ब्रह्मराक्षसबेतालान्नाशयेन्नात्र संशयः॥

यस ध्यानबाट पाँच मुख भएका, तीन नेत्र भएका, साँढेमाथि चढेका, दश बाहु भएका, खड्ग, ढाल, बाण, धनु, बन्चरो, पाश, वज्र, घण्टा, शूल र कमण्डलु हातमा लिएका, हात्तीको

छाला ओढेका, नीरकमल जस्तो श्याम वर्ण भएका, मेघको जस्तो गंभीर स्वर भएका देव (शिव) रूप 'घ' कार स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ पाँच मुख भएबाट पंचतत्त्वात्मक, तीन आँखा भएबाट तीन विन्द्वात्मक अहंरूप भन्ने बुझिन्छ । साँढेमाथि चढेबाट धर्मरूप, दश बाहुबाट दश दिक् (दिशा) रूप, हातमा लिइएका खड्गबाट विजय, ढालबाट रक्षा, बाणबाट पापमोचकता, धनुबाट ज्ञान, वन्चरोबाट अष्टाङ्गयोगरूप, पाशबाट वशीकरण, वज्रबाट विद्युत्तत्त्व, घण्टाबाट नाद, शूलबाट हावाको वेग भन्ने बुझिन्छ । हात्तीको छाला ओढेबाट जगदाधार-रूप, नीरकमल जस्तो श्याम वर्णबाट निर्वाणस्वरूप, मेघको जस्तो गंभीर स्वर भएबाट नादब्रह्मस्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

दंष्ट्रोलूखलसंस्थः स्याद् गदावज्रकरो मितः ।
योजनानां सहस्रेण द्विमुखो घः सितेतरः ।।

यस ध्यानबाट दाँत भएको, मुसलमाथि वसेका, गदा र वज्र हातमा लिएका, दुई मुख भएका, हजार योजन प्रमाणका, कालो वर्ण भएका 'घ' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । दाँत भएको, मुसलमाथि वसेबाट प्रपञ्चरूप, गदाबाट ज्ञान, वज्रबाट विद्युत्-तत्त्व, दुई मुख भएबाट प्रकृतिपुरुषात्मक भन्ने बुझिन्छ । हजार योजन प्रमाण भन्नाले यो अक्षरको मनन गर्नाले हजार योजनसम्म यसको प्रभाव पर्छ भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

कृष्णवर्णा घरूपा च शूकराख्या कृशोदरी ।

षड्भुजा शूलखट्वाङ्गवरान् दक्षकरैः क्रमात् ।
वामैः खड्गं तथा खेटमभयं शत्रुभञ्जनी ।।

यस ध्यानवाट कालो वर्णकी, बँदेलको जस्तो मुख भएकी, सानो पेट भएकी, छ हात भएकी, दाहिने तीन हातमा शूल, खट्वाङ्ग र वर अनि बायाँ तीन हातमा खड्ग, खेटक र अभय धारण गरेकी, 'शत्रुभञ्जनी' नाम भएकी देवीस्वरूप 'घ' कारको रूप ठुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कालो वर्ण भएवाट अन्तर्लीनस्वरूपिणी, बँदेलको मुख भएवाट आधारशक्ति, सानो पेट भएवाट क्षुत्स्वरूपिणी, छ हात भएवाट षड्रसरूपिणी, दाहिने हातमा रहेका शूलवाट वायुको वेग, खट्वाङ्गवाट त्रितापनाशिनी, वरवाट अभीष्टसिद्धि, अनि वायाँ हातमा रहेका खड्गवाट ज्ञानशक्ति, खेटकवाट विद्वेषणशक्ति, अभयवाट डरनाशक शक्ति भन्ने बुझिन्छ । शत्रुभंजनी नाम भएवाट यिनको स्मरण गर्नाले शत्रुनाश हुन्छ भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ङ)

यो वर्ण आकाशात्मक हुनाले उत्तराम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण छिरविरे र स्वरोदयको मतानुसार स्वाद पीरो हुन्छ । यसको यान्त्रिक रूप विन्द्वाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ–

ङकारो नागमारूढो द्विभूजः पिंगलोचनः ।
हरहाससितः सौम्यो वीणाखड्गरतः सदा ।।
स्मरतां चैव सर्वेषां वालग्रहविमर्दनः ।
नाशयेत् स्मरणादेष विषं स्थावरजंगमम् ।।

यस ध्यानबाट नागमाथि चढेको, कुहिरो आँखा भएको, हरहास (केतकी) जस्तो सेतो वर्ण भएको, सौम्य अनुहारको, वीणा र खड्ग हातमा लिएको, आफूलाई सम्झने सबैको बालग्रह र स्थावर जंगम दुवै प्रकारको विष नाश गर्ने 'ङ' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । नागमाथि चढेबाट विषनाशक तत्त्व, हरहास (केतकी) जस्तो सेतो वर्ण भएबाट पनि विषहर तत्त्व भन्ने बुझिन्छ । सौम्य अनुहार भएबाट शान्तपना, हातमा रहेका वीणाबाट आहतनादस्वरूप र खड्गबाट विजय भन्ने बुझिन्छ । मन खाली राखेर यो अक्षरको मनन गर्नाले बालग्रह र स्थावरजंगम दुवै प्रकारको विष नाश हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

कोटियोजनदीर्घाध्वनाहं कुल्लं ज्वलत्प्रभम् ।
द्विभुजं काकवाहं स्यात् ङार्णं क्षुद्रं फलप्रदम् ।।

यस ध्यानबाट उज्ज्वल, दुई हातमा वर र अभय लिएको, कागमाथि वसेको कोटियोजन प्रमाणको 'ङ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । उज्ज्वल भएबाट प्रकाशरूप, हातमा लिएको वरबाट अभीष्टसिद्धि र अभयबाट निडर भन्ने बुझिन्छ । कागमाथि वसेबाट चञ्चलता, कोटियोजन प्रमाण भन्नाले यो वर्णको मनन गर्नाले यसको प्रभाव कोटियोजन परसम्म पुग्छ भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

अनन्तशक्तिर्देवेशी रक्ता वर्हिणवाहिनी ।
षडाननेषुचापासिखेटदानाभयान्विता ।।

यस ध्यानवाट रातो वर्णकी, मुजूरमाथि वसेकी, छ मुख भएकी, छ हात भएकी, हातमा वाण, धनु, खड्ग, खेटक, वर र अभय धारण गरेकी 'अनन्त शक्ति' नाम गरेकी (कौमारी) देवी स्वरूप 'ङ' कारको रूप ऋलकन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ। रातो वर्ण भएवाट सौभाग्यरूपिणी, मुजूरमाथि चढेवाट चैतन्यरूपिणी, छ मुख र छ हात भएवाट षड्रसरूपिणी, हातमा लिएका वाणवाट पापमोचन, धनुवाट ज्ञान, खड्गवाट विजय, खेटकवाट विद्वेषण, वरवाट अभीष्टसिद्धि र अभयवाट निडरस्वरूपकी अनन्तशक्ति नाम गरेकी देवीको स्वरूप ऋलकन्छ।

(इति आगमान्तरवचनम्)

(च)

यो वर्ण वाग्वात्मक हुनाले 'पश्चिमाम्नायात्मक' भन्ने सिद्ध हुन्छ। अतः यसको वर्ण हरियो हुन्छ। स्वरोदयको मतानुसार यसको स्वाद अमिलो हुन्छ। यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ—

चकारं तुहिनाभासं शशाङ्ककृतशेखरम्।
चतुर्वक्त्रं चाष्टभुजं पद्ममालोपशोभितम्॥
तोमरं पाशवाणौ च चापं पट्टीशमेव च।
कलशं श्वेतनीलाब्जयुगं संदधतं करैः॥
पद्मासनगतं नित्यं सर्पमण्डितमेखलम्।
ध्यानधारणसंयुक्तं जपार्चादिसमन्वितम्॥
दुष्टरोगैश्च ये केचिद् व्याधिता ज्वरव्याधिभिः।
सर्वे ते मुक्तरोगाः स्युः स्मरणादस्य केवलम्॥
गोनासाजगरैर्दष्टा धुन्धुमारैश्च मारिता।

ये स्युस्तेसां विषोच्छेदं करोत्येव न संशयः ।
तद्विषं नाशमायाति तमः सूर्योदये यथा ।।

यस ध्यानबाट हिउँ जस्तो सेतो वर्ण भएका, माथमा चन्द्रमा पहिरेका, चार मुख भएका, कमलको माला पहिरेका, आठ बाहु भएका, तोमर, पाश, बाण, धनु, पट्टीश, कलश र सेतो र नीलो कमलको जोडी हातमा धारण गरेका, पद्मासनमा बसेका, सर्पको मेखला पहिरेका, ध्यान, धारण, जप र पूजामा लागेका, दुष्ट रोग ज्वर आदिले पीडित भएकाहरूलाई निको पारिदिने, अनि गोमन, अजिङ्गर र धुन्धुमार (एक प्रकारको विषालु जलजन्तु) ले डसेको विषहरू सूर्यको उदयले अन्धकार नाश गरेझैं नाश गरिदिने 'च' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हिउँ जस्तो सेतो वर्णबाट शीतलीकरण तत्त्व, चन्द्रमा माथमा धारण गरेबाट अमृतात्मक तत्त्व, चार मुख भएबाट चार महावाक्यस्वरूप, कमलको माला पहिरेबाट आधाररूप, आठ बाहुबाट अष्टसिद्धिरूप, हातमा रहेको तोमरबाट प्रपञ्चरूप, पाशबाट वशीकरणतत्त्व, बाणबाट पापमोचनतत्त्व, धनुबाट ज्ञानरूप, पट्टीशबाट लज्जारूप, कलशबाट श्रीः तथा सेतो कमल र नीलो कमलबाट विद्यारूप र मोक्षरूप भन्ने बुझिन्छ । पद्मासनमा बसेर जप पूजा गरेबाट निर्वाणपदरूप भन्ने बुझिन्छ । सर्पको मेखला पहिरेबाट निर्विषीकरणत्व भन्ने बुझिन्छ । यो अक्षरको मनन गरेमा दुष्ट रोग ज्वर निको हुने तथा गोमन अजिङ्गर र धुन्धुमारले डसेको विष नाश हुने हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

युगाग्न्यपद्मसंस्थः स्याच्चतुर्बाहुः सितप्रभः ।
दधानोसिवरं दक्षे वामे चर्म तथाभयम् ।

चः कपर्दी सुगन्धाढ्यः कोटियोजनसंस्थितः ।।

यस ध्यानबाट जोर कमलमाथि वसेका, सेतो वर्णका, चार वाहु भएका, दाहिने दुईमा तरवार र वर, अनि वायाँ दुईमा ढाल र अभय धारण गरेका, जुरो बाँधेका, वास्ना आउने पदार्थहरू घसेका, कोटि योजन प्रमाण भएका 'च' कारको रूप भन्ने फुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । जोर कमल-माथि वसेवाट स्वर्गलोक र मर्त्यलोक दुवैको व्यापक रूप भन्ने बुझिन्छ । सेतो वर्ण भएवाट सत्त्वगुणात्मक, चार वाहुवाट चार आत्मा रूप, हातमा भएको तरवारवाट विजय, वरवाट अभीष्टसिद्धि, ढालवाट रक्षा र अभयवाट निडर भन्ने बुझिन्छ । जुरो वाँधेवाट प्रपञ्चरूप, वास्ना आउने पदार्थहरू घसेवाट स्वास्थ्यस्वरूप भन्ने बुझिन्छ । यो अक्षरको मनन गर्नाले कोटि योजनसम्म यसको प्रमाण पुग्न सक्ने भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

सुषमा चैव वक्त्रा च हयारूढा चतुर्भुजा ।
खड्गखेटधरा चाख्या वराभयकराशुभा ।।

यस ध्यानबाट एक मुख भएकी, घोडामाथि चढेकी, चार हात भएकी, हातमा खड्ग खेट वर र अभय धारण गरेकी, 'सुषमा' नाम गरेकी 'च' कार देवीको स्वरूप फुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । एक मुख भएवाट शक्तिस्वरूपिणी, घोड़ामाथि चढेवाट वेगरूपिणी, चार हात भएवाट चार आत्मा रूपिणी, हातमा धारण गरेका खड्गवाट विजयशक्ति, खेटवाट विद्वेषणशक्ति, वरवाट अभीष्टसिद्धि र अभयवाट डर नाश गर्ने शक्तिस्वरूप 'सुषमा' नाम गरेकी देवी भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(छ)

यो वर्ण तेजसात्मक हुनाले 'पूर्वाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण रातो हुन्छ र स्वरोदयको मतअनुसार स्वाद तीतो हुन्छ । यसको यान्त्रिक रूप त्रिकोणाकार (माथितिर चुच्चो फर्केको) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ—

छकारः श्वेतवर्णाभः छागसंस्थो महावलः ।
भुजैः षोडशभिर्दिव्यैः शोभमानो रविप्रभः ।।
पट्टीशं परशुं शूलं मुद्गरं कलशं तथा ।
खड्गं च चर्म परिघं पाशं डमरुमेव च ।।
विभ्राणो दिव्यरत्नाढ्यः पुष्पमालाविभूषितः ।
यस्मिन् स्थाने विषं घोरं स्थितं स्थावरजंगमम् ।
नाशयेत्त्वरितं ह्येष स्मरतो नात्रसंशयः ।।

यस ध्यानवाट वोकामाथि चढेका, सेतो वर्ण भएका, बहुतै बलिया, सूर्य ऊँ तेजिला, दिव्य रत्नहरू र फूलका मालाहरू पहिरेका, सोह्र बाहुमा पट्टीश, परशु, शूल, मुद्गर, कलश, खड्ग, चर्म, परिघ, पाश, डमरु, खट्वाङ्ग, मुष्टि, चाप (धनु), पंचवाण, वर र अभय धारण गरेका, यिनको स्मरण गर्नाले स्थावर जंगमका ठाउँ-ठाउँमा उब्जन गएका विषहरू नाश गरिदिने 'छ' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । वोकामाथि चढेवाट काम रूप, सेतो वर्ण भएवाट सामर्थ्य, सूर्य ऊँ तेजिला भन्नाले अग्नितत्त्वात्मकता, दिव्य रत्नहरू र फूलका माला पहिरेवाट सर्वैश्वर्य-रूप, सोह्र वाहु भएवाट अमृतादि षोडशकलारूप, हातमा भएका

पट्टीशबाट लज्जारूप, परशुबाट अष्टाङ्गयोगरूप, शूलबाट हावाको वेगरूप, मुद्गरबाट वैराग्यरूप, कलशबाट श्रीः, खड्गबाट विजय, चर्मबाट रक्षा, परिघबाट शत्रुघातक तत्त्व, पाशबाट वशीकरण, डमरुबाट प्रतिध्वनि, खट्वाङ्गबाट तापत्रयनाशक, मुष्टिबाट प्रचुरता, चापबाट मोहन, पंचबाणबाट जंभन, वरबाट अभीष्टसिद्धि र अभयबाट डर नाश गर्ने तत्त्व भन्ने बुझिन्छ । मन खाली राखेर यो अक्षरको मनन गर्दा स्थावर जंगमका ठाउँ-ठाउँमा उब्जन गएका विषहरू नासिने 'छ' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

सितस्तावन्मितः पद्मे स्थितश्चार्णश्चतुर्भजः ।

यस ध्यानबाट सेतो वर्णको, उत्तिकै प्रमाणको अर्थात् कोटी योजन प्रमाणको, कमलमा वसेको, चार हात भएको 'छ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएबाट सत्त्वगुणात्मक, कोटी योजन प्रमाण भन्नाले यसको प्रभाव कोटी योजनसम्म पुग्ने भन्ने, कमलमा वसेको भन्नाले हृदय-कमलमा वसेको, चार हात भएको भन्नाले चार आत्मारूपका 'छ' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

छो निर्ऋराऽरुन्धतीयं पीता मर्कटवाहना ।
त्रिशूलं छुरिकां पाशं खेटं च दधती शुभा ।

यस ध्यानबाट पहेंलो वर्ण भएकी, वानरमाथि चढेकी, चार हातमा त्रिशूल, छुरिका, पाश र खेट धारण गरेकी 'अरुन्धती'

नाम गरेको छहरारूपिणी देवीरूप 'छ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पहेंलो वर्ण भएवाट भोगरूपिणी, वानरमाथि चढेवाट आरोह अवरोह गर्ने कुण्डलिनी शक्ति भन्ने बुझिन्छ । हातमा रहेका त्रिशूलवाट त्रिविधोत्पातकनाशक शक्ति, छुरिकावाट दुःख निवारण गर्ने शक्ति, पाशवाट वशीकरणशक्ति, खेटवाट विद्वेषणशक्तिस्वरूपिणी 'अरुन्धती' नाम गरेको 'छ' कारको रूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ज)

यो वर्ण पृथ्व्यात्मक भएकोले 'अधराम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण पहेंलो हुन्छ । स्वरोदयको मतानुसार यसको स्वाद गुलियो हुन्छ र यसको यान्त्रिक रूप चतुरस्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप हुन्छ—

जकारं हरिताकारं द्विभुजं नवशीर्षकम् ।
शृङ्खलां चायुधं तस्य शशाङ्ककृतशेखरम् ।।
यस्यानुस्मरणाद् देवी विषं स्थावरजंगमम् ।
नाशयेत् पठितो ह्येष पयोदमिव भास्करः ।।

यस ध्यानवाट हरियो वर्ण भएका, दुई हात, नौ शिर भएका, शृङ्खला (सिक्री) हातमा लिएका, शिरमा चन्द्रमा पहिरेका, यिनलाई सम्झँदैमा सूर्यले वादलरूप अन्धकार हटाएझैं गरी स्थावर जंगमका विषहरू नाश गर्ने 'ज' को रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हरियो वर्ण भएवाट निरुपद्रवतारूप, नौ शिर भएवाट नौ प्रकारको आत्मारूप, सिक्री हातमा लिएवाट पारिवारिकसङ्घरूप, शिरमा चन्द्रमा

पहिरेबाट अमृतरूप भन्ने बुझिन्छ । मन खाली राखेर यो अक्षरको मनन गरेमा सूर्यले अन्धकार नाश गरेझैं स्थावरजंगमका विषहरू नाश हुन्छन् ।

(इति तन्त्रचिन्तामणिवचनम्)

तन्त्रान्तरमा 'ज' र 'ऋ' को ध्यान एकै प्रकारको बताइएको छ । जस्तै—

जऋौ च कोटिमानौस्तश्चतुर्वाह्वसितप्रभौ ।

यस ध्यानबाट कोटी योजन प्रमाणको, चार हात भएका, कालो वर्णका 'ज' र 'ऋ' दुवैको स्वरूप झल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । कोटी योजन भन्नाले यसको प्रभाव कोटी योजन परसम्म पुग्न सक्ने भन्ने, चार हात भएबाट चार आत्मारूप, कालो वर्ण भएबाट अन्तर्लीन स्वरूपका 'ज' र 'ऋ' दुवैको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

जो भोगदात्री रक्तास्या त्रिनेत्रा सिंहवाहना ।
चतुर्भुजा खड्गखेटवराभयकरान्विता ।।

यस ध्यानबाट रातो वर्ण भएकी, तीन आँखा भएकी, सिंहमाथि चढेकी, चार बाहु भएकी, खड्ग खेट वर र अभय धारण गरेकी 'भोगदात्री' 'ज' कारको रूप झल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । रातो वर्ण भएबाट सौभाग्यरूपिणी, तीन आँखा भएबाट तीन विन्द्वात्मक अहमात्मास्वरूपिणी, सिंहमाथि बसेबाट ज्ञानरूपिणी, हातमा

रहेका खड्गवाट विजय, खेटवाट रक्षा, वरवाट अभीष्टसिद्धि, अभयवाट डरनाशक शक्तिस्वरूपी भोगदात्री (भोग दिने) नाम गरेकी शक्तिरूप 'ज' कारको स्वरूप बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ऋ)

यो वर्ण जलतत्त्वात्मक भएको हुनाले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण अस्मानी र स्वरोदयको मतानुसार स्वाद टर्रो हुन्छ र यसको यान्त्रिक रूप अर्धचन्द्राकार वा योन्याकार (तलतिर चुच्चो फर्केको त्रिकोण) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

ऋकारं कृष्णमेघाभं षड्भुजं नवलोचनम् ।
त्रिशीर्षञ्च महाकायं दंष्ट्रालीढं वलीयसम् ।।
खड्गचर्मवाणचापवद्धमुष्टिगदाधरम् ।
दुष्टग्रहान् महारौद्रज्वरं वा भूतदोषजम् ।।
विषं हालहलं रौद्रं योगानां कृत्रिमं तथा ।
मुष्टिना ग्राहयित्वा तु उत्थापयति तत्क्षणात् ।

यस ध्यानवाट कालो मेघ जस्तो वर्ण भएका, छ वाहु, नौ आँखा, तीन टाउको, ठूलो शरीर भएका, वरावर दाँत चाटिरहेका, वडा बलिया, हातमा खड्ग, ढाल, वाण, धनु, हातको मुट्ठी, गदा धारण गरेका, डरलाग्दा, दुष्ट ग्रह भूतहरूवाट भएको ज्वरो हलाहल विष र कृत्रिम योगवाट भएको विष सबैलाई मुठी पारेर झिकेझैं गरी आफालिदिने 'ऋ' कारको स्वरूप ऋलकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कालो मेघ

जस्तो वर्ण भएवाट अन्तर्लीन तत्त्व, छ बाहुवाट षड्रसरूप, नौ आँखा भएवाट पूर्वोक्त नौ आत्मा, तीन टाउको भएवाट त्रिगुणात्मक रूप, ठूलो शरीर भएवाट सर्वव्यापकता, वरावर दाँत चाटिरहेवाट सत्त्वगुणलाई ताउ दिइरहेका, वडा वलिया भन्नाले बलरूप, हातमा लिएका खड्गवाट विजय, ढालवाट रक्षा, वाणवाट पापमोचन, धनुवाट ज्ञान, हातको मुट्ठीवाट सर्ववश्यता, गदाबाट वीरत्वरूप भन्ने बुझिन्छ। यो अक्षरको मननवाट उपरोक्त विषतत्त्वहरू नाश हुन्छन् ।

(इति तन्त्रचिन्तामणिवचनम्)

क्रों निर्ऋरा नदो देवी शरन्मेघनिभांबुजम् ।
पाशं वराभयो धत्तें नक्रस्था शुभदा नृणाम् ।।

यस ध्यानवाट शरत्कालको मेघ जस्तो वर्ण भएकी, चार हातमा कमल पाश वर अभय धारण गरेकी, ग्राहमा वसेकी, मंगलदायिनी नदीस्वरूप 'निर्ऋरा' देवीरूप ऋकारको रूप ऋल्कन्छ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । शरत्कालको मेघ जस्तो वर्ण भन्नाले शान्तितत्त्वात्मिका, चार हातवाट चार आत्मारूपिणी, हातमा रहेको कमलवाट श्रीः, पाशवाट वशीकरण, वरवाट अभीष्टसिद्धि, अभयवाट निडर, ग्राहमा वसेवाट जलतत्त्वात्मिका स्वरूपकी 'निर्ऋरा' देवीको रूप भन्ने बुझिन्छ। यिनको मनन गर्नाले हरेक कुरामा मंगल अर्थात् साइत पर्दछ ।

(इति आगमान्तरवचनम्)

(ऋ)

यो वर्ण आकाशात्मक भएको 'उत्तराम्नायात्मक' भन्ने सिद्ध हुन्छ। अतः यसको वर्ण छिरविरे र स्वाद तीतो हुन्छ । यसको

यान्त्रिक रूप विन्द्राकार हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो वन्छ—

अकारं घनवर्णाभं भिन्नाञ्जनचयोपमम् ।
मकरस्थं चतुर्वक्त्रं भुजाष्टकविभूषितम् ।।
खड्गं च मुद्गरं चैव गदां पद्मं च चक्रकम् ।
शंखं च वज्रमभयं संदधान महाबलम् ।
बालग्रहाणां सर्वेषां पठनादेव नाशनम् ।।

यस ध्यानबाट मेघको जस्तो वर्ण भएको, कालो गाजलको थुप्रो जस्तो, ग्राहमा बसेको, चार मुख, आठ हात भएको हातमा खड्ग, मुद्गर (मुंग्रो), गदा, पद्म, चक्र, शंख, वज्र, अभय धारण गरेको, महावली, उच्चारण गर्नाले पनि सब प्रकारको बालग्रह नाश गर्ने 'अ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । मेघको जस्तो वर्ण भएबाट अरूपता, कालो गाजलको थुप्रो जस्तो भन्नाले अन्तर्लीन तत्त्व, ग्राहमा बसेबाट जलतत्त्व, चार मुख भएबाट चार आत्मा, आठ हात भएबाट अष्टसिद्धि, हातमा रहेका खड्गबाट विजय, मुंग्राबाट ज्ञान, गदाबाट वीरत्व, पद्मबाट श्रीः, चक्रबाट रक्षा, शंखबाट नाद, वज्रबाट विद्युत्प्रभा, अभयबाट निडर, महाबली भन्नाले बलरूप भन्ने बुझिन्छ। यिनको मनन गर्नाले सबै प्रकारका बालग्रह नाश हुन्छन् ।

(इति तन्त्रचिन्तामणिवचनम्)

योजनानां सहस्रैः स्यात् संमितं काकवाहनम् ।
विद्वेषणकरं आर्णं कृष्णवर्णभुजद्वयम् ।।

यस ध्यानबाट हजारौं योजन प्रमाणको, कागमा बसेको,

विद्वेषण गराउने, कालो वर्णको, दुई हात भएको अकारको स्वरूप फुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हजारौं योजन प्रमाण भएवाट यो अक्षरको प्रभाव हजारौं योजन परसम्म पुग्न सक्छ भन्ने बुझिन्छ । कागमा वसेवाट चञ्चलता, कालो वर्ण भएवाट तमोगुणात्मक भन्ने बुझिन्छ । यहाँ दुई हात मात्र वताएको र हतियार केही नवताएकोले वर र अभय धारण गरेको सूचना हुन्छ र वरवाट अभीष्टसिद्धि र अभयवाट निडर भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

आख्या प्रबोधिनी शुभ्रा सिंहस्था चित्स्वरूपिणी ।
त्रिशूलांबुज चिन्मुद्राऽभयान्वितकरा शुभा ।।

यस ध्यानवाट सेतो वर्णकी, सिंहमा वसेकी, त्रिशूल, कमल, चिन्मुद्रा र अभयमुद्रा धारण गरेकी, शुभ गराउने, चैतन्य-स्वरूपकी 'प्रवोधिनी' देवीरूप 'अ' कारको स्वरूप फुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएवाट सत्त्वगुणात्मिका, सिंहमा वसेवाट ज्ञानरूपिणी, त्रिशूलवाट त्रिविधोत्पातनाशक, कमलवाट श्रीः, चिन्मुद्रा (ज्ञानमुद्रा) वाट तत्त्वरूपिणी, अभयमुद्रावाट निडररूपिणी, चैतन्य स्वरूपकी 'प्रवोधिनी' देवी भन्ने बुझिन्छ । यिनको मनन गर्नाले शुभ दिने हुन्छ ।

(इति आगमान्तरवचनम्)

इति श्री 'क–च' वर्गद्वय-
वर्णनं नाम
तृतीयः पटलः

अथ चतुर्थ पटल

(ट)

यो अक्षर वाग्वात्मक हुनाले 'पश्चिमाम्नायात्मक' भन्ने सिद्ध हुन्छ। अतः यसको वर्ण हरियो र स्वाद अमिलो हुन्छ। स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ—

टकारमग्निवर्णाभं दहन्तमिव पावकम्।
भुजैः षोडशभिर्दिव्यैर्दिव्यमाल्यकृतं वपुः॥
मेषारूढं महाकायं सर्पमेखलमण्डितम्।
त्रिशीर्षं च वृहद्रूपं सिन्दूराभं महाद्युतिम्॥
खड्गं चर्म मुद्गरं च गदामंकुशमेव च।
पाशं पशुं च कलशं माल्यं चैव त्रिदंडकम्॥
शक्तिं दण्डं च डमरुं खट्वांगं च वराभये।
करैर्दधानं षण्णेत्रं ज्वालाजटिलमुज्ज्वलम्॥
ग्रहाणां निग्रहो ह्येष भूतानां डाकिनीषु च।
निमग्नमुन्मज्जयेच्च शमयेद्विषदूषितम्॥

यस ध्यानवाट अग्निको जस्तो उज्ज्वल र सिंदूर जस्तो वर्ण भएका साक्षात् अग्नि जस्तै, तीन शिर, छ आँखा, सोह्र हात

भएका, भेंडामाथि चढेका, ठूलो शरीर भएका, सर्पका कन्दना लाएका, हातमा खड्ग, ढाल, मुग्रो, गदा, अंकुश, पाश, वन्चरो, कलश, माला, त्रिदण्ड, शक्ति, दण्ड, डमरु, खट्वाङ्ग, वरदमुद्रा र अभयमुद्रा धारण गरेका, दुष्ट ग्रह, भूत, डाकिनीहरूलाई नियन्त्रण गर्ने, डुबेकालाई उतार्ने र विषको संसर्गलाई शमन गर्ने 'ट' कारको रूप ठ्लकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । अग्निको जस्तो उज्ज्वल र सिंदूरको जस्तो वर्ण भएवाट तेजिला र सौभाग्यरूप, तीन शिर भएवाट त्रिगुणात्मक रूप, छ आँखा भएवाट षड्रसरूप, सोह्र हात भएबाट अमृतादि सोह्र कलाले पूर्ण, भेंडामाथि चढेवाट मोहरूप, ठूलो शरीर भएवाट विश्वव्यापी, सर्पको कन्दनी लाएवाट निर्विषी रूप, हातमा रहेका खड्गवाट विजय, ढालवाट रक्षा, मुंग्रोबाट ज्ञान, गदावाट वैराग्य, अंकुशवाट स्तम्भन, पाशवाट वशीकरण, वन्चरोवाट आग्नेय ताप अर्थात् तातो राप, कलशवाट श्रीः, मालावाट विश्वचक्र, त्रिदण्डबाट त्रिविधपापनाशक, शक्तिवाट वर्कत, दण्डवाट शासनतत्त्व, डमरुवाट प्रतिध्वनि, खट्वाङ्गवाट तापत्रयनाशक, वरदमुद्रावाट अभीष्टसिद्धि, अभयमुद्रावाट डरनाशक तत्त्वस्वरूपका 'ट' कारको रूप भन्ने बुझिन्छ । यिनको मनन गर्नाले माथि वताएका सबै ग्रह तथा भूत प्रेत नियन्त्रण हुन्छन् र विषहरूको शमन हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

क्रौंचस्थो द्विभुजष्टः स्यान्नागवद्धो महाध्वनिः ।

यस ध्यानवाट कन्याङ्गकुरुङ्गमाथि वसेको, नागले बाँधिएको, दुई हात र ठूलो आवाज भएको 'ट' कारको स्वरूप ठ्लकन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कन्याङ्गकुरुङ्ग-माथि वसेवाट अनुसरणतत्त्व, नागले बाँधिएवाट निर्विषी तत्त्व, दुई हात भन्नाले हातमा वर र अभय धारण गरेको बुझिनाले वरदमुद्रावाट अभीष्टसिद्धि र अभयमुद्रा धारण गरेवाट निडर भन्ने बुझिन्छ । ठूलो आवाज भएवाट नाम ब्रह्मरूपका 'ट' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

टाख्या च धारिणीदेवी शूलटंकवराभयान् ।
धत्ते मत्तमतंगस्था पाटला भासितांशुका ।।

यस ध्यानवाट शूल, वन्चरो, वर र अभय धारण गरेकी, मत्ता हात्तीमा चढेकी, सेतो वस्त्र धारण गरेकी, रातो वर्णकी, 'ट' कार रूपिणी, 'धारिणी देवी' को रूप झल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । हातमा लिएका शूलवाट हावाको वेग, वन्चरोबाट आग्नेय ताप, वरमुद्रावाट अभीष्टसिद्धि, अभयवाट निडररूपिणी, मत्ता हात्तीमा चढेबाट आधारशक्ति, सेतो वस्त्र धारण गरेवाट सत्त्वगुणस्वरूपिणी, रातो वर्णको भएवाट सौभाग्यवती 'ट' काररूपिणी 'धारिणी' नामकी देवीको निर्गुण रूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ठ)

यो वर्ण तैजसात्मक भएकोले 'पूर्वाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण रातो हुन्छ र स्वाद तीतो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप त्रिकोणाकार (माथितिर चुच्चो

फर्केको) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

ठकारं कुन्दपुष्पाभं वृषारूढं महावलम् ।
चतुर्भुजं महाकायमेकशीर्षं त्रिलोचनम् ।।
डमरुं च त्रिशूलं च रत्नं कलशमेवा च ।
हस्तैर्दधानं शिवदं शिवरूपमनुस्मृतम् ।।
गोक्षीरधवलं नित्यं विषसैन्यविमर्दनम् ।
आत्मरक्षापरस्यैव पथि वा निर्जने वने ।।

गजसिंहवराहेषु व्यालव्याघ्रभयेषु च ।
विषवन्धे प्रयोक्तव्यं जीवरक्षासु चिन्तयेत् ।।
सुवर्णममृतं ह्येनं कालदष्टो भवेद्यदि ।
अहिनां स्तंभने प्रोक्तं सर्वसत्येषु शीतलम् ।।

यस ध्यानबाट कुन्दपुष्प जस्तो सेतो वर्ण भएको, साँढे-माथि चढेको, वलवान्, चार हात भएको, ठूलो शरीर भएको, एक शिर, तीन आँखा भएको, हातमा डमरु, त्रिशूल, रत्न र कलश लिएको, गाईको दूध जस्तो सेतो वर्ण भएको, कल्याण दिने, शिव-स्वरूपका, विष र शत्रुसैन्यहरूको नाश गर्ने, वाटोमा, निर्जन वनमा, दुष्ट जन्तुहरूको भयमा, विष-प्रयोगमा, वन्धन परेकोमा, आत्मरक्षाको लागि प्रयोग गरिने, कालदष्ट नै भए पनि सुवर्ण अमृत जस्तो हुने, सर्पहरूलाई स्तम्भन गर्ने र सबै प्राणीहरूमा शीतल गर्ने 'ठ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कुन्दपुष्पको जस्तो सेतो वर्ण भएवाट शुद्ध सत्त्वगुणात्मक तत्त्व साँढेमाथि चढेवाट धर्मरूप, वलवान् भएवाट वलरूप, चार हात भएवाट चार आत्मा

रूप, ठूलो शरीर भएवाट सवव्यापक तत्त्व, तीन आँखा भएवाट तीन बिन्दुरूप, हातमा लिएको डमरुवाट निनाद, त्रिशूलवाट त्रिविधोत्पातकनाशक तत्त्व, रत्नवाट रक्षारूप, कलशवाट श्रीः, गाईको दूध जस्तो सेतो वर्ण भएवाट पवित्रता रूपका 'ठ' कारको स्वरूप भन्ने बुझिन्छ । यिनको मननवाट विष र शत्रुसैन्यहरूको नाश हुन्छ र दुष्ट जन्तुको भयमा आत्माको रक्षा गर्न सहायक हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

धरापद्मगजेन्द्रस्थष्ठवर्णो द्विकरोज्ज्वलः ।

यस ध्यानवाट पृथ्वी, कमल र हात्तीमाथि वसेका, दुई हात भएका 'ठ' वर्णको रूप झल्कन्छ । (यहाँ वर्णको केही वयान नभएकोले साधारण मानिसको वर्ण र हातमा लिएको हतियारको वयान नभएकोले वर र अभय धारण गरेको भन्ने सम्झनुपर्छ ।)

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । साधारण मानिसको ॐ वर्ण भएवाट साधारणत्व, पृथ्वीमाथि वसेवाट पार्थिवतत्त्वात्मक, कमलमाथि वसेवाट वैभवरूप, हात्तीमाथि वसेवाट राजतत्त्व, हातमा लिएका वरवाट अभीष्टसिद्धि र अभयवाट निडरस्वरूपका 'ठ' कार भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

क्रियासरस्वती ठाख्या टंकांकुशवराभयान् ।
धत्ते सिंहवरारूढा चैकवक्त्रारुणा मता ।।

यस ध्यानवाट लाल वर्ण भएकी, एक मुख भएकी सिंहमाथि चढेकी, चार हात भएकी, हातमा वज्रचरो, अंकुश, वर र

अभय धारण गरेकी, 'क्रियासरस्वती' नाम गरेकी 'ठ' कारको मूर्ति ठ्ल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । लाल वर्ण भएवाट सौभाग्यरूपिणी, सिंहमाथि चढेवाट ज्ञानरूपिणी, चार हात भएवाट चार आत्मा रूपिणी, हातमा लिएका बन्चरोबाट तातो राप, अंकुशबाट स्तम्भनशक्ति, वरवाट अभीष्टसिद्धि, अभयवाट निडर-स्वरूपकी 'क्रियासरस्वती' 'नाम गरेकी' 'ठ' कारको मूर्ति भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ड)

यो अक्षर पृथिव्यात्मक भएकोले 'अधराम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण पहेंलो र स्वाद गुलियो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप चतुष्कोणाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

डकारं हरितं ध्यायेद् दंष्ट्राभीषणविग्रहम् ।
चतुर्वक्त्रं महाकायं चर्तुविंशार्द्ध लोचनम् ।।
द्विभुजं पुरुषाकारं दण्डाभयकरांबुजम् ।
धर्मासनसमारूढं पिङ्गकेशजटाधरम् ।।
यक्षराक्षसभूतादिडाकिनीसिद्धयोगिनीः ।
स्कंदादींश्च सरोषांश्च पिशाचोरगकिन्नरान् ।
कुष्माण्डान् राक्षसांश्चैव स्मरणादेव नाशयेत् ।।

यस ध्यानवाट हरियो बर्ण भएको, दाह्रा निस्केको, डरलाग्दो भएका, चार मुख, बाह्र आँखा भएका, भयंकर शरीर भएका, दुई हात भएका, हातमा दण्ड र अभय धारण गरेका,

[1]धर्मासनमा वसेका, कैलो जटा धारण गरेका, पुरुषाकार 'ड' कारको स्वरूप झल्कन्छ । यसको स्मरण गर्नाले यक्ष, ग्रह, भूत, डाकिनी, सिद्ध, योगिनी, रिसाएका स्कन्द आदि ग्रह, पिशाच, नाग, किन्नर, कुष्माण्ड (भकुण्डे भूत) र राक्षसहरू भाग्दछन् ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हरियो वर्ण भएवाट निरुपद्रवरूप, दाह्रा निस्केवाट सत्त्वगुणात्मक र डरलाग्दो भएवाट ब्रह्मसूचक हुन्छ । चार मुख भएवाट चार वेदस्वरूप, वाह्र आँखा भएवाट तपिन्यादि वाह्र रूप, भयंकर शरीर भएवाट सर्व-व्यापक रूप, हातमा लिएका दण्डवाट शासनस्वरूप, अभयवाट निडरस्वरूप, धर्मासनमा वसेवाट धर्मरूप, कैलो जटा धारण गरेवाट वैराग्यरूपका 'ड' कार भन्ने बुझिन्छ । यस अक्षरको मननवाट पूर्वोक्त सबै विकारहरू हराउँदछन् ।

(इति तन्त्रचिन्तामणिवचनम्)

लक्षयोजनमानः स्याज्ज्वरनाशकरो विभुः ।
डवर्णोप्यष्टवाहुः स्याच्चतुर्वक्त्रः स्वलंकृतः ।।

यस ध्यानवाट आठ हात, चार मुख भएको, राम्रोसँग सिंगारिएको, लाख योजन प्रमाणको, ज्वर नाश गर्ने 'ड' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । आठ हात भएवाट अष्टसिद्धिरूप, चार मुख भएवाट चार वेदस्वरूप, राम्रोसँग सिंगारिएवाट मायारूपका 'ड' कारको स्वरूप भन्ने बुझिन्छ । यिनको मनन गर्नाले एक लाख योजनपरसम्म प्रमाण पुग्न सक्छ र ज्वर हराउँछ भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

---

[1] धर्मरूप सेतो साँढेमा चढेका ।

डकारिणी पञ्चवक्त्रा सिता टंकगदाधरा ।
चतुर्बाहुः कुक्कुटस्था वराभयकरा च सा ।।

यस ध्यानबाट सेतो वर्णकी, पाँच मुख, चार हात भएकी, कुखुरामाथि बसेकी, हातमा बन्चरो, गदा, वरमुद्रा र अभयमुद्रा धारण गरेकी 'ड' काररूपिणी देवीको स्वरूप फल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएकी भन्नाले सत्त्वगुणात्मिका, पाँच मुख भएबाट पञ्चतत्त्वात्मिका, चार हात भएबाट चार आत्मास्वरूपिणी, कुखुरामाथि बसेबाट वशीकरण-शक्ति, हातमा लिएको बन्चरोबाट अष्टाङ्गयोग, गदाबाट वीरत्व-शक्ति, वरदमुद्राबाट अभीष्टसिद्धि र अभयमुद्राबाट निडरस्वरूपिणी 'ड' काररूपिणी देवीको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ढ)

यो अक्षर जलात्मक भएको हुनाले 'दक्षिणाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण अस्मानी र स्वाद टर्रो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्धचन्द्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ—

ढकारं भुजगारूढं फणिलक्षणभूषितम् ।
ज्वलनार्कप्रतीकाशमारक्तायतलोचनम् ।।
दंष्ट्राकरालिनं घोरं मेघगम्भीरनिःस्वनम् ।
चतुःषष्ठिभुजैर्दिव्यैर्नानाप्रहरणायुधम् ।।
दंष्ट्रटंकाक्षमालाश्च शूलपट्टिशधारिणम् ।
गदामुद्गरपाशांश्च खड्गं चक्रं च बिभ्रतम् ।।

क्षोभयेत् पृथिवीं सर्वां सशैलवनकाननाम् ।
सुरकिन्नरसिद्धानां दैत्यदानवरक्षसाम् ।।
नागानां दमनो ह्येष पातालतलवासिनाम् ।
दृढमाकर्षणे योज्यो मेघानां च निवारणे ।।
लूतागर्दभविस्फोटान् लोहालिंगादिचर्चिकाः ।
डाकिनीभूतदोषांश्च नाशयेन्नात्रसंशयः ।।

यस ध्यानबाट सर्पमाथि चढेका, सर्पकै लक्षणले सुशोभित भएका, सूर्य जस्ता उज्ज्वल, ठूला ठूला, राता आँखा भएका, दाह्राले गर्दा डरलाग्दा भएका, मेघको जस्तो गम्भीर स्वर भएका, चौसट्ठी दिव्य हातहरू भएका, हातमा दाह्रा, बन्चरो, अक्षमाला, शूल, पट्टिश, गदा, मुङ्ग्रो, पाश, खड्ग, चक्र आदि नाना प्रकारका आयुधहरू धारण गरेका, वन पर्वतसहितकी सम्पूर्ण पृथ्वीलाई हल्लाउन सक्ने देवता, किन्नर, सिद्ध, दैत्य, दानव, पातालवासी नागहरूलाई समेत दमन गर्न सक्ने, आकर्षण र मेघहरूको निवारणमा प्रयोग गरिने, लूतो, जाल गर्दभ, खटिरा-पटिरा, लोहलिंगादि, चर्चिका, डाँकिनी, भूत आदिको दोषलाई समेत नाश गर्ने 'ढ' कारको रूप कल्पन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । सर्पमाथि चढेबाट विषनियन्त्रण गर्ने तत्त्व, सर्पको लक्षणले सुशोभित भएबाट शीतलीकरणतत्त्व, सूर्य जस्तो उज्ज्वल भएबाट प्रकाशरूप, ठूला ठूला राता आँखा भएबाट तेजसात्मक, दाह्राले गर्दा डरलाग्दो भन्नाले दाह्राले सत्त्वगुणात्मक भन्ने र डरलाग्दो भन्नाले ब्रह्मरूप भन्ने बुझिन्छ । मेघको जस्तो गम्भीर स्वर भएबाट नादब्रह्मात्मक तत्त्व, चौसट्ठी दिव्य हातहरू भएबाट चौसट्ठी आगमरूप, हातमा रहेका दाह्राबाट सात्त्विक तत्त्व, बन्चरोबाट तातो राप, अक्षमालाबाट विश्वचक्र, शूलबाट हावाको वेग, पट्टिशबाट लज्जातत्त्व, गदाबाट ज्ञान, मुङ्ग्रोबाट वैराग्य, पाशबाट वशीकरण, खड्गबाट विजय, चक्रबाट

रक्षास्वरूपका 'ढ' काररूप भन्ने ऋल्कन्छ । यिनको मननवाट पूर्व उल्लिखित सबै प्रकारका दोषहरू नाश हुन्छन् भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

योजनानां सहस्रेण मितः कुवलये स्थितः ।
अग्निविम्वाजगोढार्णो दशवाहुर्ज्वलत्प्रभः ।।

यस ध्यानवाट अग्नि जस्तो वर्ण भएका, अग्निबिम्वको माझमा वोकामाथि वसेका, दशवाहु भएका, हजार योजन प्रमाणका 'ढ' कारको स्वरूप ऋल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । अग्नि जस्तो वर्ण भएवाट रजोगुणात्मक, अग्निविम्वको माझमा वसेवाट अग्नितत्त्वात्मक र वोकामा वसेवाट कामरूप, दश वाहु भएवाट धूम्रार्चिषादि दश कलात्मक रूप भन्ने बुझिन्छ । हजार योजन प्रमाणका भन्नाले एक चोटिको उच्चारणमा हजार योजनसम्म यसको प्रभाव पुग्ने 'ढ' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

ढरूपिणी श्रीधनाख्या पंचवक्त्रा मयूरगा ।
तडिद्गौरी करैर्धत्ते शूलटंकवराभयान् ।।

यस ध्यानवाट पाँच मुख भएकी, मयूरमाथि चढेकी, बिजुली जस्तो गोरो वर्ण भएकी, हातमा शूल, बन्चरो, वर र अभय धारण गरेकी 'श्रीधना' नाम गरेकी 'ढ' कार रूपिणी देवीको रूप ऋल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पाँच मुखले पंचतत्त्वात्मिका, मयूरमाथि चढेवाट चैतन्यरूपिणी, विजुली जस्तो

गोरो वर्ण भएवाट स्वच्छरूपिणी, हातमा भएका शूलवाट वायुको वेग-रूपिणी, वन्चरोवाट तातो राप, वरवाट अभीष्ट सिद्धि र अभयवाट डरनाशक-शक्तिस्वरूपिणी 'श्रीधना' नामकी देवीको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ण)

यो अक्षर आकाशात्मक भएकोले 'उत्तराम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण छिरविरे र स्वाद पीरो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप विन्द्वाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ ।

णकारं पुष्करासीनमतसीकुसुमप्रभम् ।
चतुर्भुजं चतुर्वक्त्रं कृष्णदंष्ट्राकरालिनम् ।।
राजावर्तनिभश्यामं ज्वलद्भास्करलोचनम् ।
मेरुशृङ्गं तथा खड्गं धनुर्वाणं धृतं करैः ।।
त्रासयन्तं महानादं क्षोभयन्तं रसातलम् ।
विषाश्च विविधाकारा नश्यन्ते नात्र संशयः ।।

यस ध्यानवाट कमलमाथि वसेको, आलसको फूल जस्तो नील कान्ति भएको, चार हात चार मुख, उज्ज्वल आठ आँखा भएका, श्याम वर्णका, हातमा सींग, खड्ग, धनु र वाण लिएका, डरलाग्दा, ठूलो डाँकोले रसातल पातालसम्म समेत हल्लाउने र स्मरण गर्नाले नाना प्रकारका विष नाश गर्ने 'ण' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कमलमाथि वसेवाट मनोरूप, आलसको फूल जस्तो नील कान्ति भएवाट अनिष्ट-

नाशक तत्त्व, चार हातबाट चार आत्मारूप, चार मुख भएबाट चार वेदस्वरूप, उज्ज्वल आठ आँखा भएबाट अष्टसिद्धिरूप, श्याम वर्ण भएबाट निर्लेपरूप, हातमा रहेका सींगवाट अनाख्यारूप, खड्गबाट विजयरूप, धनुबाट ज्ञानरूप, बाणवाट पापमोचनरूप, डरलाग्दो भएबाट ब्रह्मसूचक 'ण' कारको रूप भन्ने बुझिन्छ । यिनको मननबाट माथि बताएझैं कार्यहरू हुन्छन् भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

सहस्रगानं व्याघ्रस्थं योजनानां हि णं भवेत् ।

यस ध्यानबाट बाघमा बसेको, हजार योजन प्रमाणको 'ण' कारको स्वरूप झल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । बाघमा बसेबाट अष्टाङ्गयोगस्वरूप, हजार योजन प्रमाण भन्नाले यसको मननबाट हजार योजन परसम्म प्रभाव पर्ने 'ण' कारको स्वरूप झल्कन्छ ।

(इति तन्त्रान्तरवचनम्)

णोनन्तशक्तिर्देवेशि रक्ता वर्हिणवाहना ।
एकवक्त्रा शूलशक्तिवराभयकरा शुभा ।।

यस ध्यानबाट रातो वर्णकी, मुजूरमाथि बसेकी, एक मुख, चार हात भएकी, हातमा माला, शक्ति, वर र अभय धारण गरेकी 'अनन्तशक्ति' देवीस्वरूप 'ण' कार भन्ने झल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । रातो वर्ण भएबाट सौभाग्यरूप, मुजूरमाथि बसेबाट चैतन्यरूप, एक मुख भएबाट अस्तित्व, चार हात भएबाट चार आत्मा, हातमा रहेका भालाबाट वायुको वेग, शक्तिबाट बर्कत, वरबाट अभीष्टसिद्धि र

र अभयवाट निडरस्वरूपकी 'अनन्तशक्ति' नाम गरेकी देवीरूप 'ण' कार भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(त)

यो अक्षर वाग्वात्मक भएको हुनाले 'पश्चिमाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण हरियो र स्वाद अमिलो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ—

तकारं रक्तवर्णाभं पूर्णकुम्भोपरि स्थितम् ।
युवापुरुषवेषाढ्यमेकशीर्षं स्मिताननम् ।।
शशांककृतमूर्द्धानं द्विभुजं मीनवाहनम् ।
चापवाणधरं सूक्ष्मं नेत्रत्रयविभूषितम् ।।
निःशेषविषनागानामन्तरायं विशेषतः ।
स्मरणान्नाशयेच्छूलं घनं वाताहतं यथा ।।

यस ध्यानवाट रातो वर्ण भएका, पूर्ण घडामाथि बसेका, युवापुरुषको भेष धारण गरेका, एक शिर, दुई हात, तीन आँखा भएका, माथमा चन्द्रमा पहिरेका, हातमा धनु र वाण लिएका, स्मरण गर्नाले सारा नागविषहरूको अर्थात् नागविष शमन गर्ने, बतासले बादल हटाएझैं शूल रोग नाश गर्ने 'त' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रातो वर्ण भएबाट सौभाग्यरूप, पूर्ण घडामाथि बसेबाट पवित्र रूप, युवापुरुषको भेष धारण गरेबाट युवाले सृष्टिकलातत्त्व र पुरुषले पुरुषतत्त्व भन्ने

बुझाउँछ । एक शिर भएवाट अस्तित्व, तीन आँखा भएवाट तीन बिन्द्वात्मक अहंरूप, माथमा चन्द्रमा पहिरेवाट परमामृतरूप, हातमा लिएका धनुवाट ज्ञान र वाणवाट पापमोचन तत्त्व, सारा नागविष-हरूको विघ्नस्वरूप भन्नाले निर्विषीकरणतत्त्वस्वरूपका 'त' कारको रूप भन्ने बुझिन्छ । यिनको मनन गर्नाले पूर्वोक्त शूल रोग नाश हुन्छ भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

षष्टिहायनसंस्थः स्याच्चतुर्बाहुः स्वलंकृतः ।
सहस्रमानो गन्धाढ्यः कुंकुमाभश्च ताक्षरः ।।

यस ध्यानवाट साठी वर्ष उमेरको, कुंकुम वर्णको, चार हात भएको, राम्ररी सिंगारिएको सुगन्धले युक्त, हजार योजन प्रमाणको 'त' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । साठी वर्ष उमेर भएवाट साठी संवत्सरतत्त्व, कुंकुम वर्ण भएवाट वैभवरूप, चार हात भएवाट चार आत्मारूप, राम्ररी सिंगारिएवाट जगन्मोहनतत्त्व, सुगन्धले युक्त भएवाट आरोग्यरूप, हजार योजन प्रमाणका भन्नाले यिनको मनन गर्नाले हजार योजन परसम्म प्रभाव पर्ने सवने 'त' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

ताख्या सरस्वती शुभ्रा सितपद्मासनांशुका ।
एकवक्त्रा करैर्धत्ते वीणातन्त्रीवराभयान् ।।

यस ध्यानवाट सेतो वर्णकी, सेतो कमलमाथि वसेकी, सेतो वस्त्र पहिरेकी, एक मुख, चार हात भएकी, हातमा वीणा

(सितार), तार, वर र अभय धारण गरेकी 'सरस्वती' नामकी शक्तिरूप 'त' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्णको भएवाट सत्त्वगुणात्मिका, सेतो कमलमाथि वसेकीवाट बुद्धि र विद्यारूपिणी, सेतो वस्त्र पहिरेवाट विवेकरूपिणी, एक मुख भएवाट अस्तित्व, चार हात भएवाट चार आत्मास्वरूपिणी, हातमा धारण गरेका वीणा (सितार) वाट आहतनादस्वरूपिणी, तारवाट मृणालतन्तुरूपिणी, वरवाट अभीष्टसिद्धि र अभयवाट निडरस्वरूपकी 'सरस्वतीरूप' 'त' कारको रूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(थ)

यो अक्षर तेजसात्मकं भएकोले 'पूर्वाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण रातो र स्वाद तीतो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप माथितिर चुच्चो फर्केको त्रिकोणाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

थकारं हिमवर्णाभं शंखकुन्देन्दुनिर्मलम् ।
मकरीपृष्ठमारूढमारक्तायतलोचनम् ।।
पंचवाणेक्षुचापाढ्यं दीर्घस्कन्धं सुरूपिणम् ।
मन्मथञ्च स्वयं साक्षात् कन्दर्पग्रहनाशनम् ।।
दीपैरगुरुधूपैश्च सुगन्धैरनुलेपनैः ।
अकालमरणं ह्येष नाशयत्यचिरात् स्वयम् ।।

यस ध्यानबाट हिउँ जस्तो सेतो वर्ण भएका, शंख, कुन्दपुष्प चन्द्रमा जस्ता स्वच्छ, ग्राहमाथि चढेका, लाल लाल विशाल आँखा

भएका, एक हातमा पंचबाण (पुष्पबाण) र अर्कोमा उखुको धनु लिएका, अति राम्रा, अगुरुका सुगन्धी धूप-बत्तीहरू र सुगन्धी अनुलेप (घस्ने पदार्थ) ले सुगन्धी शरीर भएका र कन्दर्पग्रहलाई नाश गर्ने र यसको स्मरण गर्नेको अकालमृत्यु हर्ने साक्षात् कामदेव स्वरूप 'थ' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हिउँ जस्तो सेतो वर्ण भएबाट शीतलीकरणतत्त्व, शंख जस्तो भएबाट सत्त्वगुणात्मक तत्त्व, कुन्दपुष्प जस्तो भएबाट विषनाशक तत्त्व, चन्द्रमा जस्तो भएबाट स्वच्छता, ग्राहमाथि बसेबाट जलचर तत्त्व, लाल लाल विशाल आँखा भएबाट रजोगुणात्मक तत्त्व, हातमा रहेका पंचबाण (पुष्पबाण) भन्नाले रातो कमल, नीर कमल, सेतो कमल, आँपको मुजुरा र रातो करवीर भन्ने बुझिनाले रातो कमलबाट शोषणतत्त्व, नीर कमलबाट तापन, सेतो कमलबाट सन्दीपन, आँपको मुजुराबाट मानद र रातो करवीरबाट स्तम्भनतत्त्व भन्ने र उखुको धनुबाट सम्मोहनतत्त्व भन्ने बुझिन्छ । अति राम्रा भएबाट चित्ताकर्षण तत्त्व अनेक प्रकारका सुगन्धबाट आरोग्यप्रद तत्त्वस्वरूपका साक्षात् कामदेवको 'थ' कार रूप भन्ने बुझिन्छ । यिनको मननबाट अकाल मृत्यु हर्ने र कन्दर्प ग्रहलाई नाश गर्ने भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिबचनम्)

कोटियोजनमानः स्यादष्टबाहुश्चतुर्मुखः ।
सितवर्णो वृषारूढः थवर्णोपि भयंकरः ।।

यस ध्यानबाट कोटि योजन प्रमाणको, साँढेमाथि चढेको, सेतो वर्णको, चार मुख, आठ हात भएको, डरलाग्दो स्वरूपको 'थ' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । साँढेमाथि चढेबाट धर्मरूप, सेतो वर्ण भएबाट सत्त्वगुणात्मक तत्त्व, चार मुख भएबाट चार वेदरूप, आठ हात भएबाट अष्टसिद्धि, डरलाग्दो भएबाट ब्रह्मसूचक, कोटियोजन प्रमाणका भएबाट यिनको मननबाट कोटि योजन परसम्म प्रभाव पर्न सक्ने 'थ' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

पंचवक्त्रा सिता थाख्या नीलकंठा सरस्वती ।
शारिकां डमरुं धत्ते वृषारूढा वराभयौ ।।

यस ध्यानबाट सेतो वर्णकी, साँढेमाथि चढेकी, पाँच मुख, चार हात भएकी, हातमा शारिका (त्रिपाशा) डमरु, वर र अभय धारण गरेकी, नीलकंठा सरस्वतीको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएकी-बाट सत्त्वगुणात्मिका, साँढेमाथि चढेकी भन्नाले धर्मरूपिणी, पाँच मुख भएकी भन्नाले पंचतत्त्वात्मिका, चार हात भएबाट चार आत्मा, हातमा धारण गरेका शारिका (त्रिपाशा) बाट लोभ, दम्भ र मदलाई नियन्त्रण गर्ने शक्ति, डमरुबाट नादस्वरूपिणी, वरबाट अभीष्टसिद्धि र अभयबाट डरनाशक शक्तिस्वरूपिणी 'नीलकण्ठ' सरस्वतीको 'थ' कार स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(द)

यो अक्षर पृथ्व्यात्मक भएकोले 'अधराम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण पहेंलो र स्वाद गुलियो हुन्छ ।

स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप चतुरस्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

दकारं श्वेतवर्णाभं कम्बुवाहनसंस्थितम् ।
क्षीरोदकलशावर्तमध्वगं चिन्तयेत्सदा ।।
त्रिशीर्षं च महाकायं पुरुषं शिवरूपिणम् ।
त्रिनेत्राणि च सर्वाणि वक्त्राणि सुस्थितानि च ।।
नागपाशं च कलशं पाणिभ्यां दधतं शुभम् ।
ज्वरं नाशयते घोरं तृतीयकचतुर्थकम् ।
सान्ध्यं रात्रिज्वरं चैव शीतदाहज्वरं तथा ।।

यस ध्यानबाट सेतो वर्णका, क्षीरसमुद्रको कलशाकार भुँवरीको वीचमा शंखमाथि चढेका, ठूलो शरीर, तीन टाउको, हरेक टाउकोमा तीन तीन आँखा भएका, कल्याणरूप, दुई हातमा नागपाश र कलश धारण गरेका, डरलाग्दा, तीनदिने ज्वर, चार दिने ज्वर, साँझमा आउने ज्वर, राती आउने ज्वर, शीतज्वर, जाडो भएर आउने ज्वर सबै नाश गर्ने 'द' कारको पुरुषरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएबाट शान्तिरूप, समुद्रको कलशाकार भुँवरीको वीचमा शंखमाथि बसेबाट अभीष्टसिद्धि दिने, ठूलो शरीर भएवाट सर्वव्यापी, तीन टाउको भएवाट त्रिगुणात्मक, हरेक टाउकोमा भएको तीन तीन आँखा अर्थात् नौ आँखा भएबाट पूर्वोक्त नौ प्रकारको आत्मारूप, कल्याणरूप भन्नाले सबैलाई कल्याण दिने, हातमा भएका नागपाशवाट निर्विषीकरणतत्त्व भन्ने बुझिन्छ । यिनको मनन गर्नाले पूर्वोक्त ज्वरहरू नाश गर्ने पुरुषस्वरूपका 'द' कारको रूप भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

द्विमुखं षड्भुजं कोटिमानं दं महिषस्थितम् ।

यस ध्यानवाट दुई मुख छ हात भएका, राँगोमा वसेका, कोटी योजन प्रमाणका 'द' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । दुई मुख भएवाट शिवशक्त्यात्मक तत्त्व, छ हात भएवाट षड्सात्मक तत्त्व, कोटी योजन प्रमाण भन्नाले मन खाली राखेर मनन गरेवाट यसको प्रभाव कोटि योजनसम्म पुग्ने स्वरूपका 'द' कारको रूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

एकवक्त्रारुणादाख्याष्टभुजा भोगदायिनी ।
धत्ते जं शारिकां वीणां डमन्वेणवराभयान् ।।

यस ध्यानवाट अरुण वर्णकी, एक मुख, आठ हात भएकी, हातमा कमल, त्रिपाशा, वीणा (दुई हातले), डमरु, मृग, वर र अभय धारण गरेकी भोगदायिनी देवीरूप 'द' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । अरुण वर्ण भएवाट अनुग्रहशक्ति, आठ हात भएवाट अष्टसिद्धिरूपिणी त्रिपाशा-वाट लोभ, दम्भ र मदलाई नियन्त्रण गर्ने शक्ति, दुई हातले समातेको वीणावाट आहत र अनाहत नादरूपिणी, डमरुवाट प्रतिध्वनिरूपिणी, मृगवाट मनःस्वरूपिणी, वरवाट अभीष्टसिद्धि र अभयवाट डरनाशकशक्तिस्वरूपिणी 'भोगदायिनी' नामकी 'द' काररूपा देवी भन्ने बुझिन्छ । यिनको मनन गर्नाले भोग दिने हुन्छ ।

(इति आगमान्तरवचनम्)

(घ)

यो अक्षर जलात्मक भएकोले 'दक्षिणाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको वर्ण अस्मानी र स्वाद टर्रो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्धचन्द्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

घकारं पाटलाभासं द्विनेत्रं च चतुर्भुजम् ।
खड्गचर्मधरं नीरं शरचापसमन्वितम् ।।
एकशीर्षं महाकायं सिंहारूढं महावलम् ।
रौद्राट्टहासनिनदं ग्रहसैन्यविमर्दनम् ।।
तुष्टस्तु हरते दोषं छायादोषं च नाशयेत् ।
परदोषकृतं चैव बलिनां लंघनं तथा ।
अनिलादिप्रहारैश्च रक्षते नात्र संशयः ।।

यस ध्यानबाट लाल वर्ण भएको, एक शिर, दुई आँखा, चार हात भएको, हातमा खड्ग, ढाल, बाण र धनु लिएको, सिंहमा वसेको, ठूलो शरीर भएको, डरलाग्दो, अट्टहास गर्ने, ग्रहसैन्य विनाश गर्ने, प्रसन्न भएमा छायाँदोष परकृत आदि दोष नाश गर्ने वलियालाई दबाएर हुरी बतास आदिको प्रहारबाट समेत जोगाउने महावली 'घ' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । लाल वर्ण भएबाट सौभाग्यरूप, दुई आँखा भएबाट द्विविन्द्वात्मक, चार हात भएबाट चार आत्मा रूप, हातमा भएको खड्गबाट विजय, ढालबाट रक्षा, बाणबाट पापमोचन र धनुबाट ज्ञान, सिंहमा बसेबाट विश्वनायक, ठूलो शरीर भएबाट विश्वव्यापी, डरलाग्दो भएबाट ब्रह्मत्व, अट्टहास गर्ने भन्नाले परमानन्दरूप र यसको मनन गर्नाले माथि बताइएका

सबै ग्रहदोषादिको नाश गर्ने 'ध' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

सिंहवाहश्चतुर्वाहुश्चतुर्लक्षमितो हि धः ।

यस ध्यानबाट सिंहमाथि बसेको, चार हात भएको, चार लाख योजन प्रमाणको 'ध' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सिंहमाथि बसेबाट ज्ञानरूप, चार हात भएबाट चार आत्मारूप, चार लाख योजन भन्नाले यो अक्षरको मनन गर्नाले यसको प्रभाव चार लाख योजन-सम्म पर्ने 'ध' कारको रूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

श्यामला चामला धाख्या ह्येकवक्त्रा चतुर्भुजा ।
वृषस्था शारिकामब्जं करैर्धत्तै वराभयौ ।।

यस ध्यानबाट श्याम वर्णकी, एक मुख, चार हात भएकी हातमा त्रिपाशा, कमल, वरमुद्रा र अभयमुद्रा धारण गरेकी, साँढे-माथि बसेकी, 'अमला देवी' को 'ध' कार रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । श्याम वर्ण भएबाट व्यापकतास्वरूपिणी, चार हात भएबाट लोभ, दम्भ र मद-रूपिणी, कमलबाट वैभवरूपिणी, वरमुद्राबाट अभीष्टसिद्धि र अभय-मुद्राबाट डरनाशकशक्तिस्वरूपकी, साँढेमाथि बसेबाट धर्मरूपिणी 'अमलादेवी' को 'ध' कार रूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(न)

यो आकाशात्मक भएकोले 'उत्तराम्नायात्मक' भन्ने सिद्ध हुन्छ। अतः यसको रंग छिरविरे हुन्छ र स्वाद पीरो हुन्छ। स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप बैन्दवाकार हुन्छ। यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ—

नकारं नीलवर्णाभं कृष्णसारकृतासनम्।
चतुर्वक्त्रं चाष्टवाहुं ज्वालावंशधरं शुभम्॥
तोमरास्त्रधरं चर्मशक्तिचक्रविधारिणम्।
खड्गहस्तं महाबाहुमभीतिं दधतं शुभम्॥
आकाशगमनं चैव गुटिकाञ्जनसन्निभम्।
वेतालोत्थापनं चैव स्वस्थानी सर्वकर्म्मणि॥

यस ध्यानबाट नीलो वर्ण भएका, कृष्णसार मृगमाथि बसेका, चार मुख, आठ हात भएका, अग्निज्वाला, बाँस, तोमर, ढाल, शक्ति, चक्र, खड्ग र अभय धारण गरेका, खेखरी विद्या, सिद्धिगुटिका र सिद्धाञ्जन जस्तो र वेताल उठाउन सक्ने स्वरूपको, स्वस्थहरूको सबै काममा सिद्धि दिने 'न' कारको रूप ठल्कन्छ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ। नीलो वर्ण भन्नाले अन्तर्लीन तत्त्व, आकाशमा हिड्ने भन्नाले आकाशतत्त्वात्मक, (खेचरी विद्या, अञ्जन, गुटिका आदि रूप भन्नाले सिद्धविद्या-स्वरूप) मृगमाथि बसेबाट मनतत्त्व, चार मुख भएबाट चार आत्मारूप, आठ हात भएबाट अष्टसिद्धिरूप, हातमा लिएको अग्निज्वालाबाट प्रकाशरूप, बाँसबाट पवित्रता, तोमरबाट प्रपञ्च-रूप, ढालबाट रक्षा, शक्तिबाट वर्कत, चक्रबाट विश्वचक्र, खड्गबाट विजय, अभयबाट निडर रूपका 'न' कारको स्वरूप भन्ने बुझिन्छ।

यिनको मननवाट वेतालहरू आफ्नो आफ्नो काममा नियन्त्रण हुन्छन् ।

(इति तन्त्रचिन्तामणिवचनम्)

द्विभुजं काकवाहं च तत्सहस्रैं हि नं भवेत् ।

यस ध्यानवाट दुई हात भएको कागमाथि वसेको, चार हजार योजन प्रमाण भएको 'न' कारको स्वरूप फल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कागमाथि वसेवाट चंचलस्वरूपका, चार हजार योजन प्रमाण भएको भन्नाले यस अक्षरको मनन गर्नाले यसको प्रभाव चार हजार योजनसम्म पुग्ने 'न' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

नोऽनन्तशक्तिर्देवेशी मत्तमातंगसंस्थिता ।
एकवक्त्रा तडिद्गौरी धत्ते पद्म वराभयान् ।।

यस ध्यानवाट मत्ता हात्तीमा थिचढेकी एक मुख भएकी, विजुली झैं चहक भएको सेतो वर्णकी, कमल, वर र अभय हातमा लिएकी, 'अनन्तशक्ति' नाम गरेकी देवीरूप 'न' कारको रूप फल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । मत्ता हात्तीमा चढेवाट विश्वसाम्राज्ञी, विजुली झैं चहक भएको सेतो वर्ण भएवाट कीर्तिरूपिणी, हातमा धारण गरेको कमलवाट वैभव, वरवाट अभीष्टसिद्धि, अभयवाट डरनाशकशक्तिस्वरूपिणी 'अनन्तशक्ति नामकी देवीरूप 'न' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

इति टादिनान्तवर्णवर्णनन्नाम
चतुर्थः पटलः

अथ पन्चम पटल

(प)

यो वर्ण वाग्वात्मक भएकोले 'पश्चिमाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको रंग हरियो हुन्छ र स्वाद अमिलो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ ।

पकारं रक्तपर्णाभं पद्मस्थं पद्मधारिणम् ।
शंखचक्रगदापाणिं पीतकौशेयवाससम् ।।
चतुर्भुजं चतुर्वक्त्रं पद्मेशस्योपरिस्थितम् ।
यक्षराक्षसभूतानि पिशाचान् ब्रह्मराक्षसान् ।।
कुष्मांडान् डाकिनींश्चैव भूतवेतालराक्षसान् ।
अपस्मारग्रहांश्चैव तथा बालग्रहानपि ।।
स्मरणान्नाशयत्येष विषं स्थावरजंगमम् ।
कायिकं वाचिकं चैव मानसं त्रिविधन्तथा ।
जन्मान्तरकृतं पापं नाशयेत् स्मरणादसौ ।।

यस ध्यानवाट रातो कमल जस्तो कान्ति भएको, कमल-माथि बसेको, चार मुख, चार हात भएको,-पीताम्बर (पहेंलो रेशमी-

वस्त्र) धारण गरेको, हातमा शंख, चक्र, गदा, पद्म धारण गरेको 'प' कारको स्वरूप झल्कन्छ । यसको चिन्तनबाट यक्ष, राक्षस, भूत, पिशाच, ब्रह्मराक्षस, कुष्माण्ड (भकुण्डे भूत) डाकिनी, वेताल, अपस्मार, वालग्रह आदि र स्थावर-जंगम दुवै प्रकारको विष नाश हुन्छ र यसले शरीर, मन, वचनले गरेको र पूर्वजन्मको समेत पाप पनि नाश गर्दछ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रातो कमल जस्तो कान्ति भएवाट श्रीःले युक्त भएको, कमलमाथि वसेबाट हृदयसाक्षी, चार मुखवाट चार वेदरूप, चार हात भएवाट चार आत्मारूप, पीताम्वर धारण गरेवाट भोगप्रद, हातमा लिएको शंखवाट नाद, चक्रवाट विश्वचक्र, गदावाट ज्ञान र पद्मबाट ऐश्वर्य-रूपका 'प' कारको स्वरूप झल्कन्छ । यसको चिन्तनले पूर्वोक्त सबै प्रकारका यक्ष राक्षसादिको र पूर्वजन्मको पाप पनि नाश हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

विंशद्भुजः पकारःस्यात् कोटिमानो वकस्थितः ।

यस ध्यानबाट बीस हात भएको, कोटि योजन प्रमाणको, वकुलामा बसेको, 'प' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । बीस हात भएवाट दाहिने दश हातले दश दिशा र बायाँ दश हातले दश इन्द्रिय भन्ने बुझिन्छ । कोटि योजन भन्नाले यसको मनन गर्नाले यसको प्रभाव कोटि योजन पुग्न सक्ने हुन्छ र वकुलामा बसेबाट सत्त्वगुणस्वरूपका 'प' कार भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

पाख्येच्छाशक्तिरूपेयं शूलशक्तिवराभयान् ।
धत्ते करैः पंचवक्त्रा फुल्लपद्मासनारुणा ।।

यस ध्यानवाट फुलेको कमलमाथि बसेकी, रातो वर्णकी, पाँच मुख, चार हात भएकी, हातमा शूल, शक्ति, वर र अभय धारण गरेकी, इच्छाशक्तिरूप 'प' कारको स्वरूप ठहरुन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । फुलेको कमलमाथि बसेकी भन्नाले हृदयसाक्षिणी, रातो वर्णकी भन्नाले सौभाग्यरूपिणी, पाँच मुख भएबाट पञ्चतत्त्वात्मिका, चार हात भएबाट चार आत्मास्वरूपिणी, हातमा लिएको शूलबाट हावाको वेग, शक्तिबाट वशीकरण, वरबाट अभीष्टसिद्धि र अभयबाट निडरस्वरूपिणी इच्छाशक्तिरूप 'प' कार भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(फ)

यो अक्षर तैजसात्मक भएकोले 'पूर्वाम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको रंग रातो र स्वाद तीतो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप त्रिकोणाकार (माथितिर चुच्चो फर्केको) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ ।

फकारः पठ्यते योगी योगिनीहृदये तथा ।
चतुर्भुजं चतुर्वक्त्रं हंसारूढं विचिन्तयेत् ।।
कपाली चाक्षमाली च त्रिदण्डी पुस्तकान्वितः ।
सृष्टिकर्ता जगत्येष त्रैलोक्यप्रभुरयव्यम् ।।

अमृताकर्षणी ह्येष जीवदाने विशेषतः ।
भयनाशं सदा कुर्यात् सत्त्वानां तु विशेषतः ।।

यस ध्यानवाट चार मुख–, चार हात भएका, हातमा कपालपात्र, अक्षमाला, त्रिदण्ड र पुस्तक धारण गरेका, हाँसमाथि चढेका, जगत्लाई सृष्टि गर्ने, तीनै लोकको मालिक, अमृतलाई आकर्षण गर्ने, सब प्राणीहरूको डर हटाउने 'फ' कारको स्वरूप ठुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । चार मुख भएवाट चार वेदरूप, चार हात भएवाट चार आत्मारूप, हातमा भएका कपालपात्रवाट बुद्धिरूप, अक्षमालावाट प्राणरूप, त्रिदण्डवाट त्रिविधपापनाशक तत्त्व, पुस्तकवाट ज्ञानरूप, हाँसमाथि चढेवाट जीवरूपका जगत्लाई सृष्टि गर्ने 'फ' कार रूप भन्ने बुझिन्छ । यिनको मनन गर्नाले प्राणीहरू सबैको डर हराउने हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

दशकोटिमितः फार्णो योजनानां भुजद्वयः ।
कण्ठीरवासितांभोजनयनश्चंचलः सितः ।।

यस ध्यानवाट दुई हात भएका, दश कोटी योजन प्रमाणको, मुजूर र नीलकमलको रंग जस्तो आँखा भएको, सेतो वर्णको, चंचलस्वरूप 'फ' कारको रूप ठुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । दुई हात भएवाट प्रकृतिपुरुषात्मक रूप, दशकोटि योजन प्रमाण भन्नाले यिनको प्रमाण दश कोटि योजनसम्म पर पुग्न सक्ने 'फ' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

पंचवक्त्रोग्रसिंहस्था पाटलातपकोमला ।
फाख्या शुकैणासिखेटवराभयधनुःशरान् ।।
पाशं चण्डमृगं धत्ते क्रमेण दशभिः करैः ।

यस ध्यानवाट पाँच मुख भएकी, डरलाग्दो सिंहमाथि बसेकी, अरुण किरण जस्तो रातो वर्ण भएकी, दश हात भएकी, हातमा सुगा, रातो मृग, तरवार, खेट, वर, अभय, धनु, वाण, पाश, ह्राँक (जरायो) धारण गरेकी 'पाटला' नाम भएकी 'फ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पाँच मुख भएवाट पंचतत्त्वात्मिका, डरलाग्दो सिंहमाथि चढेकीवाट विश्वराज्ञी, अरुण किरण जस्तो रातो कान्ति भएवाट सृष्टिरुपिणी, दश हात भएवाट दश दिशास्वरूपिणो, हातमा धारण गरेको सुगावाट वाचाल शक्ति, रातो मृगवाट मनोरूपिणी, तरवारवाट विजय, खेटवाट विद्वेषणशक्ति, वरवाट अभीष्टसिद्धि, अभयवाट निडर शक्ति, पाशवाट वशीकरण, ह्राँक (जरायो) वाट चित्तरूपिणी 'पाटला' नाम गरेकी 'फ' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(व)

यो अक्षर पृथिव्यात्मक भएकोले 'अधराम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको रंग पहेंलो हुन्छ र स्वाद गुलियो हुन्छ । स्वरोदयको मतअनुसार यसको यान्त्रिक रूप चतुरस्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

वकारं च द्विनेत्रं स्यात् साक्षाद्वरुणदैवतम् ।
नागासनसमारूढं फणिव्याकुललोचनम् ।।

हिमकुन्देन्दुसंकाशं शंखगोक्षीरसन्निभम् ।
षड्विशार्द्धभुजं सौम्यं मणिरत्नविभूषितम् ।।
दक्षे गदाचक्रखड्गानंकुशं राशिचक्रकम् ।
वारिधारां च बाणाँश्च क्रमात् संदधतं करैः ।।
वामे पर्शुपद्मपाशमुसलेन्दीवरं धनुः ।
करैः सन्दधतं सौख्यं दाहज्वरविनाशनम् ।।
वातिकं पैत्तिकं चैव श्लैष्मिकं सान्निपातिकम् ।
वारिधारानिपातेन निर्विषं कुरुते क्षणात् ।।

यस ध्यानवाट नागको आसनमा वसेका, नागको ह्रैं व्याकुल दुई आँखा भएका, सेतो वर्णका, मणिरत्नले सुशोभित सौम्य रूपका, तेह्र हात भएका, दाहिनेपट्टि हातमा क्रमशः गदा, चक्र, खड्ग, अंकुश, राशिचक्र, जलधारा र वाण लिएका अनि देब्रे हातमा वन्चरो, कमल, पाश, मुसल, नीलकमल र धनु धारण गरेका, आनन्दी स्वरूपका, दाहज्वर, वातज्वर, पित्तज्वर, कफज्वर र सन्निपातज्वरलाई र विषलाई अमृतरूप जल वर्साएर तुरुन्तै शमन गर्ने साक्षात् वरुणदेवतास्वरूप 'व' कारको रूप ठ्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । नागको आसनमा वसेवाट निर्विषीकरण तत्त्व, नागको ह्रैं व्याकुल दुई आँखा भएवाट श्रीपद, सेतो वर्ण भएवाट सत्त्वगुणात्मक, मणि रत्नले सुशोभित भएवाट राजचिह्न सूचित हुन्छ । सौम्य रूप भएवाट शान्तिरूप, तेह्र हात भएवाट कामरूप दाहिने हातमा लिएका गदावाट वीरत्व, चक्रवाट विश्वचक्र, खड्गवाट विजय, अंकुशवाट स्तम्भन, राशि-चक्रवाट नियामकता, जलधारावाट पवित्रता र वाणवाट पापमोचन अनि देब्रे हातमा रहेका वन्चरोवाट अष्टाङ्गयोग रूप, कमलवाट मनरूप, पाशवाट वशीकरण, मुसलवाट प्रपञ्चरूप, नीलकमलवाट मोक्षरूप, धनुवाट वैराग्यरूपका 'व' कारको स्वरूप भन्ने बुझ्छ ।

यिनको स्मरण गर्नाले माथि लेखिएका सबै प्रकारका ज्वर र विष शमन गर्ने साक्षात् वरुणदेवतास्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

षडास्यो द्विभुजो वः स्याद्दशकोटिमितोरुणः ।

यस ध्यानबाट छ मुख, दुई हात भएको अरुण वर्णको दश कोटि योजन प्रमाणको 'व' कारको स्वरूप ठम्किन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । छ मुख भएबाट षड्रस रूप, अरुण वर्ण भएवाट सृष्टितत्त्वात्मक, दश कोटि योजन प्रमाण भएवाट यसको प्रभाव दश कोटी योजनसम्म पर्ने 'व' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

चिच्छचामला शुभ्रवर्णा सिंहारूढा वरूपिणी ।
धत्ते क्रमेण दशभिः करैः पूर्ववदायुधान् ।।

यस ध्यानवाट सेतो वर्णकी, सिंहमा चढेकी, दश हात भएकी, हातमा क्रमशः माथिकै जस्तो सुगा, मृग, तरवार, खेट, वर, अभय, धनु, वाण, पाश र चण्डमृग (ठाँक) धारण गरेकी 'चिच्छचामला' नामकी 'व' काररूपिणी शक्तिको स्वरूप ठम्किन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएवाट सत्त्वगुणात्मिका, सिंहमा चढेवाट राजतत्त्वात्मिका, दश हात भएवाट दश इन्द्रियस्वरूपिणी, हातमा धारण गरेको सुगाबाट वाचालशक्ति, मृगबाट मनोरूपिणी, तरवारबाट विजय, खेटवाट विद्वेषणशक्ति, वरवाट अभीष्टसिद्धि, अभयवाट निडर शक्ति, धनुवाट ज्ञान,

बाणबाट पाप-मोचन, पाशबाट वशीकरण, झाँकबाट चित्तरूपिणी 'चिच्छ्यामला' नामको 'ब' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(भ)

यो अक्षर जलात्मक भएकोले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग अस्मानी र स्वाद टर्रो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्ध-चन्द्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ–

भकारं कृष्णवर्णाभं पीतकौशेयवाससम् ।
दण्डहस्तं महाकायं महिषासुरवाहनम् ।।
कालपाशधरं रौद्रमारक्तायतलोचनम् ।

यस ध्यानबाट कालो वर्ण भएका, पीताम्वर धारण गरेका, ठूलो शरीर भएका, राँगोरूपी राक्षसमाथि चढेका, लाल लाल आँखा भएका, डरलाग्दो स्वरूपका, हातमा दण्ड र कालपाश धारण गरेका (यमराजरूपी) 'भ' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कालो वर्ण भएवाट अन्तर्लीन तत्त्व, पीताम्बर धारण गरेबाट स्तम्भनरूप, ठूलो शरीर भएवाट सर्वव्यापकत्व, राँगोरूपी राक्षसमाथि चढेवाट मृत्युलाई नियन्त्रण गर्ने, लाल लाल आँखा भएवाट अग्नितत्त्वात्मक, डरलाग्दो स्वरूप भएवाट ब्रह्मनिरूपण, हातमा धारण गरेको दण्डबाट राजदण्ड र कालपाशबाट कालरूपका यमराजरूप 'भ' कार भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

नीलोत्पललसन्निद्धः सवाहः पुष्टिदायकः ।
चतुर्भुजो भकारः स्यात्सविषोरगसंनिभः ।।

यस ध्यानवाट नीलकमलको जस्तो वर्ण भएको, हाँस माथि चढेको, चार हात भएको विषालु नाग जस्तो (प्रभावशाली) पुष्टि दिने 'भ' कारको स्वरूप ठ्हल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । नीलकमलको जस्तो वर्ण भएवाट निर्वाण रूप, हाँसमाथि चढेवाट जीवरूप, चार हात भएवाट चार आत्मारूप, विषालु नाग जस्तो (प्रभावशाली) भएवाट काललाई नियन्त्रण गर्ने र पुष्टि दिने 'भ' कारको स्वरूप ठ्हल्कन्छ ।

(इति तन्त्रान्तरवचनम्)

भाख्या तु श्यामला चेकवक्त्रा भद्रासने स्थिता ।
उद्यद्रविनिभा धत्ते शरचापवराभयान् ।।

यस ध्यानवाट उदाउन लागेको सूर्यको जस्तो कान्ति भएकी, एक मुख चार हात भएकी, हातमा वाण, धनु, वर र अभय धारण गरेकी, 'श्यामलादेवी' नाम भएकी 'भ' कारको स्वरूप ठ्हल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । उदाउन लागेको सूर्यको जस्तो कान्ति भएवाट अनुग्रहकला, चार हात भएवाट चार आत्मारूपिणी, हातमा धारण गरेको वाणवाट पापमोचनशक्ति, धनुवाट ज्ञान, वरवाट अभीष्टसिद्धि र अभयवाट डरनाशक शक्तिको श्यामला देवीको 'भ' कार स्वरूप भन्ने बुझिन्छ ।

(यस अक्षरको पुरुषसंहारात्मक अन्तर्लीनरूप र शक्ति अनुग्रहात्मरूप देखिएवाट श्रीमद्भगवद्गीतामा "वासांसि जीर्णानि

यथा विहाय" इत्यादि श्रीकृष्णको उक्तिलाई साकार गराउँछ ।)

(इति आगमान्तरवचनम्)

(म)

यो अक्षर आकाशात्मक भएकोले 'उत्तराम्नायात्मक' भन्ने सिद्ध हुन्छ । अतः यसको रंग छिरबिरे र स्वाद पीरो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वैन्दवाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्छ—

मकारं वृषभारूढं भस्मोद्धूलितधूसरम् ।
नीलकण्ठञ्च जटिलं सर्वनीतिकरं शिवम् ।।
पञ्चवक्त्रं दशभुजं त्रिशार्द्धं पिंगलोचनम् ।
खड्गाङ्कुशत्रिशूलानि पाशं डमरुकं तथा ।
कमण्डलुपद्ममुष्टचभयं पात्रं दधत् करैः ।।

यस ध्यानबाट साँढेमाथि बसेको, खरानी घसेर धूम्रवर्ण भएका, जटाधारी, नीलो घाँटी, भएका, पाँच मुख पन्ध्र आँखा र दश हात भएका, हातमा खड्ग, अंकुश, त्रिशूल, पाश, डमरु, कमण्डलु, कमलमुट्ठी, अभय र पात्र (खप्परु) धारण गरेका, सबै-माथि नीति गर्ने शिवस्वरूप 'म' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ, साँढेमाथि चढेबाट धर्मरूप, खरानी घसेर धूम्रवर्ण भएबाट आकाशतत्त्वात्मक, जटा धारण गरेबाट शिव (कल्याण) रूप, नीलो घाँटी भएबाट विश्व-रक्षकरूप पाँच मुख भएबाट पंचतत्त्वात्मक, पन्ध्र आँखा भएबाट तीन बिन्दुको संचालनबाट उत्पन्न भएको पन्ध्र तिथिरूप, दश हात भएबाट दश दिशारूप, हातमा धारण गरेको खड्गबाट विजय,

अंकुशबाट स्तम्भन, त्रिशूलबाट त्रिविधोत्पातकनाशक तत्त्व, पाशबाट वशीकरण, डमरुबाट नादब्रह्म, कमण्डलुबाट पवित्रता, कमलबाट ब्रह्माण्डरूप, मुट्ठीबाट प्रचुरता, अभयबाट निडर, पात्रबाट सत्त्वगुणका सबैलाई नीति गर्ने शिवरूपका 'म' कारस्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

मंडितो मुण्डमालाभिः शशिखण्डविराजितः ।
व्याप्तश्चतुर्भुजो धूम्रो मार्णः स्यात् मृगसंस्थितः ।।

यस ध्यानबाट घाँटीमा मुण्डमाला पहिरेको, शिरमा चन्द्रमा लगाएको, मृगमाथि चढेको, धुवाँसे वर्णको चार हात भएको व्यापक 'म' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । घाँटीमा मुण्डमाला पहिरेबाट ज्ञान, विवेक र बुद्धिरूप, शिरमा चन्द्रमा पहिरेबाट अमृतरूप, मृगमाथि चढेबाट मनोरूप, धुवाँसे वर्ण भएबाट आकाशात्मक रूप, चार हात भएबाट चार आत्मारूपका व्यापक रूपको 'म' कारको स्वरूप झल्कन्छ ।

(इति तन्त्रान्तरवचनम्)

यो विद्या श्यामला देवी ह्यस्था स्फटिकप्रभा ।
वीणाबादनतत्त्वज्ञा वराभयकराशुमा ।।

यस ध्यानबाट घोडामाथि चढेकी, स्फटिक जस्तो वर्ण भएकी, सितार वादनको तत्त्व जानेकी, वर र अभय धारण गरेकी विद्यारूपिणी 'श्यामलादेवी' रूप 'म' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । घोडामाथि बसेकी भन्नाले वेगरूपिणी, स्फटिक जस्तो वर्ण भएकीबाट स्वच्छता,

सितारवादनको तत्त्व जानेवाट नादब्रह्मतत्त्वात्मिका, हातमा धारण गरेको वरवाट अभीष्टसिद्धि र अभयबाट निडरस्वरूपकी विद्यारूपिणी 'श्यामलादेवी' नाम भएको 'म' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(य)

यो अक्षर वाग्वात्मक भएकोले पश्चिमाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग हरियो हुन्छ र स्वाद अमिलो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ—

यकारं संप्रवक्ष्यामि स्वयंवायुं व्यवस्थितम् ।
षड्भुजं[1] शतवक्त्रं च महाबलपराक्रमम् ।।
कुरंगासनमारूढं शुभ्राम्बरधरं तथा ।
मालां ध्वजं च पद्मं च तथैव च कमण्डलुम् ।।
अभयं कलशं चैव दधानं धूम्रवर्णकम् ।
सर्वे दोषाः शमं यान्ति सिंहदृष्टा यथा मृगाः ।।

यस ध्यानवाट मृगमाथि बसेका, ध्वाँसे वर्णका, सेतो वस्त्र पहिरेका, सय मुख छ हात भएका हातमा माला, ध्वजा, कमल, कमण्डलु, अभयमुद्रा र कलश धारण गरेका अतिशय बलिया, वायुरूप 'य' कारको स्वरूप फुल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । मृगमाथि चढेकोबाट मनरूप, ध्वाँसे वर्ण भएवाट वायुतत्त्वात्मक, सेतो वस्त्र

[1] दशवक्त्र इति पाठान्तरे

पहिरेबाट सुलभरूप, सय मुख भएवाट जगद्व्यापी, छ हात भएवाट षड्रसात्मक,हातमा लिएका मालावाट सांसारिक प्रपञ्चरूप, ध्वजावाट जगन्नायक, कमलवाट हृदय, कमण्डलुवाट पवित्रता, अभयमुद्राबाट निडर, कलशवाट श्रीस्वरूपका अतिशय वलिया वायुरूप 'य' कार भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

याख्येयं दीपिनी देवी सिंहस्थाष्टभुजा सिता ।
शूलचापेषुपाशासिखेटदानाभयान्विता ।।

यस ध्यानवाट सिंहमाथि वसेकी, आठ हात भएकी, हातमा शूल, धनु, वाण, पाश, तरवार, खेटक, वर र अभय धारण गरेकी 'दीपिनी' नाम गरेकी 'य' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ सिंहमा वसेवाट ज्ञानरूपिणी, आठ हात भएवाट अष्टसिद्धि, हातमा धारण गरेको शूलवाट हावाको वेग, धनुवाट वैराग्य, वाणवाट मोक्ष, पाशवाट वशीकरण, तरवारवाट विजय, खेटकवाट विद्वेषण, वरवाट अभीष्ट सिद्धि र अभयवाट डरनाशकशक्तिस्वरूपकी 'दीपिनी' नाम गरेकी 'य' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(र)

यो अक्षर तैजसात्मक भएकोले पूर्वाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग रातो र स्वाद तीतो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप त्रिकोणाकार (माथितिर चुच्चो

फर्केको) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ—

रकारंमग्निवर्णाभं रक्तकौशेयवाससम् ।
रक्तनेत्रं रक्तदंष्ट्रं रसनासप्तसंयुतम् ।।
चतुर्भुजं चतुर्वक्त्रं त्रिनेत्रं वह्निदैवतम् ।
मालां शक्तिं च सर्लपिं चाग्निकुण्डं करैर्धृतम् ।।
मेषारूढं महादीप्तकालाग्निरुद्रतेजसम् ।
प्रशामकं तद् दुष्टानां विषसुप्तप्रबोधकम् ।।

यस ध्यानबाट आगो जस्तो वर्ण भएका, रातो रेशमी पोशाक पहिरेका, रातो रातो तीन आँखा भएका, रातै दाँत भएका, सात वटा जिभ्रो भएका, चार मुख चार हात भएका, हातमा माला, शक्ति, सलपि र अग्निकुण्ड हातमा लिएका, भेंडामाथि चढेका, कालाग्निरुद्र ऊँ घपक्क वल्दो तेज भएका, दुष्टलाई नाश गर्ने र विषले लट्ठ भएकालाई विउँझाउने अग्निदेवतास्वरूप 'र' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ । आगो जस्तो वर्ण भएबाट प्रकाशरूप, रातो रेशमी पोशाक पहिरेबाट सौभाग्यरूप, रातो रातो तीन आँखा भएबाट पूर्वाम्नायात्मक तीन विन्दुरूप, रातो दाँत भएबाट रजोगुणात्मक, सात वटा जिभ्रो भएबाट "इ नी ख ह पी स्व र" यति सात रंगले युक्तरूप, चार मुख भएबाट चार वेदस्वरूप, चार हात भएबाट चार आत्मारूप, हातमा धारण गरेको मालाबाट संसारिक प्रपञ्चरूप, शक्तिबाट वर्कत, अग्निकुण्डबाट यज्ञरूप, भेंडामाथि चढेबाट मोहलाई दमन गर्ने तत्त्व, कालाग्निरुद्र ऊँ घपक्क वल्दो तेज भएबाट प्रलयाग्निरूपका अग्निदेवतास्वरूप 'र' कारको रूप भन्ने बुझिन्छ । यिनको मनन गर्नाले दुष्टहरू नाश

हुन्छन् र विषले लट्ठ भएकाहरू बिउँझने हुन्छन् ।

(इति तन्त्रचिन्तामणिवचनम्)

त्रिकुणाम्बुजमेषस्थो रार्णो वाहुचतुष्टयः ।

यस ध्यानवाट त्रिकोणरूपी कमल अर्थात् त्रिकोणमा भेंडामाथि वसेका, चार वाहु भएका 'र' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । त्रिकोणमाथि वसेवाट संवित्स्वरूप, भेंडामाथि वसेवाट मोहरूप, चार वाहु भएवाट चार आत्मास्वरूपका 'र' कारको रूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

रेफाख्या रेचिका श्यामा सिंहस्था लोहितांवरा ।
पंचास्याष्टकरैर्धत्ते दक्षवामकरेण सा ।
खड्गखेटांकुशगदापाशशूलवराभयान् ।।

यस ध्यानवाट श्याम वर्ण भएकी, रातो पोशाक पहिरेकी, सिंहमाथि चढेकी, पाँच मुख भएकी, आठ हात भएकी, दायाँ बायाँ क्रमले खड्ग, खेटक, अंकुश, गदा, पाश, शूल, वर र अभय धारण गरेकी 'रेचिका' नाम गरेकी शक्तिस्वरूप 'र' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ– श्याम वर्ण भएवाट अन्तर्लीन शक्ति, रातो पोशाक पहिरेवाट सौभाग्यशक्ति, सिंहमाथि चढेवाट राजसी शक्ति, पाँच मुख भएवाट पञ्चतत्त्वात्मिका, आठ हात भएवाट अष्टसिद्धि, हातमा धारण गरेको खड्गवाट विजय-शक्ति, खेटकवाट विद्वेषणशक्ति, अंकुशवाट स्तम्भनशक्ति, गदावाट

वीरत्वशक्ति, पाशबाट वशीकरणशक्ति, शूलबाट वायव्यताप, वरबाट अभीष्टसिद्धि र अभयबाट डरनाशकशक्तिस्वरूपकी 'रेचिका' नाम गरेकी शक्तिस्वरूप 'र' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ल)

यो अक्षर पृथ्व्यात्मक भएकोले अधराम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग पहेंलो हुन्छ र स्वाद गुलियो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप बैन्दवाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ—

लकारं पीतवर्णाभं देवराजं महाबलम् ।
ऐरावतसमारूढं चतुर्दोर्दण्डधारिणम् ।।
दधानं पारिजातं च छत्रं वज्रं च विद्युतम् ।
सहस्राक्षमिन्द्रदेवं नानाभरणभूषितम् ।।
चामरेण सुवर्णेन वीज्यमानं सुरासुरैः ।
मेरुपृष्ठे सुखासीनमप्सरोभिः सुसेवितम् ।।

यस ध्यानबाट पहेंलो वर्ण भएका ऐरावत हात्तीमाथि चढेका, ठूलो बल भएका, हजार आँखा र चार बाहु भएका, हातमा पारिजात, छत्र, वज्र र बिजुली धारण गरेका, अनेक गहना पहिरेका, देवताहरूले सुनको डाँठको चमरले हम्किइरहेका, सुमेरु पर्वतमाथि सुखासनमा रहेका, अप्सराबाट चाकरी गरिएका, देवताका राजा इन्द्रस्वरूप 'ल' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पहेंलो वर्ण भएबाट वैभवात्मक, ऐरावत हात्तीमाथि चढेबाट प्रभुत्वरूप, ठूलो

बल भएका भन्नाले सामर्थ्य, हजार आँखा भएबाट दिव्यदृष्टिरूप, चार बाहु भएवाट चार आत्मा, हातमा धारण गरेका पारिजातबाट सुखदु:खसमता, छत्रबाट राजस्व, बज्रबाट आग्नेयताप, बिजुलीबाट विद्युत्शक्ति, अनेक गहना पहिरेबाट राजचिह्न, देवताहरूले सुनको डाँठ भएको चमरले हम्किरहेबाट दिव्य रजोगुण, सुमेरु पर्वतमाथि सुखासनले रहेबाट दृढतारूप, अप्सराहरूबाट चाकरी गरिएबाट प्रपञ्चरूपका देवताहरूको राजा इन्द्रस्वरूपका 'ल' कार भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

चतुरस्रा ज्वलंतीन्द्रपृष्टो ना परिराजिता (?)।
चतुर्भुजा लकारस्य मूर्तिः स्याद् घुसृणप्रभा ।।

यस ध्यानबाट कुंकुम जस्तो वर्ण भएको, चार हात भएको चतुष्कोणाकार 'ल' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कुंकुम जस्तो वर्ण भएवाट सौभाग्यरूप, चार हात भएवाट चार आत्मारूप, चतुष्कोणाकारवाट विस्तारूपका 'ल' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

लात्मिकामोहिनी देवी स्वर्णाभा गजसंस्थिता ।
षड्भुजांकुशशूलासिफेटदानाभयान्विता ।।

यस ध्यानबाट सुनौला वर्ण भएकी, हात्तीमाथि चढेकी, छ हात भएकी, हातमा अंकुश, शूल, तरवार, ढाल, वर र अभय धारण गरेकी 'मोहिनी' नाम गरेकी देवीस्वरूप 'ल' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सुनौला वर्ण भएवाट वैभवरूपिणी, हात्तीमाथि चढेवाट प्रभुत्वरूपिणी, छ हात भएवाट षड्रसात्मिका, हातमा धारण गरेको अंकुशवाट स्तम्भनशक्ति, शूलवाट वायव्यताप, तरवारवाट विजयरूपिणी, वरवाट अभीष्ट-सिद्धि र अभयवाट डरनाशकशक्तिस्वरूपकी 'मोहिनी' नाम गरेकी शक्तिरूप 'ल' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(व)

यो अक्षर जलात्मक भएकोले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग अस्मानी र स्वाद टर्रो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्धचन्द्राकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

वकारं तुहिनाभासं मूषिकोपरि संस्थितम् ।
शुक्लवस्त्रधरं नित्यं सौम्यरूपं सुलोचनम् ।।
चतुर्वक्त्रं त्रिनयनं धवलं च चतुर्भुजम् ।
पाशाङ्कुशधनुर्वाणान् दधानं पुरुषं स्मरेत् ।
आप्यायनं च सर्वेषां विषाणां चैव नाशनम् ।।

यस ध्यानवाट हिउँ जस्तो आभास भएका, सेतो वर्ण भएका, मूसामाथि चढेका, सेतो वस्त्र पहिरेका, चार मुख, राम्रा राम्रा तीन आँखा भएका, सौम्य रूप भएका, चार हात भएका पाश, अंकुश, धनु र वाण धारण गरेका पुरुषरूपका 'व' कारको रूप बुझिन्छ । यिनलाई सम्झँदैमा सबैका विषहरूलाई पखालेर लैजान्छन् ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हिउँ जस्तो आभास भएवाट शीतल रूप, सेतो वर्ण भएवाट सत्त्वगुणात्मक, मूसामाथि चढेवाट सूक्ष्म प्रवेश तत्त्व, सेतो वस्त्र पहिरेवाट सुलभ तत्त्व, चार मुख भएवाट चार वेदरूप, राम्रा राम्रा तीन आँखा भएवाट तीन विन्द्वात्मक रूप, सौम्य रूप भएवाट सौम्य तत्त्व, चार हात भएवाट चार आत्मारूप, हातमा धारण गरिएको पाशवाट वशीकरण, अंकुशवाट स्तम्भन, धनुवाट ज्ञान, वाणवाट मोक्ष रूपका पुरुषरूप भन्ने बुझिन्छ । यिनको स्मरण गर्नाले सबै विषहरूलाई पखालेर लैजान्छन् भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

उद्भिन्नपद्ममध्यस्थो द्विभुजो वः सितः स्मृतः ।

यस ध्यानवाट फुलेको कमलमाथि वसेको, दुई हात भएको, सेतो वर्णको 'व' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ—फुलेको कमलमाथि वसेवाट हृदय-कमलमा वसेका, सेतो वर्ण भएवाट सत्त्वगुणात्मक 'व' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

वाख्या पारायणीदेवी स्फटिकाभारुणांशुका ।
स्फुटपद्मासना धत्ते पद्मद्वयवराभयान् ।।

यस ध्यानवाट स्फटिक झैं स्वच्छ र अरुण (रातो) वर्ण भएकी, फुलेको कमलमाथि वसेकी, दुई हातमा दुई कमल र दुई हातमा वर र अभय धारण गरेकी "पारायणी देवी" नाम गरेकी शक्तिरूप 'व' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । स्फटिक झैं स्वच्छ भएवाट निर्विकाररूपिणी, अरुण वर्ण भएवाट सौभाग्यवती, फुलेको कमलमाथि वसेबाट विश्वकी श्रीरूपिणी, दुई हातमा धारण गरिएका दुई कमलवाट परमैश्वर्यरूपिणी, एउटा हातमा धारण गरेको वरबाट अभीष्टसिद्धि र अर्कोमा धारण गरेको अभयवाट निडर-स्वरूपिणी 'पारायणी देवी' रूप 'व' कार भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(श)

यो अक्षर आकाशात्मक भएकोले उत्तराम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको रंग छिरविरे र स्वाद पीरो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप बैन्दवाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ—

शकारं सितपद्मस्थं शिखिवाहनसंस्थितम् ।
षड्वक्त्रं नेत्रयुगलं रक्तश्रीखण्डलेपितम् ।।
षड्भुजं दधतं हस्तैः शक्तिं सलपिमंकुशम् ।
पाशं कमण्डलुं रत्नं कुमाररूपधारिणम् ।
दर्शनात्तस्य नश्यन्ति महापातकराशयः ।।

यस ध्यानवाट रातो वर्ण भएका, श्रीखण्डचन्दन पहिरेका, सेतो कमलमा मुजूरमाथि वसेका, छ मुख, दुई आँखा र छ हात भएका, हातमा शक्ति, सलपि, अंकुश, पाश, कमण्डलु र रत्न धारण गरेका कुमारस्वरूप 'श' कारको रूप झल्कन्छ । यिनको दर्शनले ठूला ठूला पातकहरूको समूह नाश हुन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रातो वर्ण भएबाट

सौभाग्यरूप, श्रीखण्ड चन्दन पहिरेबाट सुगन्धरूप, सेतो कमलमा मुजूरमाथि वसेवाट प्रवृत्त्यात्मक सात्त्विक रूप, छ मुख भएवाट छ ऋतुरूप, दुई आँखा भएवाट दुई सूर्यचन्द्रात्मक तत्त्व, छ हात भएवाट षड्रसात्मक रूप, हातमा धारण गरेका शक्तिवाट बर्कत, अंकुशवाट स्तम्भन, पाशवाट वशीकरण, कमण्डलुबाट पवित्रता, रत्नवाट रक्षा-स्वरूप कुमारको 'श' कार रूप भन्ने बुझिन्छ । यिनको दर्शन गर्नाले ठूला ठूला पातकहरूको समूह नाश हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

करद्वयेऽब्जधृग्हंसवर्णः शः परिकीर्तितः ।

यस ध्यानवाट दुवै हातमा कमल लिएका, हाँसको जस्तो सेतो वर्ण भएका 'श' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । दुवै हातले लिएको कमल भन्नाले दाहिने हातको कमलले श्री र वायाँ हातको कमलवाट लक्ष्मी भन्ने बुझिन्छ । हाँसको जस्तो सेतो वर्ण भएवाट सात्त्विक विवेकरूपका 'श' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

शाख्या मंगलगौरी तु तप्तजाम्बूनदप्रभा ।
सहस्रपद्मपीठस्था दिव्याभरणभूषिता ।
चतुर्भुजा करैर्धत्ते पद्मद्वयवराभयान् ।।

यस ध्यानवाट सुनको जस्तो कान्ति भएकी, दिव्य गहना पहिरेकी, हजार पात भएको कमलमाथि वसेकी, चार बाहु भएकी, माथिल्ला दुई हातमा दुई कमल र तल्ला दुई हातमा वर

र अभय धारण गरेकी 'मंगला गौरी' नाम भएकी शक्तिरूप 'श' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सुनको जस्तो कान्ति भएबाट बहुतै उत्कृष्टरूपिणी हजार पात भएको कमलमाथि बसेबाट ब्रह्मरन्ध्रको सहस्रारमा बसेको भन्ने बुझिनाले स्वयंविवेक-रूपिणी भन्ने बुझिन्छ । चार बाहु भएबाट चार आत्मा, माथिल्ला दुई हातमा दुई कमल धारण गरेबाट परमैश्वर्यरूपिणी, एउटा हातमा धारण गरेको वरबाट अभीष्टसिद्धि र अर्कोमा धारण गरेको अभयबाट निडरस्वरूपिणी 'मंगला गौरी' नाम गरेकी शक्तिरूप 'श' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ष)

यो अक्षर वाग्वात्मक भएकोले पश्चिमाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग हरियो हुन्छ र स्वाद अमिलो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वृत्ताकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप बन्दछ—

षकारं षड्भुजं रौद्रं त्रिशीर्षं नवलोचनम् ।
त्रिपादं रक्तनेत्रं च ज्वलन्तमिव पावकम् ।।
पाशं च तोमरं चैव मुद्गरं च त्रिदण्डकम् ।
वरदं चाभयं चैव दधानं सौम्यरूपिणम् ।
भूतपृष्ठे समारूढं ध्यायेद्देवस्वरूपिणम् ।।

यस ध्यानबाट रौद्र रूपका, तीन शिर भएका, राता नौ आँखा भएका, तीन खुट्टा भएका, वलेको आगो जस्ता, छ हात

भएका, हातमा पाश, तोमर, मुद्गर, त्रिदण्ड, वर र अभय धारण गरेका सौम्यरूप भएर प्रेतको पिठ्यूँमाथि बसेका देवरूपी 'ष' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । रौद्ररूप भएबाट ब्रह्मसूचक, तीन शिर भएबाट तीन विन्द्वात्मक, राता राता नौ आँखा भएबाट रजोगुणात्मक अवस्थाका नौ आत्मा, तीन खुट्टा भएबाट तीन तत्त्वात्मक (आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्व) अग्नि झैं वलिरहेबाट प्रकाशरूप, छ हात भएबाट षड्सात्मक, हातमा धारण गरिएको पाशबाट वशीकरणतत्त्व, तोमरबाट प्रपञ्च-तत्त्व, मुद्गरबाट ज्ञानरूप, त्रिदण्डबाट त्रिविधपापनाशक, वरबाट अभीष्टसिद्धि र अभयबाट निडर तत्त्व, सौम्यरूप भएर प्रेतको पिठ्यूँमाथि बसेबाट शुद्ध चैतन्यरूपका देवरूप 'ष'कार भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

सहस्रमानः कृष्णाभो द्विभुजः कार्मणोथ षः

यस ध्यानबाट एक हजार योजन प्रमाणको, कालो वर्णको, दुई हात भएको, कर्मठ 'ष' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । एक हजार योजन प्रमाण भन्नाले यिनको स्मरण गर्नाले एक हजार योजन परसम्म यिनको प्रभाव पर्छ भन्ने बुझिन्छ । कालो वर्ण भएबाट अन्तर्लीन रूपमा कर्मठ 'ष' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

रक्ता षाख्या क्रियादेवी राजहंसवरस्थिता ।
पीताम्वरा करैर्धत्ते पद्मद्वयवराभयान् ।।

यस ध्यानवाट लाल वर्णकी, रजहाँसमाथि चढेकी, पहेंलो वस्त्र पहिरेकी, माथिल्ला दुई हातमा दुई कमल र तल्ला दुई हातमा वर अभय धारण गरेकी 'क्रिया' नाम गरेकी शक्तिरूप 'ष' कारको रूप ठुल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । लाल वर्ण भएवाट रजोगुणात्मिका, रजहाँसमाथि चढेवाट जीवरूपिणी, पहेंलो वस्त्र पहिरेबाट स्तम्भन शक्ति, माथिल्लो दुई हातमा दुई कमल धारण गरेवाट परमेश्वर्यरूपिणी, एउटा हातमा धारण गरेकी वरवाट अभीष्टसिद्धि र अर्को हातमा धारण गरेकी अभयवाट निडररूपिणी 'क्रिया' नाम गरेकी शक्तिरूप 'ष' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(स)

यो अक्षर जलात्मक भएकोले दक्षिणाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग अस्मानी र स्वाद टर्रो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप अर्धचन्द्राकार हुन्छ । यसको मंत्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ—

सकारं सर्वलोकेषु सर्वभूतेषु संस्थितम् ।
भूमिकीटपतंगेषु चिन्तयेदमृतोपमम् ।।
पीतमेतं देवरूपं वराभयकरं शुभम् ।

यस ध्यानवाट सबै लोकमा र सबै प्राणीमा व्याप्त भएका, अमृतरूप, पहेंलो वर्णका, वर र अभय हातमा धारण गरेका देवस्वरूप 'स' कारको रूप ठुल्कन्छ ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । सबै लोकमा र

सवै प्राणीमा व्याप्त भएका अमृतरूप भन्नाले निर्गुण ब्रह्म, पहेंलो वर्ण भन्नाले भोगात्मक तत्त्व र हातमा धारण गरेको वरवाट अभीष्टसिद्धि र अभयवाट निडर रूपका 'स' कार भन्ने बुझिन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

कोटिमानः सितः सः स्याद्धंसगो द्विभुजान्वितः ।

यस ध्यानवाट कोटियोजनप्रमाणको, सेतो वर्णको, दुई हात भएको हाँसमाथि वसेको 'स' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । कोटि योजन प्रमाण भन्नाले यिनको स्मरण गर्नाले कोटि योजनसम्म प्रभाव पर्छ भन्ने बुझिन्छ । सेतो वर्ण भएवाट सत्त्वगुणात्मक, हाँसमाथि चढेवाट जीवरूप 'स' कारको स्वरूप भन्ने बुझिन्छ ।

(इति तन्त्रान्तरवचनम्)

सिद्धक्रिया सकाराख्या सितांबुजनिवासिनी ।
पाटलाभाकरैर्धत्ते चिदंबुजवराभयान् ।।

यस ध्यानवाट सेतो कमलमा वसेकी, रातो वर्णकी, चार हात भएकी, हातमा चिन्मुद्रा, कमल, वर र अभय धारण गरेकी 'सिद्धक्रिया' नाम गरेकी, शक्तिरूप 'स' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो कमलमाथि वसेवाट बुद्धिविवेकरूप, रातो वर्णकी भएवाट सौभाग्यरूपिणी, चार हात भएवाट चार आत्मारूपिणी, हातमा धारण गरिएको

कमलबाट श्रीस्वरूपिणी, वरबाट अभीष्टसिद्धि, अभयबाट निडर-स्वरूपिणी, चिन्मुद्राबाट चैतन्यरूपिणी 'सिद्धक्रिया' नाम गरेकी 'स' कारको शक्तिरूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(ह)

यो अक्षर आकाशात्मक भएकोले उत्तराम्नायात्मक भन्ने सिद्ध हुन्छ । यसको रंग छिरबिरे र स्वाद पीरो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप वैन्दवाकार हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ—

हकारं नीलशून्याभं शब्दरूपं परात्परम् ।
सूक्ष्मं निरञ्जनं नित्यं शब्दातीतं परात्परम् ।।
भिन्नेन्द्रनीलसंकाशं कालिन्दीजलसन्निभम् ।
ध्यातं च नाशयत्येष विषं स्थावरजंगमम् ।।

यस ध्यानबाट समुद्र ऊँ नीलो वर्ण भएको, शून्याकार अर्थात् विन्दुस्वरूप, शब्दरूप, स्वरभन्दा पनि पर भएको सूक्ष्म, निरञ्जन, नित्य भन्नै नसकिने, परब्रह्मस्वरूप 'ह' कारको रूप झल्कन्छ । यिनको ध्यान गर्नाले स्थावर जंगमका विषयहरू नाश हुन्छन् ।

यसको सांकेतिकार्थमा पूर्वोक्त कुरावाट यो नादब्रह्म-रूप भन्ने बुझिन्छ । यिनको मनन गर्नाले स्थावरजंगम विषहरू नाश हुने हुन्छ ।

(इति तन्त्रचिन्तामणिवचनम्)

हार्णः श्वेतस्त्रिवाहुः स्याद् व्याप्तः शीतांशुशेखरः ।

यस ध्यानबाट सेतो वर्णको, तीन हात भएको, शिरमा

चन्द्रमा लगाएको व्यापक 'ह' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सेतो वर्ण भएवाट सत्त्वगुणात्मक, तीन हात भएवाट त्रिगुणात्मक रूप, शिरमा पहिरेको चन्द्रमावाट परमामृतरूपका व्यापक 'ह' कारको स्वरूप भन्ने बुझिन्छ । (इति तन्त्रान्तरवचनम्)

आध्यापिनी हकाराख्या मत्तमातंगवाहना ।
पाटलाभा करैर्धत्ते चिदंबुजवराभयान् ।।

यस ध्यानवाट मत्त हात्तीमाथि वसेकी, रातो वर्णकी, चार हात भएकी, हातमा चिन्मुद्रा, कमल, वर र अभय धारण गरेकी, 'आध्यापिनी' नाम गरेकी, 'ह' काररूपिणी शक्तिको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । मत्त हात्तीमाथि वसेवाट प्रभुत्वरूपिणी, रातो वर्ण भएवाट सौभाग्यरूपिणी, चार हात भएवाट चार आत्मारूपिणी, हातमा धारण गरेको चिन्मुद्रावाट चैतन्यरूपिणी, कमलवाट श्रीरूपिणी, वरवाट अभीष्टसिद्धि, अभयवाट निडरस्वरूपिणी 'आध्यापिनी' नाम गरेकी 'ह' काररूपिणी शक्ति भन्ने बुझिन्छ । (इति आगमान्तरवचनम्)

(ल)

यो अक्षर पृथ्व्यात्मक भएकोले अधराम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग पहेंलो र स्वाद गुलियो हुन्छ । स्वरोदयको मतअनुसार यसको यान्त्रिक रूप चतुरस्राकार हुन्छ ।

(यो दन्त्य 'ल' नभएर मूर्धन्य 'ल' भएकोले खालि तन्त्रमा मात्र प्रयोग हुन्छ । यो 'ल' को ध्यान तन्त्रान्तर र आगमान्तरको मात्र भेटिएकोले यी दुई ध्यानमात्रको वर्णन गरिएको छ)

यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्छ-

पाशाभयकरा लार्णमूर्तिः श्वेतागजस्थिता ।

यस ध्यानबाट पाश र अभय हातमा धारण गरेको सेतो वर्णको हात्तीमा चढेको 'ल' कारको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । हातमा धारण गरेको पाशबाट वशीकरणरूप, अभयबाट निडररूपका सेतो वर्ण भएबाट सत्त्वगुणात्मक हात्तीमा चढेबाट वैभवरूपका 'ल' कारको स्वरूप भन्ने बुझिन्छ । (इति तन्त्रान्तरवचनम्)

लो बंधमोचिनी देवी स्वर्णाभा गजसंस्थिता ।
षड्भुजांकुशशूलासिफेटदानाभयान्विता ।।

यस ध्यानबाट सुनको जस्तो वर्ण भएकी, हात्तीमा चढेकी, छ हात भएकी, हातमा अंकुश, शूल, तरवार, ढाल, वर र अभय धारण गरेकी बंधमोचिनी नाम भएकी शक्तिरूप 'ल' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । सुनको जस्तो वर्ण भएबाट सर्वशक्तिस्वरूपिणी, हात्तीमा चढेबाट जगन्नायिका, छ हात भएबाट षड्सात्मिका, हातमा धारण गरेकी अंकुशबाट आकर्षण, शूलबाट वायुको वेगरूपिणी, तरवारबाट विजय, ढालबाट रक्षा, वरबाट अभीष्टसिद्धि र अभयबाट डरनाशक बंधमोचिनी नाम गरेकी शक्तिस्वरूप 'ल' कारको रूप भन्ने बुझिन्छ ।

(इति आगमान्तरवचनम्)

(क्ष)

यो अक्षर तैजसात्मक भएकोले पूर्वाम्नायात्मक भन्ने सिद्ध हुन्छ । अतः यसको रंग रातो र स्वाद तीतो हुन्छ । स्वरोदयको मतानुसार यसको यान्त्रिक रूप त्रिकोणाकार (माथितिर चुच्चो फर्केको) हुन्छ । यसको मन्त्रार्थको रूपकालंकार भएर यस्तो रूप वन्दछ —

क्षकारं पठते यस्तु स्वयंभूवरुणात्मकम् ।

पद्मासनसमारूढं शशांकांकितशेखरम् ।।
जटामुकुटसन्नद्धं पञ्चवक्त्रं त्रिलोचनम् ।
अणिमाद्यष्टकप्रोक्तं सर्वायुधविभूषितम् ।।
दण्डं कंठाख्यमालां च गदां चक्रं त्रिशूलकम् ।
रत्नपात्रांकुशां खड्गं डिण्डिमं च कमण्डलुम् ।।
दधानं हस्तकमलैः सर्वत्रोपरि वारितम् ।
सर्वसिद्धिकरो ह्येष क्षकारः परिपठ्यताम् ।।
ब्रह्मविष्णुमहेशाद्या नित्यं ध्यायन्ति योगिनः ।
एतन्मत्रं वरं प्राप्य त्यजेदन्यत्पलालवत् ।।
नवतत्त्वसमायुक्तः क्षकारः परिपठ्यताम् ।
व्याधितस्करचोरेभ्यो बन्धने ग्रहसंकटे ।
जपन् स्मरन् तं ध्यायंश्च न भयं विन्दते क्वचित् ।।

यस ध्यानवाट पाँच मुख, तीन आँखा भएको, चन्द्रमाले युक्त भएको जटामुकुट धारण गरेको, अणिमादि आठ सिद्धिले युक्त भएको, नवतत्त्वले युक्त, हातमा दण्ड, कण्ठमाला, गदा, चक्र, त्रिशूल, रत्नपात्र, अंकुश, खड्ग, डिण्डिम (डमरु), कमण्डलु धारण गरेको, स्वयंभूवरुणस्वरूप 'क्ष' कारको रूप झल्कन्छ । ब्रह्मा, विष्णु, महेश्वर र योगीहरू सधैं यिनको ध्यान गर्दछन् । यिनको मनन गर्नाले चोट रोग वन्धन र ग्रहहरू नाश हुन्छन् ।

यसको संकेतिकार्थ यस प्रकार हुन्छ । पाँच मुख भएवाट पृथ्व्यादि पाँचतत्त्वात्मक, तीन आँखा भएवाट त्रिविन्द्वात्मक, चन्द्रमाले युक्त जटामुकुट धारण गरेवाट अमृतात्मक कल्याणरूप, अणिमादि आठ सिद्धिले युक्त भन्नाले अष्टसिद्धिरूप, नवतत्त्व अर्थात् नवनिधिले युक्त भएवाट नवनिधिरूप, हातमा धारण गरेको दण्डबाट वलरूप, कण्ठमालावाट स्वरवर्णात्मक रूप, गदावाट वैराग्य, चक्रबाट विश्व-चक्र, त्रिशूलबाट त्रिविधोत्पातकनाशक, रत्नबाट श्रीरूप, अंकुशवाट आकर्षण, खड्गवाट ज्ञान, डमरुवाट नाद, कमण्डलुवाट पवित्रता-

स्वयंभूस्वरूप वरुणरूपका 'क्ष' कार भन्ने बुझिन्छ । ब्रह्मा, विष्णु, योगीहरू सबैं यसको ध्यान गर्दछन् । यसको मनन गर्नाले उपर्युक्त रोगहरू अर्थात् चोट, वन्धन तथा सबै प्रकारका ग्रहहरू नाश हुन्छन् । (इति तन्त्रचिन्तामणिवचनम्)

भूविम्वशैलसंस्थः क्षो दशवाहुर्मणिप्रभः ।

यस ध्यानवाट भूमंडलको पहाडमाथि वसेको, दश हात भएको, मणि अर्थात् माणिकको ऊँ वर्ण भएको 'क्ष' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । भूमण्डलको पहाडमाथि वसेवाट स्थिर अथवा अचलरूप, दश हात भएवाट दशइन्द्रियरूप, मणि अर्थात् माणिकको ऊँ वर्ण भएवाट रजोगुणात्मक रूपको 'क्ष' कारको स्वरूप भन्ने बुझिन्छ । (इति तन्त्रान्तरवचनम्)

क्षो मायामालिनी देवी पंचाननधरा स्थिता ।
पंचास्या पाटला धत्ते खड्गशूलवराभयान् ।।

यस ध्यानवाट सिंहमाथि वसेकी, लाल वर्ण, पाँच मुख भएकी, चार वाहुमा खड्ग, शूल, वर र अभय धारण गरेकी 'मायामालिनी' नाम भएकी शक्तिस्वरूप 'क्ष' कारको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ । पाँच मुख भएका पुरुषमाथि वसेवाट पंचमहाभूतमा रहेकी, लाल वर्ण भएवाट सौभाग्यरूपिणी, पाँच मुख भएवाट पञ्चतन्मात्रास्वरूपिणी, चार हात भएवाट चार आत्मारूपिणी, हातमा धारण गरेको खड्ग वाट विजय, शूलवाट वायव्यताप, वरवाट अभीष्टसिद्धि र अभयवाट निडर स्वरूपकी 'मायामालिनी' नाम गरेकी शक्तिरूप 'क्ष' कार भन्ने बुझिन्छ । (इति आगमान्तरवचनम्)

इति पादिक्षान्तवर्णवर्णनन्नाम
पञ्चमः पटलः
इति मातृकाक्षररहस्यः
समाप्तः

प्रज्ञा–मुद्रण, कमलादी, काठमाडौं । फो. नं. ११२८३